मिति २०७७/०८/२६ गतेको मा. मन्त्रीस्तर निर्णयबाट स्वीकृत

# सामाजिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन

## आर्थिक वर्ष २०७७/७८

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

प्रदेश सरकार

लुम्बिनी प्रदेश

सामाजिक विकास मन्त्रालय

२०७७

# सामाजिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन

सामाजिक विकास मन्त्रालय र मातहतका निर्देशनालय तथा सामाजिक विकास डिभिजन कार्यालयबाट आर्थिक वर्ष २०७७/७८ मा सञ्चालन हुने बजेट उप-शिर्षक नं ३५०००० १३ बाल अधिकार तथा सामाजिक न्याय कार्यक्रम र बजेट उप शीर्षक नं ३५०००० १५ लैंगिक सशक्तीकरण तथा मूलप्रवाहीकरण कार्यक्रमहरुको पारदर्शी, मितव्ययी, प्रभावकारी र व्यवस्थित सञ्चालन तथा सहजीकरणका लागि यो कार्यक्रम सञ्चालन मार्गदर्शन तयार गरिएको छ।

सामाजिक विकास मन्त्रालयबाट स्वीकृत मितिः मंसिर, २०७७


प्रदेश सरकार

लुम्बिनी प्रदेश

सामाजिक विकास मन्त्रालय

सामाजिक विकास महाशाखा

बुटवल,

फोनः ०७१-५५०६५०

Email: mosdfive@gmail.com, info.mosd@p5.gov.np

Website: www.mosd.p5.gov.np


सामाजिक विकास मन्त्री

# विषय-सूची

कार्यक्रमको अवधारणा पत्रको खाका ............ १
कार्य शर्तको मोटमोटी खाका ............ ५
कार्यक्रम सञ्चालनका मार्गदर्शन ............ ६
वालअधिकार तथा सामाजिक न्याय कार्यक्रम ............ ९
पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु ............ ९
साझेदारीमा प्रदेश स्तरीय सुविधा सम्पन्न अपाङ्गता नागरिक ग्राम निर्माण (वहुवर्षीय) ............ ९
साझेदारीमा प्रदेश स्तरीय सुविधा सम्पन्न ज्येष्ठ नागरिक ग्राम निर्माण ( बहुवर्षीय ) ............ ११
प्रदेश स्तरीय बाल संरक्षण गृह निर्माण ( मास्टर प्लान सहितको डि.पि.आर. निर्माण) ............ १३
चालु खर्च अन्तर्गतका कार्यक्रमहरु ............ १४
लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका लागि १ महिने सीप विकास तालिम सञ्चालन ............ १४
अपांगता भएका व्यक्तिहरुलाई १ महिने सीपमूलक तालिम ............ १६
प्रदेश जिल्ला बालक्लब सञ्जालका पदाधिकारीहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी २ दिने तालिम ............ १७
प्रादेशिक बालक्लब सञ्जालको चौमासिक बैठक ............ १९
अन्तर-प्रदेश अध्ययन अवलोकन भ्रमण ............ २०
अपाङ्गता भएका व्यक्तिहरुबाट उत्पादित वस्तु तथा सामग्रीको विक्री केन्द्र स्थापना र सञ्चालन.. २२
ज्येष्ठ नागरिक देश दर्शन कार्यक्रम ............ २४
आपतकालिन बाल उद्धार सहायता ............ २६
प्रदेश तथा जिल्ला बालअधिकार समितिको बैठक सञ्चालन तथा व्यवस्थापन ............ २७
बालश्रम, बाल दुर्व्यवहार र बालविवाह विरुद्धको सामाजिक परिचालन कार्यक्रम ............ २९
बाल हेल्प लाइन स्थापना तथा सञ्चालन अनुदान ............ ३१
बाल उद्धार कोष ............ ३२

सुदर्शन वराल
सामाजिक विकास

सार्वजनिक सेवा / सरकारी सेवामा कार्यरत कर्मचारीहरुका लागि प्रदेश स्तरीय शिशु स्याहार केन्द्रको स्थापना र सञ्चालन........ ३४

महिला, अपाङ्गता भएका व्यक्ति, बृद्धाश्रममा आश्रित ज्येष्ठ नागरिकहरुको अवस्था अध्ययन, विश्लेक्षण र प्रतिबेदन........ ३६

पिछडा वर्गलाई सीपमूलक तालिम सञ्चालन चालु अनुदान........ ३८

अपाङ्गता भएका व्यक्तिहरुको लागि पुनर्स्थापना केन्द्र सञ्चालन अनुदान........ ४०

दोभाषे तालिमका लागि बहिरा तथा सुस्त श्रवण संघलाई चालु अनुदान........ ४१

सुस्त-मनस्थिति बालमन्दिर बुटवललाई विशेष खेलकुद कार्यक्रम सञ्चालन अनुदान........ ४३

सडक बालबालिकाहरुको उद्धारका लागि संघसंस्थाहरुलाई अनुदान कार्यक्रम........ ४४

वृद्धाश्रमलाई चालु अनुदान........ ४६

सि. वि. आर. कार्यक्रम सञ्चालनको लागि सि.वि.आर.संस्था अनुदान कार्यक्रम........ ४७

वृद्धाश्रमलाई पूँजीगत अनुदान........ ४९

बाल मन्दिर, बालसंरक्षण गृह, बाल कल्याण गृहको पूर्वाधार निर्माण, फर्निचर तथा मर्मत सुधार . ५१

अपांगता सहायता सामाग्रीहरु निःशुल्क वितरण (आशा अपाङ्ग केन्द्र गुल्मी र अपाङ्ग सशक्तिकरण केन्द्र (DEC) बाँके )........ ५३

लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम........ ५५

पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु........ ५५

लैङ्गिक हिंसा प्रभावितका लागि प्रदेश स्तरीय दीर्घकालिन पुनर्स्थापना गृह निर्माण........ ५५

(डि.पि.आर. निर्माण समेत )........ ५५

स्थानीय तहका सामाजिक विकास शाखाका कर्मचारीहरुको क्षमता विकास तालिम........ ५६

चालु खर्च अन्तर्गतका कार्यक्रमहरु........ ५६

एकल महिलाका लागि ३ महिने प्रदेश स्तरीय उद्यमशीलता तथा सीप विकास तालिम........ ५८

दलित अति विपन्न समुदायका महिलाका लागि आयआर्जन तथा जीविकोपार्जन तालिम (३ महिने)६०

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

अनौपचारिक तथा औपचारिक क्षेत्रका महिला कामदारको सीप स्तरोन्नती ........................ ६२

महिला खेलकुद (कराँते, तेक्वान्दो, बक्सिङ् आदि) तालिम ३ महिने ........................ ६४

महिलाहरुका लागि सीप विकास तालिम ३ महिने जिल्लास्तर ........................ ६६

महिला, बालबालिका,ज्येष्ठ नागरिक, अपाङ्गता, जनजाति, दलित आदिसँग गोष्ठी, अन्तर्क्रिया तथा कानूनी अभिमूखीकरण कार्यक्रम ........................ ६७

लैङ्गिक सम्पर्क व्यक्तिको चौमासिक अन्तरक्रिया जिल्लास्तर ........................ ६९

दिवसीय कार्यक्रम तथा अभियान कार्यक्रम ........................ ७०

सुचना, शिक्षा, सञ्चार प्रदेश स्तर ........................ ७२

सुचना, शिक्षा, सञ्चार जिल्ला स्तर ........................ ७३

महिलाद्धारा  उत्पादित सामाग्रीको बजार प्रबर्धन कार्यक्रम ........................ ७५

सिमावर्ती क्षेत्रका मधेशी, दलित तथा मुस्लिम महिलाहरुलाई आर्थिक सामाजिक सशक्तिकरणका लागि सामाजिक परिचालन कार्यक्रम ........................ ७६

उत्कृष्ट महिला सहकारी संस्था पुरस्कार कार्यक्रम ........................ ७८

मानव बेचबिखन तथा लैङ्गिक हिंसा प्रभावितका लागि सञ्चालित सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रमा रहेका महिलाहरुको अवस्था अध्ययन, विश्लेषण र प्रतिबेदन ........................ ८०

मानव बेचविखन तथा ओसारपसार विरुद्धको अभियान ........................ ८१

मानव बेचविखन तथा ओसारपसार प्रभावितका लागि सञ्चालित पुनस्थापना केन्द्र सञ्चालन अनुदान ........................ ८३

लैङ्गिक हिंसा / घरेलु हिंसा प्रभावितका लागि सञ्चालित जिल्ला सेवा केन्द्र, सामुदायिक सेवा केन्द्र सञ्चालन अनुदान ........................ ८५

अनुसूची १ ........................ ८८

सामाजिक विकास महाशाखाबाट सञ्चालन हुने कार्यक्रमहरू ........................ ८८

अनुसूची २ ........................ ९०

सामाजिक विकास डिभिजन कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरु ........................ ९०

सुदर्शन क्वाल
सामाजिक विकास मन्त्री

अनुसूची –३ ........................................................................................................ १०७

दिवसीय तथा अभियान कार्यक्रमको सूची ........................................................................ १०७

# कार्यक्रमको अवधारणा पत्रको खाका

## १. आयोजनाको संक्षिप्त परिचय

| | |
|---|---|
| क. आयोजनाको नाम (Project Name) | |
| ख. आयोजनाको खर्च सङ्केत (Project Expenditure Code) | |
| ग. आयोजनाको औचित्य (Project Rationale) | |
| घ. आयोजनाको कूल बजेट (Project Budget) | |
| ङ. आयोजना रहने स्थान (Project Location) | |
| च. आयोजनाको मुख्य उदेश्य (Project Objectives) | |
| छ. आयोजनाको अपेक्षित प्रतिफल (Project Outputs) | |
| ज. आयोजनाको अपेक्षित नतिजा (Project Outcomes) | |
| झ. आयोजनाका लाभग्राही (Project Beneficiaries) | |
| ञ. आयोजना कार्यान्वयन गर्ने निकाय (Implementing Agencies) | |

## २. आयोजनाको बजेट खर्चको बाँडफाँट

| जनशक्तिको खर्च (Expenditures on Human Resources) | | | |
|---|---|---|---|
| जनशक्ति विवरण (Description) | एकाई (Unit) संख्या | दर (Rate) | रकम (Amount) |
| क. | | | |
| ख. | | | |
| ग. | | | |
| घ. | | | |
| ङ. | | | |
| सामाग्री ( Expenditures onGoods) | | | |
| विवरण (Description | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| क. | | | |
| ख. | | | |
| ग. | | | |
| घ. | | | |
| ङ. | | | |
| च. | | | |

| निर्माण खर्च (Construction Cost) | | | |
|---|---|---|---|
| विवरण(Description | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| क. | | | |
| ख. | | | |
| ग. | | | |
| घ. | | | |
| ङ. | | | |
| तालिम खर्च (Training Cost) | | | |
| विवरण (Description | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| क. | | | |
| ख. | | | |
| ग. | | | |
| घ. | | | |
| ङ. | | | |
| परामर्श खर्च (Consultancy Cost) | | | |
| विवरण (Description | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| क. | | | |
| ख. | | | |
| ग. | | | |
| घ. | | | |
| ङ. | | | |
| अनुगमन खर्च ( Monitoring Cost) | | | |
| विवरण (Description | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| क. | | | |
| ख. | | | |
| ग. | | | |
| घ. | | | |
| ङ. | | | |
| कार्यक्रमसँग सम्बन्धीत खर्च मात्र समावेश गर्नु पर्दछ। जस्तै निर्माण कार्यमा तालिम खर्च नहुन सक्छ | | | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

३. आयोजनाको अनुगमन तथा मूल्याङ्कन तालिका

| विवरण | समय तालिका | पटक | अनुगमनमा संलग्न जनशक्ति | |
|---|---|---|---|---|
| | | | विवरण | संख्या |
| क. सम्भाव्यताको लागि स्थलगत भ्रमण | | १ | | |
| ख. लागत अनुमान तयार पार्न स्थलगत अनुगमन | | १ | | |
| ग. प्रगति अनुगमन | | | | |
| घ. जाँचपासको लागि स्थलगत भ्रमण | | | | |
| ङ. सार्वजनिक परीक्षणको स्थलगत भ्रमण | | १ | | |
| च. आयोजना हस्तान्तरणमा भ्रमण | | १ | | |
| छ. प्रगति समीक्षा | | १ | | |

४. आयोजनाको कार्यान्वयन तालिका

| क्रियाकलाप | समय | जिम्मेवारी | प्रतिफल |
|---|---|---|---|
| क. अवधारणा पत्र तयार | | | अवधारणा पत्र |
| ख. लागत अनुमान तयार पार्ने | | | लागत अनुमान |
| ग. परामर्श सेवा भए कार्य शर्त (ToR) र Request for proposal (RFP) तयार गर्ने | | | TOR and RFP |
| घ. तालिम कार्य भए तालिम योजना तयार पार्ने | | | Training Plan |
| ङ. सामग्री खरिद भए स्पेसिफिकेशन सहित बिड डकुमेन्ट तयार गर्ने | | | Specification and bid document |
| च. निर्माण कार्य भए स्पेसिफिकेसन, Drawinng, design, Bid Document तयार गर्ने | | | Bid document with specification, drawing and design |
| छ. सूचना वा प्रस्ताव आव्हान | | | |
| ज. प्रस्तावको मूल्यांकन | | | Evaluation |
| झ. सम्झौता समय | | | Agreement |
| ञ. कार्यान्वयन | | | Implementation |

सुदर्शन बराल
... विकास मन्त्री

| | | | |
|---|---|---|---|
| ट. जाँचपास | | | Technical Examination |
| ठ. सार्वजनिक परीक्षण | | | Public Audit |
| ड. फरफारक | | | Clearance |

५. आयोजना जोखिमको लेखाजोखा

| सम्भावित जोखिम (Potential Risks) | जोखिमबाट आउन सक्ने परिणाम (Consequences) | जोखिम न्यूनीकरणको रणणनीति (Risks Reduction Strategy) |
|---|---|---|
| क. | | |
| ख. | | |
| ग. | | |
| घ. | | |
| ङ. | | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# कार्य शर्तको मोटमोटी खाका

१. परिचय (Introduction)

२. अध्ययनको उदेश्य (Study Objectives)

३. अध्यनको अपेक्षित नतिजा (Expected Outputs)

४. अध्ययनको कार्य क्षेत्र (Scope of Work)

५. अध्ययन विधि (Methodology)

६. अध्ययनमा संलग्न जनशक्तिको विवरण, संख्या र निजहरुको योग्यता

७. अध्ययन प्रतिवेदनको भाषा र संख्या (Language of work)

८. अध्ययनको व्यवस्थापनको जिम्मेवारी (Responsible Unit)

९. लागत अनुमान (Cost Breakdown)

१०. परामर्श दाता छनौटको मूल्यांकनको आधार (खरिद ऐन अनुसार)

११. परामर्शदाताले पेश गर्नु पर्ने दस्तावेजहरु (Documents to be submitted)

१२. अनुगमन तथा मूल्यांकन (Monitoring and Evaluation)

१३. परामर्शदाताको समय तालिका (Time Schedule)

१४. भुक्तानीको किस्ता तरिका (Payment and Instalment)

१५. प्रतिवेदनको पुनरावलोकन (Review of Report)

१६. परामर्शदाताले पालन गर्नु पर्ने अन्य शर्तहरु

१७. अनुसूचीहरु (Annexes)

क. प्रतिवेदनको ढाँचा (Format of Report)

ख. आर्थिक प्रस्तावको ढाँचा (Financial Proposal Format)

ग. प्राविधिक प्रस्तावको ढाँचा (Technical Proposal Format)

घ. परामर्शदाताको विज्ञ टोलिको व्यक्तिगत विवरणको ढाँचा (Format of Bio-data)

सुदर्शन दराल
सामाजिक विकास मन्त्री

# कार्यक्रम सञ्चालनका मार्गदर्शन

बार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्दा कार्यालय प्रमुख, संस्था प्रमुख, लेखा प्रमुख,कार्यक्रम संयोजक लगायत कार्यक्रममा संलग्न कर्मचारी तथा निकायहरुले ध्यान दिनुपर्ने महत्वपूर्ण विषयहरु देहाय बमोजिम रहेका छन्-ः

१. यो मार्गदर्शन सामाजिक विकास मन्त्रालय र मातहतका निकायबाट आर्थिक वर्ष २०७७/७८ मा सञ्चालन गर्ने कार्यक्रमको कार्यान्वयन सहजीकरणका निमित्त तयार गरिएको छ।

२. यो मार्गदर्शन र कार्यक्रम सञ्चालनसँग सम्बन्धित प्रचलित कानून वाझिएमा प्रचलित कानून अनुसार नै कार्यसम्पादन गर्नुपर्नेछ।

३. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व प्रचलित कानून र यस मार्गदर्शनलाई राम्ररी अध्ययन गर्नुपर्दछ।

४. यसमार्गदर्शनमा उल्लेखित विषयहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सामाजिक विकास महाशाखाको हकमा महाशाखा प्रमुख, निर्देशनालयको हकमा शिक्षा तथा सामाजिक विकास निर्देशनालयका प्रमुख र सामाजिक विकास डिभिजन कार्यालयको हकमा उक्त कार्यालयको प्रमुखको हुनेछ।

५. कार्यक्रम सञ्चालन गर्नु पूर्व प्रचलित कानूनको प्रावधान अनुकुल हुने गरी कार्यक्रमको उद्देश्य, कार्यक्रम सञ्चालन प्रकृया, कार्यक्रममा लाग्ने अनुमानित खर्च बाँडफाँड, कार्यक्रमका सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति आदि उल्लेख गरिएको कार्यक्रमको रुपरेखा तथा अवधारणा (Detail Program Framework and Concept) संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट (टिप्पणी आदेशबाट) स्वीकृत गराई कार्यक्रम सञ्चालन गराउनु पर्दछ।

६. स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही सार्वजानिक खरिद ऐन, २०६३; सार्वजानिक खरिद नियमावली (संशोधन २०७५ समेत) २०६४; लुम्बिनी प्रदेश आर्थिक ऐन, २०७५; लुम्बिनी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५; प्रदेश सार्वजनिक खरिद सम्बन्धी खरिद नियमावली, २०७६; अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५; नेपाल सरकारको भ्रमण खर्च नियमावली २०६४; बमोजिम बाँडफाँड गरी स्वीकृत गराई मितव्ययी, पारदर्शी तथा दक्षतापूर्वक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

७. कार्यक्रम सञ्चालनको अवधिमा कार्यक्रम सञ्चालनसँग सम्बन्धीत कुनै ऐन,नियमावली, कार्यविधि, निर्देशिका संशोधन भएमा संशोधन भएको प्रावधान अनुसार गर्नुपर्दछ।

८. यस मार्गदर्शनमा उल्लेखित वार्षिक कार्यक्रमको सञ्चालन गर्दा प्रदेश सरकार, लुम्बिनी प्रदेशको सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, कार्य सञ्चालन निर्देशिका, भ्रमण खर्च



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

नियमावली, आर्थिक ऐन, आर्थिक कार्यविधि नियमावली र खर्च सम्बन्धी अन्य निर्देशिका वा कार्यविधि स्वीकृत भए पश्चात सोही वमोजिम खर्च बाँडफाँड गरी कार्य सञ्चालन गर्नुपर्नेछ।

९. कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिक रुपमा सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखामा पठाउनुपर्नेछ। सामाजिक विकास डिभिजन कार्यालयले तालुकको निर्देशनालयको साथै मन्त्रालयमा समेत पठाउनु पर्नेछ।

१०. कार्यक्रमहरु सञ्चालन गर्दा नतिजामूलक अवधारणा(Result Framework), स्वीकृत कार्ययोजना, समयसारिणी र स्वीकृत खरिद योजना अनुसार गर्नुपर्नेछ। कुनै संघ संस्थाबाट कार्यक्रम सञ्चालन गर्दा सो कार्यक्रमको गुणस्तर कायम गर्ने, कार्यक्रमको विधि र प्रक्रिया पूरा गर्ने र सार्वजनिक लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धीत संघ संस्थाको हुनेछ।

११. तालिमहरु सञ्चालन गर्दा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्डको सीमाभित्र रही सञ्चालन गर्नुपर्नेछ।

१२. प्रदेश विनियोजन ऐन अनुसार हुने गरी आवश्यकता र औचित्यका आधारमा स्थानीय तह मार्फत सञ्चालन गर्न सकिने कार्यक्रमहरु स्थानीय तहलाई अख्तियारी प्रदान गरी कार्यक्रमको कार्यान्वयन गर्न सकिनेछ।

१३. संघ संस्थामार्फत सञ्चालन भएका कार्यक्रमहरुको सार्वजनिक परीक्षण गराएर मात्र फरफारक गराउने व्यबस्था मिलाउनु पर्नेछ।

१४. भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा राष्ट्रिय भवन संहिता २०६०, नेपाल सरकारबाट स्वीकृत सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड , २०७२ पालना गर्नुपर्नेछ।

१५. भौतिक संरचना निर्माण गर्दा भवन ऐन,२०५५ ले निर्धारण गरेको योग्यता पुगेको प्राविधिकबाट लागत अनुमान, डिजायन, स्पेसिफिकेशन तयार गर्नुपर्नेछ।

१६. परामर्शदाताबाट भएको अध्ययन सम्बन्धी कार्यको परामर्शदातालाई अध्ययन प्रतिवेदन प्रस्तुत गर्न लगाइ तोकिएको कार्यशर्त अनुसार कार्य भए नभएको सुनिश्चतता गर्नुपर्नेछ।

१७. कार्यक्रमको खर्च गर्दा महालेखा नियन्त्रकको कार्यालयको खर्च संकेतको व्याख्यालाई आधार मानी खर्च गर्नु पर्नेछ।

१८. तालिम कार्यक्रमको तालिम योजना तथा तालिम पाठ्यक्रम समेत तयार पार्नु पर्नेछ

१९. खरिद कार्य स्वीकृत वार्षिक खरिद योजना अनुसार गर्नुपर्नेछ। बहुवर्षीय योजनको हकमा मन्त्रालयले बहुवर्षीय खरिद योजना स्वीकृत गराउनु पर्नेछ।

२०. कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकार तथा प्रदेश सरकारले स्वीकृत गरेको कार्यक्रम सँग सम्बन्धित कुनै नीतिगत तथा कानूनी व्यवस्था भए सो को पालना गर्नुपर्नेछ।

सामाजिक विकास मन्त्री

# एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या
## २०७४
(दोस्रो परिमार्जन)



नेपाल सरकार
अर्थ मन्त्रालय

**महालेखा नियन्त्रक कार्यालय**

अनामनगर, काठमाण्डौं
www.fcgo.gov.np
info@fcgo.gov.np

सामाजिक विकास मन्त्री

# वालअधिकार तथा सामाजिक न्याय कार्यक्रम

## पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु

## साझेदारीमा प्रदेश स्तरीय सुविधा सम्पन्न अपाङ्गता नागरिक ग्राम निर्माण (वहुवर्षीय)

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| ३१११२ | पटक | १ | ५००० | | | | सैनामैना न.पा. |
| भवन निर्माण | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचयः** अशक्तताको गाम्भीर्यताका आधारमा अपाङ्गताको वर्गीकरण ४ किसिमले गरिएको छ। जसमा सामान्य अपाङ्गता, मध्यम अपाङ्गता, अति अशक्त अपाङ्गता र पूर्ण अशक्त अपाङ्गता पर्दछन्। पूर्ण र अति अशक्त अपाङ्गताभएका व्यक्तिहरुलाई त्यस्ता व्यक्तिको शारीरिक वा मानसिक प्रणालीमा भएको कार्यगत विचलनका कारण अरुको सहारा लिएर दैनिक जीवन चलाउनु पर्ने हुन्छ। हाम्रो समाजमा पारिवारिक बोझको रुपमा लिने र कतिपय अवस्थामा सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिहरुलाई अवहेलना, तिरस्कार र हेला गरी खुला आकाशमुनि सडकमा जीवन बिताउन बाध्य हुनुपर्ने अवस्था छ भने कतिपय अवस्थामा बुवा आमा संरक्षक वा कोही आफन्त समेत नभइ मागेर जीवन बिताउनु पर्ने अवस्था देखिन्छ। त्यस्ता अति अशक्त तथा पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुको उपयुक्त संरक्षण गर्नु पनि प्रदेश सरकारको दायित्व हो। त्यसका साथै कतिपय हाम्रा सामाजिक संरचनाहरु पनि अपाङ्गतामैत्री छैनन र अपाङ्गता भएका व्यक्तिकोलागि आयआर्जनका अवसरहरु समेत कम भएको कारण मनोबल कमजोर भई जीवनयापन गरिरहेको अवस्था छ। तसर्थ अपाङ्गता भएका नागरिकहरुको संरक्षण, स्वास्थ्य तथा हेरचाहको सुविधा र जीविकोपार्जनमा सहजीकरणका लागि अपाङ्गता मैत्री भवन आवश्यक भएकोले संघीय सरकारको राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत संघ, प्रदेश सरकार र स्थानीय तहको समन्वय, सहकार्य र साझेदारीमा प्रदेश सरकारले निर्माण गर्ने गरी विगत आ.व. ०७५।७६ देखि शुरुगरेको यस योजनाको डि.पि.आर. समेत तयार भईसकेको र सो आयोजनालाई प्रदेश गौरवको



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

आयोजना र बहुवर्षिय आयोजनाको रुपमा प्रदेश पूर्वाधार विकास प्राधिकरणबाट निर्माण गर्ने प्रस्ताव गरी प्रदेश सामाजिक विकास मन्त्रालयले यो कार्यक्रम तय गरेको छ।

३. **कार्यक्रमको उद्देश्यः** पूर्णरुपमा वा अति अशक्त अपाङ्गता भई वेवारीसे अवस्थामा रहेका वा परिवारबाट परित्यक्त अपाङ्गता व्यक्तिहरुको संरक्षणका लागि साझेदारीमा प्रदेश स्तरीय अपाङ्गता नागरिक ग्राम निर्माण गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. सामाजिक विकास मन्त्रालयले यस आयोजनालाई वहुवर्षिय र प्रदेश गौरवको आयोजनामा समावेश गर्नका लागि प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेशमा सहमतीका लागि पठाउने।

ख. प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेशबाट सहमती प्राप्त भए पश्चात प्रस्ताव तयार गरी प्रदेश सरकार मन्त्रिपरिषदमा प्रदेश गौरवको आयोजनामा समावेश गर्ने निर्णयका लागि पेश गर्ने।

ग. प्रदेश सरकारको निर्णय बमोजिम सैनामैना नगरपालिकाको सहयोगमा तयार भएको DPR बमोजिम भौतिक पूर्वाधार विकास मन्त्रालयबाट प्रचलित कानून अनुसार चालु आर्थिक वर्षमा जेष्ठ नागरिक ग्रामको पूर्वाधारको निर्माण कार्य प्रारम्भ गर्ने।

घ. प्रदेश सरकारको मात्र बजेट अप्रयाप्त हुने भएकोले संघीय सरकारबाट समेत बजेटको लागि पहल गर्ने।

ङ. भौतिक पूर्वाधार विकास मन्त्रालयबाट सो कार्यक्रम कार्यान्वयन हुन नसकेमा यसको कार्यान्वयन प्रदेश सरकारको निर्णय गरी प्रदेश पूर्वाधार विकास प्राधिकरण मार्फत कार्यान्वयन गर्ने।

च. कार्यक्रम बोलपत्र आव्ह्यानबाट कार्यन्वयन हुनेछ।

५. **कार्यक्रम सञ्चालन स्थान :** सैनामैना नगरपालिका वडा नं. १ वनकटवा।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय :** प्रदेश पूर्वाधार विकास प्राधिकरण/भौतिक पूर्वाधार विकास मन्त्रालय वा सामाजिक विकास मन्त्रालय।

७. **बजेट खर्च तथा वित्तीय व्यवस्थापनः** स्वीकृत बजेटको तथा कार्यक्रमको परिधिभित्र सार्वजनिक खरिद ऐन तथा नियमावली, प्रदेश सरकारको निर्णय, प्रदेश सरकारबाट स्वीकृत यस सम्बन्धी कानूनहरु तथा सामाजिक विकास मन्त्रालयबाट जारी भएका कार्यविधि वा निर्देशिका तथा कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धिः** पूर्ण, अति अशक्त, अनाथ,असहाय र परित्यक्त अवस्थामा रहेका अपाङ्गता भएका नागरिकहरुका लागि उचित संरक्षण र सहज जीवनयापनको लागि सहज व्यवस्था भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकायः** प्रदेश सरकार,प्रदेश योजना आयोग, सामाजिक विकास मन्त्रालय, प्रदेश पूर्वाधार विकास प्राधिकरण र सम्बन्धित अन्य निकाय।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली:** प्रदेश पूर्वाधार विकास प्राधिकरणले प्रदेश सरकारलाई / भौतिक पूर्वाधार विकास मन्त्रालयले सामाजिक विकास मन्त्रालयमा प्रतिबेदन पेश गर्नुपर्नेछ। उक्त प्रतिबेदन मन्त्रालयको चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

## साझेदारीमा प्रदेश स्तरीय सुविधा सम्पन्न ज्येष्ठ नागरिक ग्राम निर्माण ( बहुवर्षीय )

१. **कार्यक्रमको विवरण**

(बजेट रु हजारमा)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्बितीय चौमासिक | तृतीय चौमासिक | |
| ३१११२ | पटक | १ | ५००० | | | | सैनामैना न.पा. |
| भवन निर्माण | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचयः** नेपालको विद्यमान कानूनी व्यवस्था अनुसार ६० वर्ष उमेर समूहभन्दा माथि उमेर भएका व्यक्तिलाई ज्येष्ठ नागरिक भनेर परिभाषित गरेको छ। ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्ने दायित्व परिवारको भएपनि कतिपय ज्येष्ठ नागरिक परिवार विहीन भएर त कतिपय ज्येष्ठ नागरिक परिवारवाट परित्यक्त भएर वृद्धाश्रम वा संरक्षण गृहहरुको सहारामा पुग्नुपर्ने हुन्छ। मानव अधिकारका दृष्टिकोणले पनि त्यस्ता नागरिकहरुको संरक्षणका लागि आवश्यक व्यवस्थापन गर्नु सरकारको दायित्व हुन्छ। जीवनको उत्तरार्धका दिनहरु ज्येष्ठ नागरिकहरुको लागि कष्टकर हुने गरेका छन्। परिवारबाट हेरचाह गर्नुपर्ने दायित्व भएका सदस्यसँगै नहुँदा वा आफ्नै सन्तान नभई एक्लो जीवन विताउन वाध्य र परिवारवाट परित्यक्त ज्येष्ठ नागरिकहरुको समेत संरक्षण र व्यवस्थापन सरकारले गर्नुपर्ने भएकोले केही सम्पत्ती भएका वा हुँदै नभएका ज्येष्ठ नागरिकहरुको संरक्षण गर्न आवश्यक भएको र त्यसको लागि ज्येष्ठ नागरिक मैत्री भवन आवश्यक भएकोले संघीय सरकारको राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत संघ, प्रदेश सरकार र स्थानीय तहको समन्वय, सहकार्य र साझेदारीमा प्रदेश सरकारले निर्माण गर्ने गरी प्रदेश सरकारले विगत आ.व. ०७५।७६ देखि शुरुगरेको यस योजनाको डि.पि.आर. समेत तयार भईसकेको र सो

सामाजिक विकास मन्त्री

आयोजनालाई प्रदेश गौरवको आयोजना र बहुवर्षिय आयोजनाको रुपमा प्रदेश पूर्वाधार विकास प्राधिकरणबाट निर्माण गर्ने गरी प्रदेश सामाजिक विकास मन्त्रालयले यो कार्यक्रम तय गरेको छ।

३. **कार्यक्रमको उद्देश्यः** राज्यले संरक्षण गर्नुपर्ने अशक्त असहाय तथा परित्यक्त ज्येष्ठ नागरिकहरुलाई संरक्षण गर्न स्थानीय तहसँग सहकार्य गरी प्रदेश स्तरीय सुविधा सम्पन्न ज्येष्ठ नागरिक ग्राम निर्माणगर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. सामाजिक विकास मन्त्रालयले यस आयोजनालाई वहुवर्षिय र प्रदेश गौरवको आयोजनामा समावेश गर्नका लागि प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेशमा सहमतीका लागि पठाउने।

ख. प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेशबाट सहमती प्राप्त भए पश्चात प्रस्ताव तयार गरी प्रदेश सरकार मन्त्रिपरिषदमा प्रदेश गौरवको आयोजनामा समावेश गर्ने निर्णयका लागि पेश गर्ने।

ग. प्रदेश सरकारको निर्णय बमोजिम सैनामैना नगरपालिकाको सहयोगमा तयार भएको DPR बमोजिम भौतिक पूर्वाधार विकास मन्त्रालयबाट प्रचलित कानून अनुसार चालु आर्थिक वर्षमा जेष्ठ नागरिक ग्रामको पूर्वाधारको निर्माण कार्य प्रारम्भ गर्ने।

घ. संघीय सरकारबाट समेत प्रयाप्त बजेट विनियोजनका लागि समन्वय र पहल गर्ने।

ङ. भौतिक पूर्वाधार विकास मन्त्रालयबाट सो कार्यक्रम कार्यान्वयन हुन नसकेमा यसको कार्यान्वयन प्रदेश सरकारको निर्णय गरी प्रदेश पूर्वाधार विकास प्राधिकरण मार्फत कार्यान्वयन गर्ने।

च. कार्यक्रम बोलपत्र आव्ह्यानबाट कार्यन्वयन हुनेछ।

५. **कार्यक्रम सञ्चालन स्थानः** सैनामैना नगरपालिका वडा नं - १ वनकटवा।

६. **कार्यक्रम सञ्चालन गर्ने निकायः** प्रदेश पूर्वाधार विकास प्राधिकरण/भौतिक पूर्वाधार विकास मन्त्रालय वा सामाजिक विकास मन्त्रालय वा मातहतको निकाय।

७. **बजेट खर्च तथा वित्तीय व्यवस्थापनः** स्वीकृत बजेटको तथा कार्यक्रमको परिधिभित्र सार्वजनिक खरिद ऐन तथा नियमावली, प्रदेश सरकारको निर्णय, प्रदेश सरकारबाट स्वीकृत यस सम्बन्धी कानूनहरु तथा सामाजिक विकास मन्त्रालयबाट जारी भएका कार्यविधि वा निर्देशिका तथा कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धिः** पूर्ण रुपमा असहाय, परिवारबाट परित्यक्त, अवस्थामा रहेका ज्येष्ठ नागरिकहरुका लागि प्रदेश सरकारको तर्फवाट उचित संरक्षणको व्यवस्था भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकायः** प्रदेश सरकार, प्रदेश योजना आयोग, सामाजिक विकास मन्त्रालय र अन्य सम्बन्धित निकाय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** प्रदेश पूर्वाधार विकास प्राधिकरणले प्रदेश सरकारलाई / भौतिक पूर्वाधार विकास मन्त्रालयले सामाजिक विकास मन्त्रालयमा प्रतिबेदन पेश गर्नुपर्नेछ। उक्त प्रतिबेदन मन्त्रालयको चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

## प्रदेशस्तरीय बाल संरक्षण गृह निर्माण (मास्टर प्लान सहितको डि.पि.आर. निर्माण)

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| ३११३५ | पटक | १ | १००० | | | | मन्त्रालय |
| पूँजीगत परामर्श खर्च | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** नेपालको संविधानको धारा ३९ मा मौलिक हकको रुपमा बालबालिकाको हक सम्वन्धी व्यवस्था गरेको छ। बालबालिकाहरु शारिरिक तथा मानसिक रुपमा परिपक्क नहुने हुँदा उनिहरुलाई विशेष रुपले हेरचाह, संरक्षण र सुविधा आवश्यक पर्दछ। बालबालिका सम्बन्धी विद्यमान कानुनले १८ वर्ष उमेर पुरा नगरेका व्यक्तिलाई बालबालिका भनि परिभाषित गरेकोछ। बालबालिकाहरु विभिन्न किसिमका हिंसा, दुर्व्यवहार, अवहेलना जस्ता व्यवहारबाट पीडित तथा प्रभावित छन। कतिपय बालबालिका त्यस किसिमको जोखिममा रहेका छन् भने कैयौं बालबालिका प्राकृतिक विपद, महामारी वा अन्यकारणले अभिभावक तथा संरक्षक विहिन अवस्थामा रहेका हुन्छन्। यस्ता बालबालिकाको संरक्षण गर्नु प्रदेश सरकारको दायित्व हो। हाल प्रदेश सरकार मातहत यस किसिमको कुनै पनि बाल संरक्षण गृह नहुंदा बालबालिकालाई उद्धार, पुनर्स्थापना तथा संरक्षणका कार्यमा समस्या रहेको छ। यसै कुरालाई मध्यनजर राखी विशेष संरक्षणको आवश्यक्ता भएका, जोखिममा रहेका पारिवारिक पुनर्मिलन र पुर्स्थापना गर्न संभव नभएका प्रदेश भित्रका बालबालिकाहरुको दीर्घकालिन संरक्षणको लागि प्रदेश स्तरीय बाल संरक्षण गृह निर्माण गर्न आवश्यक भएकोले यस वर्ष जग्गा प्राप्ती तथा मास्टर प्लान सहितको डि.पि.आर. तयार गरी आगामी आ.व. देखी निर्माण कार्य अगाडी बढाउने गरी यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** विभिन्न कारणबाट अति जोखिममा परेका तथा असहाय बालबालिकाको दीर्घकालिन संरक्षणको व्यवस्था गर्न जग्गा प्राप्ती, मास्टर प्लान सहितको डि.पि.आर. निर्माण गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. स्थानीय तहको समन्वयमा जग्गा प्राप्तिको लागि पत्राचार गर्ने,

ख. संभावित जग्गाहरुको स्थलगत अनुगमन गरी उपयुक्त जग्गा छनौट गर्ने,

ग. प्रचलित कानून अनुसार जग्गा प्राप्तिको प्रक्रिया पुरा गरी जग्गा प्राप्ति गर्ने,

घ. प्रचलित कानून अनुसार परामर्शदाता छनौट गरी मास्टर प्लान सहितको डि.पि.आर. निर्माण गर्ने।

५. **कार्यक्रम सञ्चालन स्थान :** लुम्बिनि प्रदेश भित्रको कुनै जिल्ला/स्थानीय तह।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय :** सामाजिक विकास मन्त्रालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन :** स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि :** स्थानीय तहको समन्वयमा जग्गा प्राप्त भई मास्टर प्लान सहितको डि.पि.आर. निर्माण भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :** सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली :** महाशाखाले कार्यक्रमको प्रतिबेदन तयार गरी मन्त्रालयले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

## चालु खर्च अन्तर्गतका कार्यक्रमहरु

### लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका लागि १ महिने सीप विकास तालिम सञ्चालन

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | पटक | १ | ५०० | | | | दाङ जिल्ला |
| उधमशीलता रोजगारी मूलक /सशक्तीकरण, सीप विकास तथा क्षमता अभिबृद्धि कार्यक्रम | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** आर्थिक बिपन्नता, लैङ्गिक तथा जातीय असमानता, सामाजिक मुल्य मान्यता, अशिक्षा तथा सबै पक्षका अवसरहरुबाट बञ्चितीकरणले लैङ्गिक तथा अल्पसंख्यक समुदायका नागरिकहरुको अवस्था ज्यादैं नाजुक बनाएको हुन्छ। तसर्थ यस्ता बिपन्न, लैङ्गिक तथा अल्पसंख्यक समुदायका नागरिकहरुको सामाजिक सुरक्षाको लागि दिगो आय श्रोतको बाटो

आवश्यक पर्दछ। यस कार्यक्रमको माध्यमबाट स्थानीय स्तरमा उपलब्ध हुन सक्ने सम्भावित श्रोत, साधन र प्रबिधि, अनुभव, बजार, जस्ता कुराहरुको उपयोग गर्दै ब्यबसाय संचालन गर्न इच्छुक लैङ्गिक तथा अल्पसंख्यक समुदायका ब्यक्तिहरुको छनौट गरी उनीहरुलाई १ महिना लामो अबधिको व्यवसायिक सीप बिकास तालिम प्रदान गरी ब्यबसाय उन्मुख बनाउनका लागि यो तालिम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** : यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका नागरिकहरुको सीप सम्बन्धी क्षमता अभिवृद्धि गरी आर्थिक सशक्तिकरणको माध्यमबाट सहज जीवनयापन र जीविकोपार्जनमा सहयोग पुर्याउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया** :

क. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायबाट सीप सम्बन्धी तालिम लिन ईच्छुक व्यक्तिको सहभागीताका लागि दरखास्त आव्हान गरी ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने,

ख. प्राप्त दरखास्त मध्ये लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको प्रदेशस्तरीय सञ्जालसँगको समन्वयमा २० जना उपयुक्त प्रशिक्षार्थी छनौट गर्ने,

ग. तालिम प्रदायक संस्था छनौटका लागि प्रस्ताव आव्हान गरी तालिम प्रदायक निकाय वा संस्था छनौट गर्ने,

घ. संभाव्यताको आधारमा तालिम प्याकेज निर्धारण गर्ने,

ङ. तालिम प्रदायक संस्थाद्धारा तालिम सञ्चालन गरी व्यवसायिक कार्ययोजनाका आधारमा प्रचलित कानून बमोजिम विउपुँजी अनुदान वितरण गर्ने,

च. खर्च भुक्तानी गर्दा कार्यालयबाट समेत स्थलगत अनुगमन गरी प्रतिबेदनको व्यवस्था अनिवार्य गर्नुपर्नेछ।

५. **कार्यक्रम सञ्चालन स्थान** : दाङ जिल्ला।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रही प्रदेश सरकारको सीप विकास तालिम सम्बन्धी खर्चको मापदण्ड तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि** : लैङ्गिक तथा अल्पसंख्यक समुदायका कम्तीमा २० जना नागरिकहरुको सीप विकास सम्बन्धी क्षमता अभिबृद्धि भई स्वआर्जनका माध्यमबाट जीविकोपार्जन तथा जीवनयापनमा सहयोग पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** : सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली** : छनौट भएको संस्थाले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुपर्नेछ। डिभिजनबाट प्राप्त नियमित प्रतिबेदन सामाजिक विकास मन्त्रालयले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।



सामाजिक विकास मन्त्री

# अपांगता भएका व्यक्तिहरुलाई १ महिने सीपमूलक तालिम

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | जना | ४० | १००० | | | | कपिलवस्तु र बाँके |
| उद्यमशीलता रोजगारी मूलक /सशक्तीकरण, सीप विकास तथा क्षमता अधिबृद्धि कार्यक्रम | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचयः** शरीरका अङ्गहरु, अङ्गहरुको बिकासक्रम वा शारिरिक प्रणालीमा भएको समस्याका कारण सामाजिक, भौतिक तथा सांस्कृतिक बातावरणका साथै संचारका साधनहरु समेतबाट सिर्जना भएको अबरोध समेतले मानिसको दैनिक कृयाकलाप सामान्य रुपमा सचालन गर्न एवं सामाजिक जीबनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ। अपाङ्गतालाई शारीरिक अपाङ्गता, दृष्टि सम्बन्धी अपाङ्गता, सुनाइ सम्बन्धी अपाङ्गता, श्रवण दृष्टिबिहिन, स्वर बोलाइ सम्बन्धी अपाङ्गता, मानसिक र मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवंशीय रक्तश्राव, अटिज्म, बहु अपाङ्गता गरी १० प्रकारमा विभाजन गरिएको छ। अपाङ्गता भएका व्यक्तिहरूमा भएको फरक क्षमतालाई उपयोग गर्नका लागि तथा अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरूको अधिकार सम्मान गर्दै सामाजिक तथा आर्थिक सशक्तीकरण मार्फत उनीहरूलाई स्वावलम्वी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्नका लागि यस कार्यक्रमको तर्जुमा गरिएको छ।

३. **कार्यक्रमको उद्देश्य** :अपाङ्गता भएका ब्यक्तिहरुलाई ब्यवसाय सञ्चालन गर्न सक्षम बनाइ स्वरोजगारको माध्यमबाट आत्मसम्मान र आत्मनिर्भरतामा टेवा पुर्याउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. कार्यक्रम सञ्चालनका लागि अपाङ्गता भएका व्यक्तिको क्षमता तथा संभावनाको आधारमा तालिमको विषय क्षेत्र निर्धारण गर्ने।

ख. सीप सम्बन्धी तालिम लिन ईच्छुक व्यक्तिको सहभागिताका लागि सम्बन्धित जिल्लाबाट दरखास्त आव्ह्यन गरी कम्तिमा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने।

ग. प्राप्त दरखास्तका आधारमा एक जिल्लामा २० जनाका दरले २ जिल्लामा ४० जना उपयुक्त प्रशिक्षार्थी छनौट गर्ने,

घ. सोही कार्यालयमा सूचीकृत संस्थाहरुबाट तालिम प्रदायक संस्था छनौटका लागि प्रस्ताव आव्हान गरी ३० दिने सार्वजनिक सूचना प्रकाशन गर्ने,

ङ. पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गरी नियमानुसार तालिम प्रदायक निकाय वा संस्था छनौट गरी सम्झौता गर्ने,

च. तालिम प्रदायक संस्थाद्धारा तालिम सञ्चालन गरी व्यवसायिक कार्ययोजनाका आधारमा विउपुँजी अनुदान वितरण गर्ने,

छ. यसरी खर्च भुक्तानी गर्दा कार्यालयबाट समेत स्थलगत अनुगमन गरी प्रतिबेदनको व्यवस्था अनिवार्य गर्नुपर्नेछ,

ज. लुम्बिनी प्रदेशभित्र रहेका व्यवसायिक तथा सीपविकास तालिम केन्द्रहरु वा CTEVT मार्फत समेत तालिम सञ्चालन गर्न सकिने।

५. **कार्यक्रम सञ्चालन स्थान** : अर्घाखाँची र बर्दिया जिल्ला।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय कपिलवस्तु र बाँके।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रही प्रदेश सरकारको सीप विकास तालिम सम्बन्धी खर्चको मापदण्ड तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि** :४० जना अपाङ्गता भएका व्यक्तिहरु १ महिने तालिमको माध्यमवाट सीपयुक्त हुनेछन र उनीहरुको जीविकोपार्जनमा सहयोग पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** छनौट भएको संस्थाले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सामाजिक विकास डिभजन कार्यालयमा पेश गर्नुपर्नेछ। डिभिजनबाट प्राप्त नियमित प्रतिबेदन सामाजिक विकास मन्त्रालयले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

## प्रदेश जिल्ला बालक्लब सञ्जालका पदाधिकारीहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी २ दिने तालिम

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | जना | २५ | ३०० | | | | प्रदेशस्तर |
| जनचेतना तालिम | | | | | | | |



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

२. **कार्यक्रमको संक्षिप्त परिचय** : बाल अधिकारका चार महत्वपूर्ण क्षेत्र मध्ये बाल सहभागिता एक महत्वपूर्ण क्षेत्र हो। बाल सहभागिता बालबालिकाको सम्मानको आधार र सशक्तिकरणको एक व्यवहारिक उपाय हो। बालबालिकालाई आफ्नो जीवनमा प्रभाव पार्ने हरेक विषयसँग सम्बन्धित निर्णय प्रक्रियामा सहभागीहुने अधिकार हुन्छ। लुम्बिनी प्रदेश को प्रथम पञ्चवर्षीय योजनाले सबैको सहकार्यमा बाल बचाउ, बाल संरक्षण, विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने लक्ष्य लिएको छ। त्यसैगरी बालबालिका सँग सम्बन्धित विकास र शासनका सबै गतिविधिहरुको निर्णय र कार्यान्वयन चरणमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने रणनीति कार्यान्वयनका लागि बालक्लव स्थापना र सञ्चालनलाई प्रोत्साहन गर्ने कार्यनीति लिएको छ। यसरी बालबालिकाको अर्थपूर्ण सहभागिताका लागि बालबालिकाकै सशक्तिकरण गर्न जरुरी भएको र सहभागिताको अवसरले उनीहरुलाई थप सशक्त बनाउँदछ। तसर्थ यस मन्त्रालयबाट गत आ.व. मा गठित बालक्लव सञ्जालका पदाधिकारीहरुको क्षमता विकासगर्ने भन्ने उद्धेश्यले यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** : बाल सञ्जालका पदाधिकारीहरुको बालमैत्री स्थानीय शासन सम्बन्धी ज्ञान तथा क्षमता अभिबृद्धि गरी बालबालिका सम्बन्धी जिल्ला तथा स्थानीयतहमा हुने निर्णयमा सहभागिता सुनिश्चितताका लागि पैरवी गर्नसक्ने क्षमता बृद्धिगर्नु।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया** :

क. बालमैत्री स्थानीय शासन सम्बन्धी तालिमको विषयवस्तु तथा समय निर्धारण गर्ने।

ख. प्रदेश बालक्लव सञ्जालका पदाधिकारीहरुलाई पत्राचार गर्ने।

ग. हरेक जिल्लाबाट कम्तीमा २ जना सहभागी हुनेगरी प्रदेश स्तरीय एक तालिम कार्यक्रमको आयोजना गर्ने।

घ. महामारीको कारण भौतिक रुपमा आयोजना गर्ने अवस्था नभएमा भर्चुअल कार्यक्रम आयोजना गरी बालबालिकाको सहभागिता गराई कार्यक्रम सम्पन्न गर्ने।

५. **कार्यक्रम सञ्चालन स्थान** : लुम्बिनी प्रदेशको कुनै जिल्ला।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास मन्त्रालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** :स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानून तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धि** : १२ जिल्लाका प्रदेश तथा जिल्ला सञ्जालका गरी कम्तीमा २५ जना बालबालिकाहरुले बालमैत्री स्थानीयतहका लागि आवश्यक सूचकहरुको बारेमा सुसूचित भई आ-आफ्नो जिल्ला/ स्थानीय तहमा बाल सहभागिकाको पक्षमा पैरवी गर्न सक्ने हुनेछन।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली** : सामाजिक विकास महाशाखाले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। उक्त प्रतिबेदन मन्त्रालयको चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# प्रादेशिक बालक्लब सञ्जालको चौमासिक बैठक

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | पटक | ३ | ७५० | | | | पाल्पा, दाङ र बाँके |
| गोष्ठी तथा कार्यशाला | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** बाल सहभागिताले बालबालिकाको अधिकारका प्रयोगकर्ता र समन्वयकर्ता गरी दुवै हैसियतमा अधिकार कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्न सघाउँछ। प्रदेश सरकारले यस विषयलाई महत्व दिएर यस प्रदेशका १२ वटै जिल्लाबाट सहभागिता सुनिश्चित गरी गठनभएको प्रदेश बालक्वल सञ्जालका बालबालिकाले आ-आफ्नो जिल्ला/स्थानीय तहमा गरेका पहल तथा अनुभवको आदान-प्रदान गर्ने र प्रदेश तथा सामाजिक विकास डिभिजन कार्यालयबाट बालबालिका सम्बन्धि भएका नविन तथा समसामयिक विषयको जानकारी गर्ने तथा आगामी कार्यदिशा सम्बन्धमा छलफलगर्ने र बालबालिकाहरुलाई विभिन्न जिल्लामा हुने बैठकमा सहभागी भई फरक फरक जिल्लाको वस्तुस्थितिको सामान्य जानकारी लिने गरी यस प्रदेशका ३ जिल्लामा सामाजिक विकास डिभिजन कार्यालयको आयोजनामा सञ्चालन हुनेगरी यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** प्रदेश स्तरीय बाल सञ्जालका पदाधिकारीहरुबाट भए-गरेका कामहरुको प्रगति समिक्षा गर्ने, प्रदेश तथा जिल्लास्तरमा बालबालिकाका सवालहरुको पहिचान र छलफल गर्ने तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. मन्त्रालयले सम्बन्धित जिल्लाका सामाजिक विकास डिभिजन कार्यालयहरुलाई प्रदेश बालक्लव सञ्जालका पदाधिकारीहरुको नामावली सहितको विवरण पठाउने।

ख. डिभिजन कार्यालयहरुले तोकिएको चौमासिकमा बैठक आयोजनाको तयारी गर्ने।

ग. सबै जिल्लामा रहेका प्रदेश बालक्लव सञ्जालका पदाधिकारीहरुसँग समन्वय र पत्राचार गरी बैठकको आयोजना गर्ने।

घ. आवश्यक्तानुसार मन्त्रालयले उक्त चौमासिक बैठकमा सहजीकरण गर्ने।



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

ङ. महामारीको कारण भौतिक रुपमा उपस्थित हुने अवस्था नभएमा भर्चुअल कार्यक्रमबाट पनि बैठक आयोजना गर्ने व्यवस्था मिलाउने।

५. **कार्यक्रम सञ्चालन स्थान** : दाङ, पाल्पा र बाँके।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि** : १२ जिल्लाका प्रदेश बालक्लव सञ्जालका बालबालिकाहरुले आ-आफ्नो जिल्लामा भए गरेका कामहरुको प्रगति, अनुभव र समस्याका बारेमा छलफल गरी एक आपसमा आदान प्रदान गर्ने, पेश गर्ने र मन्त्रालय तथा कार्यालयबाट आवश्यक सहयोग र जानकारी प्राप्त गरेका हुनेछन।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय र जिल्ला बाल अधिकार समिति।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली** : सामाजिक विकास डिभिजन कार्यालयले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। उक्त प्रतिबेदन मन्त्रालयको चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

## अन्तर-प्रदेश अध्ययन अवलोकन भ्रमण

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | ६०० | | | | मन्त्रालय |
| (अध्ययन / सर्वेक्षण / अनुसन्धान) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** : नेपालको केन्द्रिकृत शासन व्यवस्थाबाट सङ्घीय संरचनामा राज्य पुनर्संरचना भएसंगै संघ, सातवटा प्रदेश र ७५३ स्थानीय तह गरी ७६१ शासकीय संयन्त्रबाट सेवा सुविधा प्रवाह भइरहेको छ। प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४ अनुसार सामाजिक विकास मन्त्रालयलाई शिक्षा, स्वास्थ्य,महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

भएका व्यक्तिहरु, युवा तथा खेलकुद, श्रम तथा रोजगार, लैङ्गिक तथा अल्पसंख्यक लगायतका वर्गको फोकल मन्त्रालयको रुपमा जिम्मेवारी रहेको छ। प्रदेश तहमा यो विषय एकदमै नयाँ भएको कारण आफ्नै सीप र अनुभवका आधारमा कार्य गरिरहँदा अन्य प्रदेशको सिकाई र अनुभव कस्तो रह्यो भन्ने विषय महत्वपूर्ण रहन्छ।तसर्थ अन्य प्रदेशमा भईरहेका असल अभ्यासहरुको स्थलगत अवलोकन भ्रमण र हाम्रो अनुभवको समेत आदान प्रदान गरी आगामी दिनमा लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालयबाट प्रवाहहुने सेवालाई अझ व्यवस्थित र प्रभावकारी बनाउन थप योगदान दिन सकिन्छ भन्ने सोचका साथ यो कार्यक्रम तय गरिएको छ।

३. **कार्यक्रमको उद्देश्य :** अन्य प्रदेशका सामाजिक विकास मन्त्रालयद्वारा सञ्चालन गरिएका कार्यक्रमहरू, असल अभ्यासहरूको स्थलगत अवलोकन भ्रमण गरी एकआपसमा अनुभवहरूको आदान प्रदानबाट आगामी दिनहरुमा यस प्रदेशमा प्रवाहहुने सेवालाई अझ व्यवस्थित र प्रभावकारी वनाउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. अन्य ६ वटा प्रदेश मध्ये कुनै एउटा प्रदेश ( यथासंभव कर्णाली प्रदेश )सँग अध्ययन तथा अवलोकन भ्रमणको लागि सामाजिक विकास महाशाखाले आवश्यक समन्वय गरी समय लिने।

ख. लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालयका सबै महाशाखाबाट सञ्चालन भइरहेका कार्यक्रम तथा हाल सम्म बनेका नीति तथा कानूनहरुको विवरण र भ्रमण जाने प्रदेश सँग अन्तरक्रिया गर्ने विषयको Check list सम्बन्धित महाशाखाले तयार गर्ने।

ग. सचिवज्यूको निर्देशन र योजना तथा प्रशासन महाशाखा सँगको समन्वयमा अध्ययन तथा अवलोकन भ्रमणमा जाने कर्मचारीहरुको सूची तयार गर्ने।

घ. मन्त्रालयका सबै महाशाखाको प्रतिनिधित्व हुनेगरी अन्तरप्रदेश अध्ययन तथा अवलोकन भ्रमण कार्यक्रम सञ्चालन हुनेछ। साथै यथासंभव मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश योजना आयोगबाट १/१ जना प्रतिनिधि समेत भ्रमणमा समावेश गराउन सकिनेछ।

ङ. महाशाखाहरुले उक्त भ्रमणमा जाने कर्मचारीले प्रस्तुत गर्ने विषय र छलफलको Check list साथमा दिई पठाउने व्यवस्था गर्नु पर्ने छ।

५. **कार्यक्रम सञ्चालन स्थान :** भ्रमण गरिने प्रदेश राजधानी र सो अन्तर्गतको कुनै जिल्ला।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय :**सामाजिक विकास मन्त्रालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन :**स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित ऐन, नियमावली, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका, २०७५ र सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिका एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

८. **अपेक्षित उपलब्धि :** यस प्रदेश र भ्रमण गरिने प्रदेशका सामाजिक विकास मन्त्रालयद्वारा सञ्चालन गरिएका कार्यक्रमहरू, असल अभ्यासहरु, समस्या र चुनौती तथा अनुभवहरूको वारेमा आदान प्रदान गरी ताहाँको असल अभ्यास यस प्रदेशमा पनि प्रदेश अनुकुल वनाइ अनुसरण गर्न सहयोग पुगेको हुनेछ साथै अन्य प्रदेशसँगको समन्वय तथा सम्वन्धमा विस्तार भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :**सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** सामाजिक विकास महाशाखाले अध्ययन प्रतिबेदन तयार गरी अध्यननबाट प्राप्त अनुभव र सिकाईहरुलाई मन्त्रालयमा यथा सम्भव सबै कर्मचारीको उपस्थितिमा प्रस्तुत गरी Share गर्नुपर्ने छ। उक्त प्रतिवेदन सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

## अपाङ्गता भएका व्यक्तिहरुबाट उत्पादित वस्तु तथा सामग्रीको विक्री केन्द्र स्थापना र सञ्चालन

१. **कार्यक्रमको विवरणः**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | ५०० | | | | दाङ |
| राहत तथा पुनर्स्थापना /क्षतिपूर्ति कार्यक्रम | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** शरीरका अङ्गहरु, अङ्गहरुको बिकासक्रम वा शारिरिक प्रणालीमा भएको समस्याका कारण सामाजिक, भौतिक तथा सांस्कृतिक बातावरणका साथै संचारका साधनहरु समेतबाट सिर्जना भएको अबरोध समेतले मानिसको दैनिक कृयाकलाप सामान्य रुपमा सचालन गर्न एवं सामाजिक जीबनमा पुर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ। अपाङ्गता भएका व्यक्तिहरू अन्य व्यक्तिहरू भन्दा शारीरिक रूपमा फरक हुन्छन। उनीहरूसँग क्षमता, दक्षता तथा सीपहरू प्रशस्त मात्रामा रहेको हुन्छ। उनीहरूलाई अवसर प्रदान गर्नसकेको खण्डमा उनीहरू आफ्ना लागि आफै अर्थोपार्जन गरी जीवन जीउन सक्छन। यसै तथ्यलाई मध्यनजर गर्दै अपाङ्गता भएका व्यक्तिहरूका लागि सि. वि. आर. कार्यक्रम मार्फत विगत देखिनै नेपाल सरकारले सीपमुलक तालिम प्रदान गरि उनीहरूलाई व्यवसायिक वनाउने कार्यको शुरूवात गरेको थियो। यसरी सीप लिएका वा अन्य संस्थाको सहयोगमा वा आफ्नै पहलमा पहिलेवाट नै सीपयुक्त अपाङ्गता

सुदर्शन घराल
सामाजिक विकास मन्त्री

भएका व्यक्तिहरूको सृजना तथा उत्पादनलाई प्रवर्द्धन र वजारीकरणमा सहयोग गरी उनीहरुको जीविकोपार्जनमा सहयोग गर्नका लागि यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** :अपाङ्गता भएका व्यक्तिद्वारा उत्पादित सामग्रीहरूलाई प्रोत्साहन र हौसला वढाउदै प्रदेश स्तरमा एक बिक्री केन्द्रको स्थापना र सञ्चालन गरी अपाङ्गता भएका व्यक्तिद्वारा उत्पादित सामग्रीहरूको बजारीकरणमा टेवा पुर्याउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. सम्बन्धित जिल्लाको सामाजिक विकास डिभिजन कार्यालयले गैरसरकारी संघ संस्थाको साझेदारीमा बिक्री केन्द्रको व्यवस्थापन कार्यलाई प्रक्रियागत ढंगबाट व्यवस्थित पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न सोही कार्यालयमा सूचीकृत संस्थाहरुबाट दरखास्तका लागि ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्ह्यान गर्ने।

ख. पेश हुन आएका प्रस्तावहरु मध्ये प्रचलित कानून बमोजिम छनौट भएको संस्थासँग सम्झौता गरी संस्था मार्फत प्रदेश स्तरमा एक बिक्री केन्द्र स्थापना र सञ्चालन गर्ने।

ग. उद्यम गरिरहेका अपाङ्गता भएका व्यक्तिहरूबाट उत्पादित वस्तु तथा सामग्रीको बिक्री केन्द्रले खरिद गरी बिक्रीको व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने संस्थाले मिलाउने।

घ. प्रदेश भित्रका बिक्री केन्द्र रहेको भन्दा अन्य जिल्लाका अपाङ्गता भएका व्यक्तिहरुबाट उत्पादित वस्तु तथा सामाग्री समेत खरिद तथा बिक्री प्रबन्ध मिलाउने।

५. **कार्यक्रम सञ्चालन स्थान** :दाङ जिल्ला।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय, दाङबाट बिक्री केन्द्र सञ्चालनको लागि छनोट भएको गैर सरकारी संस्था।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन, नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यविधि एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँड र डिभिजन कार्यालयसँगको सम्झौतामा उल्लेखित शर्त अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धि** :प्रदेशमा अपाङ्गता भएका व्यक्तिद्धारा उत्पादित वस्तु तथा सामाग्रीको एक बिक्री केन्द्र स्थापना र सञ्चालन भई उनीहरुको जीविकोपार्जनमा सहयोग पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली:** छनौट भएको संस्थाले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुपर्नेछ। कार्यालयले उक्त प्रतिबेदन सामाजिक विकास मन्त्रालयमा नियमित प्रतिबेदन मार्फत पठाउनेछ र मन्त्रालयले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# ज्येष्ठ नागरिक देश दर्शन कार्यक्रम

१. **कार्यक्रमको विवरण**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | जिल्ला | २ | ५०० | | | | प्यूठान र पाल्पा |
| राहत तथा पुनर्स्थापना /क्षतिपूर्ति कार्यक्रम | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** ज्येष्ठ नागरिक समाजका अग्रज र सम्मानित नागरिक हुन। आफ्नो जीवनको क्रियाशील उमेर कुन न कुनै उत्पादनशील क्रियाकलापमा लगाएका व्यक्ति कानूनले तोकेको निश्चित उमेर पुगेपछि ज्येष्ठ नागरिक कहलिन्छ। यस्ता ज्येष्ठ नागरिकको जनसंख्या २०६८ को जनगणना अनुसार नेपालमा ८.१४% रहेको छ भने लुम्बिनी प्रदेशको कुल जनसंख्या मध्ये ८% जनसंख्या ज्येष्ठ नागरिकको जनसंख्या रहेको छ। शारीरिक तथा मानसिक रुपले ज्येष्ठ नागरिकहरुलाई सरल र सहज स्वास्थ्य सुविधा सहित सेवाहरुको निरन्तर आवश्यक हुन्छ। परिवारका अन्य सदस्य उत्पादनशील कार्यमा लाग्नुपर्ने भएकोले ज्येष्ठ नागरिकहरुलाई धेरै समय दिन नसक्ने अवस्था पनि हुन्छ भने अर्को तर्फ आफूले आर्जन गरेको धन सम्पत्ति आफ्ना बालबालिका र परिवारका सदस्यको लालनपालन, सन्ततीको लागि सम्पत्तिको जोडजाडमा खर्चिएका ज्येष्ठ नागरिकहरु आफ्नो जीवनको उत्तरार्ध तर्फ आउँदा अलि शुन्य र खाली समेत महशुस गर्दछन। यस्तो अवस्थामा उनीहरुलाई विभिन्न देवस्थलहरुको दर्शन गर्ने, तिर्थाटन गर्ने र आफ्नै दौंतरीहरुसँग मनका कुरा साट्ने अनुभव आदान प्रदान गर्ने, इच्छा हुन्छ तर उनीहरु सँग त्यसलाई पुरागर्न कहिले परिवारका सदस्यको (छोराछोरी/बुहारी वा अन्य व्यक्ति)समय हुँदैन त कतिपय अवस्थामा आर्थिक रुपले सामर्थ्य हुँदैन। यस्तो अवस्थामा जीवनको ७० वसन्त पार गरीसकेका ज्येष्ठ नागरिकहरुलाई समयानुकुल पारी आफ्नो प्रदेश/ देशभित्रका देवस्थल/ तिर्थाटन /ज्येष्ठ नागरिक आश्रमहरुको भ्रमण गराई अनुभवको आदानप्रदान गर्ने, मनोरञ्जन गराउने र प्रदेश सरकारको तर्फबाट सम्मान गरेको अनुभूति गराउनका लागि यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** ज्येष्ठ नागरिकहरुलाई अनुभवको आदानप्रदान गर्ने गराउने, मनोरञ्जन गराउने र प्रदेश सरकारको तर्फबाट सम्मान गरेको अनुभूती दिलाउने।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

क. स्वीकृत कार्यक्रम तथा बजेट अनुसार कार्यक्रम सञ्चालनका लागि सम्बन्धित जिल्लाको जिल्ला ज्येष्ठ नागरिक संघसँग समन्वय गरी ७० वर्ष वा सो भन्दा माथिको उमेरका आवश्यक संख्यामा ज्येष्ठ नागरिकहरु र स्थान छनोट गर्ने।

ख. सहभागी छनोट गर्दा समावेशितालाई विशेष ध्यान दिने।

ग. भ्रमण टोलीमा अनिवार्य रुपले स्वास्थ्यकर्मी र अन्य हेरचाह गर्नसक्ने व्यक्ति समेत समावेश गर्ने।

घ. दीर्घरोगी, विरामी र अशक्त व्यक्तिलाई समावेश गर्दा विशेष ध्यान दिने।

ङ. भ्रमण साधनको व्यवस्थागर्दा ज्येष्ठ नागरिक मैत्री साधनको व्यवस्था गर्ने।

च. भ्रमण गर्दा सम्बन्धित जिल्ला भन्दा बाहिरको जिल्लामा लैजाने व्यवस्था मिलाउनुपर्ने।

५. **कार्यक्रम सञ्चालन स्थान** : सम्बन्धित जिल्लाबाट निर्णय भएको कार्यक्रम सञ्चालन गर्ने जिल्ला बाहेकको कुनै स्थानहरु ।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय प्यूठान र पाल्पा।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** :स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि** : सम्बन्धित जिल्लाका ७० वर्ष पुगेका ज्येष्ठ नागरिकहरुले अन्य जिल्ला/स्थानको भ्रमणगरी अनुभवको आदान प्रदान गरी लाभान्वित हुनुको साथै ज्येष्ठ आत्मसम्मान प्राप्त गरेको अनुभूती गरेका हुनेछन।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली** : सामाजिक विकास डिभिजन कार्यालयले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। उक्त प्रतिबेदन मन्त्रालयको चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

सामाजिक विकास मन्त्री

# आपतकालिन बाल उद्धार सहायता

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | जिल्ला | १२ | १२०० | | | | १२ जिल्ला |
| (राहत तथा पुनर्स्थापना /क्षतिपुर्ति कार्यक्रम ) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचयः** विभिन्न किसिमले जोखिममा परेका, जोखिमउन्मुख तथा बिपदमा परेका बालबालिकाहरुको तत्काल उद्दार, अल्पकालिन तथा दीर्घकालिन सरक्षण, औषधी उपचार, मनो-सामाजिक परामर्श, परिवारिक पुनर्स्थापना गर्ने र पुनर्स्थापना गर्न संभव नभएका बालबालिकालाई बालअधिकार सरक्षण केन्द्रमा सिफारिस गर्नुका साथै उनिहरुको आवश्यकता अनुसार कानूनी उपचार, शिक्षा र तालिमको व्यवस्था लगायतका विषयहरुको व्यवस्थापनका लागि वजेट आबस्यक भएकोले प्रदेश सरकारले जिल्ला/स्थानीय बाल अधिकार समितिको समन्वयमा बालबालिकाको उद्धार (राहत तथा पुनर्स्थापना /क्षतिपुर्ति कार्यक्रम ) सञ्चालन तय गरेको हो।

३. **कार्यक्रमको उद्देश्य** :विभिन्न कारणबाट उच्च जोखिममा रहेका तथा आपत विपदमा परेका बालबालिकाको उद्धार तथा संरक्षणमा सहयोग पुर्याउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. प्रदेशमा बाल बलिकाकाको उद्धार (राहत तथा पुनर्स्थापना /क्षतिपुर्ति कार्यक्रम) का लागि बाल कोष स्थापना र सञ्चालन सम्बन्धी कानून निर्माण गर्ने।

ख. सामाजिक विकास डिभिजन कार्यालयबाट जिल्ला बालअधिकार समितिको समन्वयमा स्वीकृत कानून बमोजिम बालबालिकाको उद्धार (राहत तथा पुनर्स्थापना /क्षतिपुर्ति कार्यक्रम )का लागि सहयोग गर्ने।

५. **कार्यक्रम सञ्चालन स्थान** :लुम्बिनी प्रदेशका १२ वटै जिल्ला।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : प्रदेशबाट स्वीकृत बालबलिकाकाको उद्धार (राहत तथा पुनर्स्थापना /क्षतिपुर्ति कार्यक्रम) सम्बन्धी कानून बमोजिम कार्यक्रमको परिधि भित्र रही मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि** :विभिन्न किसिमको जोखिम तथा विपदमा परेका बालबालिकाहरुलाई तत्काल उद्धार,राहत, पुनर्स्थापना /क्षतिपुर्ति प्रदान गरी बालसंरक्षणमा टेवा पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय , प्रदेश बाल अधिकार समिति र जिल्ला बाल अधिकार समितिहरु।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली**

क. उद्धार,राहत, पुनर्स्थापना /क्षतिपुर्ति प्रदान गरिएका बालबालिकको विवरण तयारगरी सामाजिक विकास डिभिजन कार्यालयले सामाजिक विकास मन्त्रालयमा पेश गर्ने।

ख. सामाजिक विकास मन्त्रालयले प्रदेश बाल अधिकार समितिमा जानकारी गराउने र मन्त्रालयको चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नुपर्नेछ।

## प्रदेश तथा जिल्ला बालअधिकार समितिको बैठक सञ्चालन तथा व्यवस्थापन

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | ३९ | १२४८ | | | | प्रदेश तथा १२जिल्ला स्तर |
| शैक्षिक कार्यक्रम | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** :बालबालिकाहरु भोलिको राष्ट्र निर्माणका स्रोत हन्। विद्यमान कानुनले १८ वर्ष उमेर पुरा नगरेका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ। नेपालद्धारा गरिएका बाल अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरु अनुसार बालबालिकालाई उचित संरक्षण गर्नु राज्यको दायित्व हो। तसर्थ प्रदेश सरकार लुम्बिनी प्रदेशले लुम्बिनी प्रदेश, बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा ल्याएको छ। उक्त ऐनको दफा ४० मा प्रदेश बालअधिकार समिति गठन, दफा ४१ मा समितिको बैठक तथा दफा ४३ मा जिल्ला बालअधिकार समिति गठन सम्बन्धी व्यवस्था गरेको छ।सोही व्यवस्था बमोजिम गठित समितिको नियमित बैठक गरी बालबालिकाको अधिकार तथा हकहीतको संरक्षण र सम्वर्धन गर्ने सम्बन्धमा आवश्यक नीति निर्माण गरी प्रदेश सरकारलाई सिफारिसगर्ने तथा १२ वटै जिल्लामा समेत बालबालिकाहरुको



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

हक अधिकारको सुनिश्चिताका लागि जिल्ला समितिबाट आवश्यक समन्वय लगायतका कार्यगर्न आवश्यक भएकोले यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्यः** बालबालिका सम्बन्धी नीति निर्माण तथा बाल अधिकार सुनिश्चतताका लागि सञ्चालन गरिने मन्त्रालय तथा जिल्लाका क्रियाकलापहरुमा सहयोग पुर्याउने र आवश्यक सिफारिस तथा परामर्श दिने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. लुम्बिनी प्रदेश, बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४० बमोजिम गठित प्रदेश बालअधिकार समितिको बैठक मन्त्रालयले र दफा ४३ बमोजिम गठित जिल्ला बालअधिकार समितिको बैठक डिभिजन कार्यालयले कम्तीमा चौमासिक रुपमा आयोजना गर्ने।

ख. बालबालिका सम्बन्धी विषयमा छलफल गरी आवश्यक्ता अनुसार निर्णय बमोजिम सम्बन्धित निकायले कार्यान्वयन गर्दै जाने।

ग. कार्यक्रम सञ्चालन स्थान :सामाजिक विकास मन्त्रालय, बुटवल र लुम्बिनी प्रदेश भित्रका १२ वटै जिल्ला।

घ. कार्यक्रम सञ्चालन गर्ने निकाय :सामाजिक विकास मन्त्रालय र सामाजिक विकास डिभिजन कार्यालय।

५. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन :** प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

६. **अपेक्षित उपलब्धिः** प्रदेश तथा जिल्ला बाल अधिकार समितितको चौमासिक बैठक सम्पन्न भई बालबालिका सम्बन्धी कार्यक्रमहरु सञ्चालनमा, कानून तथा नीति निर्माणमा आवश्यक राय परामर्श प्राप्त भएको हुनेछ।

७. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :** सामाजिक विकास मन्त्रालय तथा प्रदेश बाल अधिकार समिति।

८. **कार्यक्रमको प्रतिवेदन प्रणाली :** डिभिजन कार्यालयले जिल्ला बाल अधिकार समितिको र सामाजिक विकास महाशाखाले समितिका गतिबिधि र परामर्शको नियमितरुपमा अद्यावधिक गरी प्रतिवेदन तयार गरी मन्त्रालय मार्फत चौमासिक र वार्षिकप्रगति प्रतिवेदन संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

## बालश्रम, बाल दुर्व्यवहार र बालविवाह विरुद्धको सामाजिक परिचालन कार्यक्रम

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवध |  |  | कैफियत |
|---|---|---|---|---|---|---|---|
|  |  |  |  | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक |  |
| २२५२२ | जिल्ला | २ | २००० |  |  |  | बाँके र कपिलवस्तु |
| (शैक्षिक कार्यक्रम) |  |  |  |  |  |  |  |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** नेपालले सन् १९९० को सेप्टेम्बर १४ मा अनुमोदन गरेको संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धि, १९८९ मा उल्लेख भएका बालअधिकारका चार क्षेत्रहरूमा बाल बचाउ, बालबालिकाको संरक्षण, बालविकास र बालसहभागिता पर्दछ। मानव अधिकारको दृष्टिकोणवाट गरी बाल विवाह, बालबालिका माथि हुने दुर्व्यवहार र बालश्रम बाल अधिकार बिरुद्धका अपराध हुन। आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफनो भविष्यको मार्गचित्र तय गर्ने हरेक नागरिकको हक अधिकार सुनिश्चित हुनपर्दछ। यसका लागि प्राय सवै मुलुकहरुले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन्। देशहरुमा विवाह गर्न योग्य उमेर भनेर कानुनी रूपमा तोकिएको हुन्छ। नेपालको विद्यमान कानून अनुसार विवाह गर्ने व्यक्तिको उमेर २० बर्ष नपुगि कसैले विवाह गर्दछ वा गराउँदछ भने त्यो वाल विवाह हो। कानून अनुसार वाल विवाह दण्डनीय छ भने यो गम्भिर सामाजिक अपराध हो।

नेपालको संविधान २०७२ को धारा ३९ को उपधारा (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन भन्ने व्यवस्था रहेको छ। केन्द्रीय तथ्याङ्क विभागले प्रकाशित गरेको बालश्रम सम्बन्धी तथ्याङ्क र अन्तर्राष्ट्रिय श्रम सङ्गठनले तयार पारेको प्रतिबेदनलाई आधार मान्दा समेत बालश्रमको समस्या जटिल बन्दै गईरहेको छ। नेपालबाट सबै प्रकारका बालश्रम पूर्ण रुपमा निवारणगरी मूलुकलाई बालश्रम रहित बनाउने उद्धेश्य रहेको छ। त्यसै गरी बालबालिका माथि हुने दुर्व्यवहारले बालबालिका माथि शारीरिक , मानसिक रुपमा नकारात्मक असर पर्दछ। जसले गर्दा बालबालिकाको सर्वाङ्गिण विकासमा समेत असर गर्दछ। लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना आ.व.२०७६/०७७- आ.व.२०८०/०८१ मा प्रदेशलाई बालश्रम तथा बालविवाह मुक्त घोषणा गर्ने,बालबालिकामाथि हुने हिंसा बिरुद्ध कानूनी उपचारको प्रबन्ध मिलाउने र बालबालिकासँग सम्बन्धित सरोकारवालाहरु सँग समन्वय र सहकार्यगरी श्रोत

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

परिचालन गर्दै सेवाको प्रभावकारिता बढाउने कार्यनीति लिईएको छ। यिनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून तथा योजनाको कार्यान्वयनमा सघाउ पुर्याउन यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** बाल श्रम, बाल दुर्व्यवहार र बाल विवाह मुक्त प्रदेश निर्माणका लागि सामाजिक परिचालनको माध्यमबाट सचेतना जगाउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. जिल्ला बाल अधिकार समितिको बैठकबाट जिल्लामा सबैभन्दा बढी बाल विवाह बालबालिका माथि हुने दुर्व्यवहार र बालश्रमबाट प्रभावित ३ वटा स्थानीय तह छनोट गर्ने।

ख. छनोट भएका स्थानीय तह तथा बालबालिकाको क्षेत्रमा काम गर्ने सरोकारवाला निकायहरु बीच समन्वय गरी अन्तरक्रिया, गोष्ठी, लगायतका सचेतनामूलक कार्यक्रमहरु आयोजना गर्ने।

ग. स्थानीय तहमा बालबालिका सम्बन्धी कानून, कार्यविधि, कार्ययोजना बनाउन सहजीकरण गर्ने।

घ. स्थानीय तहमा रहेका मौजुदा बालसंरक्षण समिति, महिला विकास समूह/समिति, किशोर किशोरी सञ्जाल, बालक्लव, शिक्षक, अविभावक तथा नागरिक समाजसँग समन्वय गरी परिचालन गर्ने।

ङ. लुम्बिनी प्रदेशमा रहेका डिभिजन कार्यालयको कार्यक्षेत्र भित्रका सामुदायिक रेडियो तथा एफ.एम. मार्फत डकुमेन्ट्री तथा जिङ्गल उत्पादन तथा प्रशारणका लागि सहकार्य गर्ने गरी नियमानुसार सम्झौता गरी प्रशारणको व्यवस्था गर्ने।

च. पर्चा, पोष्टर, ब्रोसियर मोवाईल SMS तथा होर्डिङबोर्ड जस्ता माध्यमबाट समेत सचेतना अभिवृद्धि गर्ने व्यवस्था मिलाउने।

५. **कार्यक्रम सञ्चालन स्थान :**लुम्बिनी प्रदेशका २ जिल्ला (कपिलवस्तु र बाँके)

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय :** सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन :**स्वीकृत कार्यक्रमको परिधि भित्र प्रचलित ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि :**बालश्रम, बालदुर्व्यवहार र बालविवाह विरुद्ध सामाजिक परिचालनको माध्यमबाट सचेतना अभिबृद्धि भई बालश्रम र बालविवाहमा कमी आएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :**सामाजिक विकास मन्त्रालय र निर्देशनालय

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** सामाजिक विकास महाशाखा र मातहतका निकायले नियमित कार्यक्रम प्रतिवेदन तयार गर्नुपर्नेछ, सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नुपर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# बाल हेल्प लाइन स्थापना तथा सञ्चालन अनुदान

**१. कार्यक्रमको विवरणः**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | वटा | १ | २००० | | | | मन्त्रालय |
| संस्था /समितिलाई अनुदान | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** बालबालिका संवेदनशील उमेरका नागरिकहरु हुन। भविश्यका कर्णधार भनि चिनिने बालबालिकाको सुरक्षित र सुनिश्चित भविश्यका लागि उनीहरुको अधिकार संरक्षण महत्वपूर्ण पक्ष हो। प्रविधि र विकासका गति संगै बालबालिकाको संरक्षणको सवाल पनि चुनौतीपूर्ण भईरहेको छ। संविधानमा बालबालिकाको हकको सुनिश्चितता हुँदाहुँदै पनि पूर्ण सुरक्षित नभईरहेको अर्थात धेरै बालबालिकाहरु अहिले पनि जोखिमपूर्ण जीवन विताउन बाध्य छन। बालबालिकाका संरक्षणका सवालहरु बाल संबेदनशील ढंगबाट तथा प्रभावकारी समाधान, प्रतिकृयाका तथा सम्प्रेषणका लागी प्रदेश भित्रहुने यस्ता घटनाहरुको तुरुन्त जानकारी गराउन प्रदेश सरकार सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेशले गैर सरकारी संस्थाको साझेदारीमा टोल फ्रि नं.(शुल्क नलाग्ने नम्बर) संचालनका लागि बाल हेल्पलाइन स्थापना र सञ्चालन कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :**

प्रदेश भित्र बाल बालिकाहरु माथि हुने बिभिन्न दुर्व्यवहार, बाल बिवाह, यातना, बेचबिखन, बाल श्रम जस्ता बिभिन्न बाल संरक्षणका सवाल तथा बाल अधिकार हननका घटनाहरु र जोखिममा परेका बाल बालिकाहरुलाई तत्काल उद्धार, संरक्षण,कानुनी सहायता तथा अन्य आवश्यक सहयोग गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. प्रदेश बालहेल्पलाईन सञ्चालन कार्यबिधि निर्माण गर्ने।

ख. स्वीकृत कार्यबिधिका आधारमा राष्ट्रिय बाल अधिकार परिषदबाट स्वीकृती प्राप्त गैरसरकारी संस्थाको साझेदारीमा मन्त्रालयमा सूचीकृत संस्थाहरुबाट प्रदेशस्तरमा बाल हेल्पलाईन सेवा सञ्चालनका लागि प्रस्ताव आव्ह्यन गर्ने।

ग. पेश भएका प्रस्तावहरु मध्ये प्रचलित कानून बमोजिम उपयुक्त संस्था छनोट गर्ने।



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

घ. मन्त्रालयबाट छनोट भई बाल हेल्पलाईनसेवा सञ्चालनका लागि स्वीकृती प्राप्त संस्थाले प्रदेश सरकारको सहयोग र साझेदारीमा बाल हेल्पलाईनसेवा सञ्चालनका लागि कार्यबिधि बमोजिम सम्झौता गरी प्रदेश स्तरीय सेवा प्रदान गर्ने।

५. **कार्यक्रम सञ्चालन स्थानः** लुम्बिनी प्रदेशको राजधानी बुटवल।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय :**सामाजिक विकास मन्त्रालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन :**प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली  तथा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका २०७५ र प्रदेश बाल हेल्पलाईन सम्बन्धी कार्यबिधि एवं सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि :** बाल हेल्प लाइन स्थापना तथा सञ्चालन सम्बन्धी कार्यबिधि निर्माण भइ प्रदेशमा बालहेलपलाईन सेवा सञ्चालन भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :**मुख्य मन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय र सामाजिक विकास मन्त्रालय (लुम्बिनी प्रदेश )

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** बाल हेल्पलाइन सञ्चालनका लागि छनोट भएको साझेदार निकाय /संस्थाले सम्झौतामा उल्लेख गरे अनुसार प्रदान भएको सेवा सम्बन्धी मासिक/ चौमासिक तथा वार्षिक प्रतिबेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ भने सामाजिक विकास मन्त्रालयले चौमासिक तथा बार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नुपर्नेछ।

## बाल उद्धार कोष

१. कार्यक्रमको विवरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | १००० | | | | मन्त्रालय |
| अन्य | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** लुम्बिनी प्रदेश, बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४५मा प्रदेश बाल कोष स्थापना सम्बन्धि व्यवस्था रहेको छ। त्यसैगरी ऐनमा बिशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाको उल्लेख गरेको छ। सोही बमोजिम प्रदेशभित्र विभिन्न  किसिमले जोखिममा

परेका, जोखिमउन्मुख तथा बिपदमा परेका बालबालिकाहरुको तत्काल उद्दार, राहत, अल्पकालिन तथा दीर्घकालिन सरक्षण, औषधी उपचार, मनो-सामाजिक परामर्श, परिवारिक पुनर्स्थापना गर्ने र पुनर्स्थापना गर्न संभव नभएका बालबालिकालाई बालअधिकार सरक्षण केन्द्रमा सिफारिस गर्नुका साथै उनिहरुको आवश्यकता अनुसार कानूनी उपचार, शिक्षा लगायतका विषयहरुको व्यवस्थापनका लागि वजेट आबश्यक हुने भएकोले प्रदेश सरकारले कानून निर्माण गरी सोही बमोजिम सञ्चालन हुनेगरी बाल उद्धारकोष स्थापना र सञ्चालन गर्न लागेको हो।

३. **कार्यक्रमको उद्देश्य :** प्रदेश भित्र विभिन्न कारणबाट विशेष संरक्षणको आवश्यक्ता परेका बालबालिकाहरुको उद्धार, राहत तथा पुनर्स्थापनाका माध्यमबाट बाल अधिकारको सुनिश्चित गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. लुम्बिनी प्रदेश, बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४५ बमोजिम बाल कोष (स्थापना र सञ्चालन) सम्बन्धी नियमावली निर्माण गर्ने।

ख. नियमावली बमोजिम गरी कोष सञ्चालन र व्यवस्थापन गर्ने।

५. **कार्यक्रम सञ्चालन स्थान :** लुम्बिनी प्रदेश।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय :**सामाजिक विकास मन्त्रालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन :** प्रदेश बालकोष स्थापना तथा सञ्चालन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि :** विभिन्न किसिमको जोखिम तथा विपदमा परेका बालबालिकाहरुको तत्काल उद्धार, राहत, पुनर्स्थापनाको माध्यमबाट बाल अधिकारको सुनिश्चितता भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :** सामाजिक विकास मन्त्रालय, प्रदेश बाल अधिकार समिति।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली :** जिल्लाबाट भएको खर्चको विवरण कोष सञ्चालक समितिमा पेश गर्ने र सञ्चालक समितिबाट संरक्षणका लागि भएको खर्चको विवरण प्रदेश बाल अधिकार समिति तथा सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। उक्त प्रतिबेदन मन्त्रालयले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

## सार्वजनिक सेवा / सरकारी सेवामा कार्यरत कर्मचारीहरुका लागि प्रदेश स्तरीय शिशु स्याहार केन्द्रको स्थापना र सञ्चालन

**१. कार्यक्रमको विवरण**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १ | १००० | | | | मन्त्रालय |
| अन्य | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** :राज्य सङ्घीय संरचनामा गए संङ्गै प्रशासनको समेत पुनर्संरचना गरिएको छ। विगतमा राज्यको विभिन्न निकायमा कार्यरत कर्मचारी हाल राज्यका विभिन्न तहमा समायोजन भईसकेको अवस्था छ।समायोजन ऐन २०७४ अनुसार अधिकांश कनिष्ठ कर्मचारी प्रदेश तथा स्थानीय तहमा समायोजन भएका छन। हाम्रो सामाजिक संरचना र अभ्यासले सेवामा प्रवेश संङ्गै आफ्नो प्रजनन अधिकार र पारिवारिक गतिबिधि समेत अगाडि बढाउन महिला कर्मचारीलाई निकै कठिन छ। तसर्थ घर परिवारबाट टाढा भइ वा घरमा आफ्ना सन्तान/ छोरी छोरालाइ हेरचाह गर्ने व्यक्ति नहुँदा कार्यालय समयमा समेत बालबालिकाको व्यस्थापन गर्न नसक्दा कर्मचारीहरुको कार्यसम्पादनमा कमी आउने, शिशुहरुको शारीरिक तथा मानसिक विकासमा नकारात्मक असर पर्ने र बाल अधिकारको संरक्षणमा बाधा पुग्ने भएकोले विद्यालय जाने उमेर नहुँदासम्म सार्वजनिक सेवा / सरकारी सेवामा (प्रदेश सरकार अन्तर्गतका विभिन्न निकायमा) कार्यरत कर्मचारीहरुका शिशुहरुलाइ रेखदेख गर्न आवश्यक भएकोले दिवा शिशु स्याहार केन्द्रको स्थापना र सञ्चालन कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** : कार्यालय समयमा आमाबाबुबाट हेरचाह एवं रेखदेख पाउन नसक्ने सार्वजनिक सेवा / सरकारी सेवामा प्रदेश सरकार अन्तर्गतका विभिन्न निकायमा कार्यरत कर्मचारीहरुका शिशुहरुको सहज वातावरणमा हुर्कन पाउने अधिकारको सुनिश्चित गर्दै उनीहरुको शारिरिक , मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउने र कर्मचारीको सहज कार्यवातावरण सृजना गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया** :

क. मन्त्रालय द्धारा सार्वजनिक सेवा / सरकारी सेवामा कार्यरत कर्मचारीहरुका शिशुहरुको लागि प्रदेश दिवा शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन कार्यविधि निर्माण गर्ने।

ख. दिवा शिशु स्याहार केन्द्र राख्नका लागि सरकारी भवनका लागि मन्त्रालयले प्रदेश सरकार/मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसँग अनुरोध गर्ने।

ग. सरकारी भवन उपलब्ध हुन नसकेमा मन्त्रालयले उपयुक्त घर भाडामा लिनका लागि सूचना अव्ह्यान गर्ने।

घ. उक्त घरको शिशुमैत्री भौतिक संरचना व्यवस्थापन प्रदेश सरकार/मन्त्रालयले गर्ने।

ङ. गैरसरकारी संघ संस्थाको साझेदारीमा दिवा शिशु स्याहार केन्द्रको व्यवस्थापन र प्रभावकारी रुपमा सञ्चालन गर्न मन्त्रालयमा सूचीकृत संस्थाहरुबाट प्रस्ताव आव्ह्यान गर्ने।

च. पेश हुन आएका प्रस्तावहरु मध्ये प्रचलित कानून बमोजिम छनौट भएको संस्थासँग सम्झौता गरी संस्था मार्फत शिशु स्याहार केन्द्र सञ्चालन गर्ने।

छ. यसमा बालमन्दिर वा यसै प्रकृतिको संस्थासँग पनि समन्वय गरी कार्यन्वयन गर्न सकिनेछ।

५. **कार्यक्रम सञ्चालन स्थान** : लुम्बिनी प्रदेशको राजधानी।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास मन्त्रालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित कानून तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट र कार्यबिधि अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धि** : प्रदेश सरकारका विभिन्न निकायमा कार्यरत सार्वजनिक सेवा / सरकारी सेवामा कार्यरत कर्मचारीहरुका शिशुहरुको लागि दिवा शिशु स्याहार केन्द्रको व्यवस्थापन भई सञ्चालनमा आएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** : प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली** : छनौट भएको संस्थाले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। उक्त प्रतिबेदन सामाजिक विकास मन्त्रालयले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

## महिला, अपाङ्गता भएका व्यक्ति, बृद्धाश्रममा आश्रित ज्येष्ठ नागरिकहरुको अवस्था अध्ययन, विश्लेक्षण र प्रतिबेदन

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक/ वटा | ५ | १५०० | | | | म.अ.ज्ये.ना.को१/१ वटा अध्ययन गर्ने |
| (अन्य) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** : नेपालको संविधानमा मौलिक हक अन्तर्गत धारा २९ मा महिलाको हक सम्बन्धी व्यवस्था गरिएको छ। लैङ्गिक मूलप्रवाहीकरण तथा सशक्तिकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजनाहरु कार्यान्वयनमा आएका छन। यति हुँदाहुँदै पनि आशातित उपलब्धि हाँसिल हुन सकेको छैन। यस कार्यक्रमको माध्यमबाट परीक्षणको रुपमा २ वटा जिल्ला (पहाडी जिल्ला मध्ये अर्घाखाँची र तराई जिल्ला मध्ये कपिलवस्तु) का महिलाहरुको हालको सामाजिक तथा आर्थिक अवस्था अध्ययन विश्लेषण गरी उनीहरुको समस्या, समाधानका उपाय, आवश्यकताको पहिचान, समता र समानताका प्रभाव, महिलाहरुको सर्वोतम हित तथा सर्वाङ्गिण विकासका अवसर जस्ता कुराहरुको अध्ययन र बिश्लेषण गरी प्रतिबेदन प्रकाशन गर्नाले महिलाहरुको विद्ममान अवस्थाको जानकारी हुनुका साथै आगामी दिनहरुमा आवश्यकता पहिचान र योजना तर्जुमामा सहयोग पुग्न सक्दछ।

नेपालको जनगणना २०६८ अनुसार कुल जनसंख्याको १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेकाछन्। यस प्रदेशमा राष्ट्रिय जनगणना २०६८ का अनुसार ८५,२७६ मानिसहरु विभिन्न खालका अपाङ्गता भएका छन्। यसमध्ये ४६५२९ (५४.६ प्रतिशत ) पुरुष र ३८७४७ (४५.४ प्रतिशत) महिला रहेका छन्। अपाङ्गता मानिसहरु प्रदेशको कुल जनसंख्याको १.९ प्रतिशत जति रहेकाछन् जुन राष्ट्रिय तथ्याङ्क संग सामिप्य छ। त्यस पछाडि अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क के कति थपघट भयो एकिन तथ्याङ्कछैन् जुन विस्तृत रुपमा आउनको लागि राष्ट्रिय जनगणना अघि संभव पनि छैन। तसर्थ यस क्षेत्रका तराइको जिल्ला मध्ये बाँके र पहाडको जिल्ला मध्ये गुल्मी गरी २ जिल्लामा अध्ययन कार्य सिमित गरी अपाङ्गता भएका व्यक्तिहरुका लागि सञ्चालित पुनर्स्थापना केन्द्रहरु आश्रित अपाङ्गता भएका व्यक्तिहरुको अवस्था र समस्या पहिचान गरी आगामी आ.व.हरुमा



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

संचालन गरिने कार्यक्रमको तर्जुमा गर्न,समस्याको पहिचान गरी समाधानका उपायहरु खोज्न र अपाङ्गता भएका ब्यक्तिहरुसंग सम्बन्धित नीति तथा योजनाहरू तयार गर्न सहज पुग्न सक्दछ। ज्येष्ठ नागरिकहरु राष्ट्रका अमूल्य निधि र सँस्कृतिका धरोहर हुन। नेपालको जनगणना २०६८ को पछिल्लो तथ्यांकले नेपालमा ज्येष्ठ नागरिकको संख्या कूल जनसंख्याको ८.१३ प्रतिशत रहेको छ भने औषत आयुको बढोत्तरीसंगै ज्येष्ठ नागरिकको संख्या पनि दिन प्रति दिन तीब्र बढदै गइरहेको छ। विश्वव्यापीकरणले ल्याएको उदार अर्थनीतिका साथै मानव विकास भन्नु नै freedom to choice भन्ने अमार्त्य सेनको भनाइले सर्वव्यापकता भएसंगै हाम्रो मूलुकका धेरै युवाहरु ( ग्रामीण तथा शहरी) अवसरको र स्वतन्त्राको खोजीमा विदेशिने क्रम बढदो छ। यसरी यूवा जमात विदेशिने क्रमसंगै घरमा रहेका वृद्ध बाबु, आमा, हजुरबा, हजुरआमाको जीवन एकाङ्की र संरक्षणविहिन हुन पुगेको अवस्थामा लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा सञ्चालित बृद्धाश्रम तथा ज्येष्ठ नागरिक केन्दहरुमा आश्रित भएको अवस्था छ भने अर्को तर्फ यस मन्त्रालयले विभिन्न जिल्लामा रहेका संरक्षण केन्द्रमा आश्रित ज्येष्ठ नागरिकहरुलाई विभिन्न कार्यक्रम मार्फत सहयोग पनि गर्दै आईरहेको छ। तसर्थ लुम्बिनी प्रदेशका विभिन्न जिल्ला मध्ये गुल्मी र पाल्पामा पर्ने रुरु क्षेत्रमा सञ्चालित बृद्धाश्रम, मन्त्रालयको सहयोग रहेको निलसागर असहाय अशक्त तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, बाँके तथा मानव सेवा आश्रम, बुटवलमा आश्रित ज्येष्ठ नागरिकको अवस्थाबारे अध्ययन गरी मन्त्रालयबाट सहयोग प्राप्त आश्रममा रहेका व्यक्ति र अन्य आश्रममा रहेका व्यक्तिहरुको अवस्थाबारे जानकारी प्राप्तगर्दा अगामी दिनमा ज्येष्ठ नागरिकहरुको आवश्यकता अनुरुपको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सहजहुन सक्दछ। तसर्थ यी सबै पक्षलाई मनन गरी महिला, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको अवस्था अध्ययन विश्लेषण र प्रतिबेदन सम्बन्धी (जम्मा ३ वटा ) छुट्टाटुट्टै अध्ययन कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** लुम्बिनी प्रदेशका महिलाहरु, पुनर्स्थापना केन्द्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरु, बृद्धाश्रममा आश्रित ज्येष्ठ नागिरकहरुको हालको अवस्थाको अध्ययन तथा विष्लेषण गरी प्रतिवेदनका माध्यमबाट हालको अवस्था र सवालबारे जानकारी प्राप्त गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. सम्बन्धित विषय क्षेत्रको अध्ययन विश्लेषण र प्रतिवेदनका लागि प्रचलित कानून बमोजिम सूचीकृत संघ संस्थाहरु वा परामर्शकर्ता/दाताबाट प्रस्ताव पेशका लागि सूचना प्रकाशन गर्ने।

ख. यस सम्बन्धी Request for proposal (RFP) तयार गर्ने।

ग. प्राप्त प्रस्तावहरु मध्येबाट प्रचलित कानूनका आधारमा उपयुक्त संस्था/ परामर्शकर्ता/दाताको छनौट गर्ने।

घ. संस्था/परामर्शकर्ता/दाताको TOR बनाइ निजसँग संम्झौता गरी सेवा लिने।

ङ. कार्यक्रम कार्यन्वयन परामर्श सेवा खरिदबाट गर्न सकिनेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

च. एउटा विषयको अध्ययन एक संस्था/परामर्शकर्ता/दाता भन्दा बढीलाई र एउटै संस्था/ परामर्शदाता/कर्तालाई एक भन्दा बढी अध्ययनको कार्य प्रदान गरिने छैन।

५. **कार्यक्रम सञ्चालन स्थान** : महिला सम्बन्धि अध्ययनका लागि अर्घाखाँची र कपिलवस्तु, अपाङ्गता सम्बन्धी अध्ययनका लागि बाँके र गुल्मी, ज्येष्ठ नागरिक सम्बन्धी अध्ययनका लागि गुल्मी, पाल्पा, बाँके र रुपन्देही।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास मन्त्रालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** :स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि** : महिला, अपाङ्गता भएका व्यक्तिहरु र बृद्धाश्रममा आश्रित ज्येष्ठनागरिकको अबस्थाबारे जानकारी र भावी नीति तथा योजना तर्जुमामा लागि सुझाव सहितको अध्ययन प्रतिबेदन तयार भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय र मातहतका निकाय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली**: अध्ययन कर्ताले सम्झौतामा उल्लेख गरे अनुसार सामाजिक विकास मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ र सो प्रतिबेदन सामाजिक विकास मन्त्रालयले बार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

११. **खर्च क्षेत्रः** अध्ययन मस्यौदा समितिको खर्च, अन्तरक्रिया गर्दा लाग्ने खर्च, विज्ञबाट पुनरावलोकन खर्च, परामर्शदाताको खर्च आदि यसैमा समावेश हुनेछ।

## पिछडा वर्गलाई सीपमूलक तालिम सञ्चालन चालु अनुदान

१. **कार्यक्रमको विवरणः**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | वटा | १ | २०० | | | | रुपन्देही |
| गैर सरकारी सामाजिक क्षेत्रमा सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिईने चालु अनुदान | | | | | | | |



सामाजिक विकास मन्त्री

२. **कार्यक्रमको संक्षिप्त परिचय :** समाजमा सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक र साँस्कृतिक रुपमा पछाडि परेका दलित तथा जनजातिको सूचीमा नपरेका जातजातिलाई पिछडावर्ग (OBC) भनिन्छ। तराई मधेशमा बसोबास गर्ने कुसवाहा, कुर्मी, कुम्हार, कहाँर, कमार, केवट, कलार, तेली, नूनीया, बानिया, लोध, सुडी, हजाम, अमात, सैनी, सुनार, बोट, बडै, जोडीया, माली, मल्लाह आदि थुप्रै जातजाति यस वर्गमा पर्दछन। लोकतान्त्रिक विकासको संगसंगै मानव अधिकार, लैङ्गिक समानता, महिला सशक्तिकरण जस्ता थुप्रै प्रयास भएपनि पिछडावर्गका महिलाहरुको अवस्था झनै कमजोर रहेको पाईन्छ। परम्परागत सामाजिक मूल्य, मान्यता र हानिकारक अभ्यासका कारण लैङ्गिक हिंसा, सामाजिक विभेद, छुवाछुत तथा दुर्व्यवहार हुनुको साथै उनीहरुको आधारभुत मानवीय आवश्यक्ताको परिपूर्ति समेत हुन नसकेको अवस्था छ। तसर्थ पिछडावर्ग भित्रका विपन्न तथा क्रियाशिल उमेरका विशेषगरी महिलाहरुलाई सीपविकास तालिम सञ्चालन गरी उनीहरुको आर्थिक सशक्तिकरणमा टेवा पुर्याउने गरी यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** पिछडावर्गका विपन्न तथा क्रियाशिल उमेरका विशेषगरी महिलाहरुलाई सीपविकास तालिम प्रदान गरी सीपका माध्यमबाट व्यवसायमा संलग्नहुन उत्प्रेरित गर्ने जीविकोपार्जनमा सहयोग पुर्याउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. सामाजिक विकास डिभिजन कार्यालयमा सूचीकृत पिछडा वर्गको क्षेत्रमा कामगर्ने संस्थाबाट कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्ह्यन गरी सार्वजनिक सूचना प्रकाशन गर्ने।

ख. पिछडा वर्ग महासँघ लुम्बिनी प्रदेश सँगको समन्वयमा २० जना सहभागी हुनेगरी तालिमको विषय र क्षेत्र छनोट गर्ने।

ग. उपयुक्त विषय, स्थान र प्रशिक्षकहरु छनोटका लागि कार्यालबाट सहजीकरण गर्नुपर्नेछ।

घ. कार्यालयमा परेका प्रस्ताव मध्ये कानून बमोजिम उपयुक्त संस्था छनोट गर्ने।

ङ. छनोट भएको संस्थासंग सम्झौता गरी तालिम कार्यक्रम संस्था मार्फत सञ्चालन गराउने।

च. तालिमको सञ्चालन र व्यवस्थापन पक्षको अनुगमन कार्यालयले गर्ने।

५. **कार्यक्रम सञ्चालन स्थान :** सामाजिक विकास डिभिजन कार्यालय रुपन्देहीको कार्यक्षेत्र भित्रका जिल्लाको कुनै स्थान।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय :** सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन :** प्रचलित आर्थिक ऐन, नियमावली तथा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका २०७५ र सीप विकास तालिम सम्बन्धी प्रचलित कार्यबिधि एवं सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

८. **अपेक्षित उपलब्धि :** २० जना पिछडा वर्गका विपन्न तथा क्रियाशिल उमेरका विशेषगरी महिलाहरुले सीप सम्बन्धी तालिम प्राप्त गरी व्यवसाय उन्मुख भएका हुनेछन।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :** सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली:** कार्यक्रम सञ्चालनकालागि छनोट भएको संस्थाले तालिम सम्पन्न प्रतिबेदन सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेशगर्नेछ। सो प्रतिबेदन डिभिजन कार्यालयले मन्त्रालयमा पठाउने छ। मन्त्रालयले मासिक/चौमासिक / वार्षिक प्रतिबेदन मार्फत सो प्रगति सम्प्रेषण गर्नेछ।

## अपाङ्गता भएका व्यक्तिहरुको लागि पुनर्स्थापना केन्द्र सञ्चालन अनुदान

१. **कार्यक्रमको विवरण:**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्बितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | वटा | ३ | १५०० | | | | बाँके, दाङ र गुल्मी |
| गैर सरकारी सामाजिक क्षेत्रमा सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिईने चालु अनुदान | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** अति अशक्त र असहाय अपाङ्गता भएका व्यक्तिले सामाजिक तथा आर्थिक रुपले कष्टपुर्ण जीवनयापन गर्न वाध्य भएका हुन्छन्। ती व्यक्तिको लागि अल्पकालिन, दीर्घकालीन पुनर्स्थापना तथा दिवा सेवा केन्द्र सञ्चालन गरी विभिन्न संघ संस्थाहरुले सेवा प्रदान गर्दै आएका छन्। यस्ता अपाङ्गता भएका व्यक्तिका लागि आवास, खाजा, खाना, लत्ताकपडा, उपचार तथा मनोसामाजिक परामर्श सेवा उपलव्ध गराउने आवश्यकता अनुसार सीप विकास तालिम सञ्चालन गरी सीपयुक्त वनाउने साथै स्वास्थ्योपचार गराउने लगायतका क्रियाकलापहरु प्रदेश सरकारको सहयोग र गैरसरकारी संघसंस्था सँगको साझेदारीमा सञ्चालन गर्ने गरी यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** अपाङ्गता पुनर्स्थापना केन्द्रलाइ सहयोग गरी अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण र सशक्तिकरणमा टेवा पुर्याउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

क. सम्बन्धित जिल्लामा सूचीकृत र पुनर्स्थापना केन्द्र सम्बन्धी कार्यगर्ने संस्थाबाट सेवा सञ्चालनका लागि दरखास्त आव्हान गरी ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने।

ख. दरखास्त परेका संस्थाहरुमध्ये प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्था छनौट गर्ने।

ग. सेवा प्रदायक संस्था सँग सम्झौता गरी २ किस्तामा अनुदान प्रदान गर्ने।

घ. छनौट भएको संस्थामार्फत कार्यक्रम सञ्चालन गरी डिभिजन कार्यालयले नियमित अनुगमन गर्ने।

५. **कार्यक्रम सञ्चालन स्थान** : बाँके, दाङ र गुल्मी।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गरी कार्यक्रमको सार्वजनिक परीक्षण समेत यसै बजेटबाट गराउनु पर्नेछ।

८. **अपेक्षित उपलब्धि** : अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण सशक्तिकरण तथा सामाजिक पुर्नस्थापनामा टेवा पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** : सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली** : छनौट भएको संस्थाले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सम्बन्धीत जिल्ला हेर्ने सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुपर्नेछ। सामाजिक विकास डिभिजन कार्यालयले चौमासिक/ बार्षिक रुपमा मन्त्रालयमा पठाउनु पर्ने र उक्त प्रतिबेदन मन्त्रालयले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

## दोभाषे तालिमका लागि बहिरा तथा सुस्त श्रवण संघलाई चालु अनुदान

१. **कार्यक्रमको विवरण:**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | वटा | १ | ५०० | | | | रुपन्देही |
| गैर सरकारी सामाजिक क्षेत्रमा सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिईने चालु अनुदान | | | | | | | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

२. **कार्यक्रमको संक्षिप्त परिचय :** नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा १९मा सञ्चारको हक र धारा २७ मा सूचनाको हक सम्बन्धी व्यवस्था रहेको छ। हरेक नागरिकलाई आफ्नो जीवनसँग सम्बन्धित सूचना र सञ्चार प्राप्त गर्नु मानव अधिकारको दृष्टिकोणले पनि त्यतिकै महत्वपूर्ण हुन्छ। अपाङ्गताका १० प्रकार मध्ये बहिरा तथा सुस्त श्रवण भएका व्यक्तिहरुको शारीरिक तथा मानसिक क्षमता बलियो देखिन्छ। तर सहज श्रवणको अभावमा उनीहरुको सञ्चार गितिबिधिमा विभिन्न अबरोधहरु रहेका हुन्छन भने अर्को तर्फ बहिरा तथा सुस्त श्रवण व्यक्तिहरुको अधिकारका विषयमा समुदाय स्तरमा जानकारीको अभाव पाईन्छ। जसका कारण उनीहरुले पाउने सेवा सुविधा प्राप्त गर्न नसकिरहेको अवस्था भएकोले उनीहरुको सूचनाको हक सम्बन्धी संबैधानिक हक संरक्षण र सम्वर्धनका लागि पनि दोभाषेको माध्यमबाट सूचना सम्प्रेषण गरी सहजीकरण गर्नु उपयुक्त देखिन्छ। तसर्थ बहिरा तथा सुस्त श्रवण क्षेत्रमा काम गर्न ईच्छुक व्यक्ति तथा संघ संस्थाका प्रतिनिधिहरु र स्थानीय तहमा सामाजिक विकास महाशाखा/शाखामा कार्यरत कर्मचारी तथा अपाङ्गताको क्षेत्रमा सहजिकरण गर्ने व्यक्तिको लागि प्रदेश स्तरीय बहिरा तथा सुस्त श्रवण संघमार्फत दोभाषे तालिम संचालन गर्न यो तालिम कार्यक्रम तय गरिएको गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** बहिरा तथा सुस्त श्रवण भएका व्यक्तिहरुको संवैधानिक अधिकारको सुनिश्चितता गर्दै सेवा सुविधामा पहुँच र सहभागिता बृद्धिमा सहयोग पुर्याउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. सामाजिक विकास डिभिजन कार्यालयले सम्बन्धित संस्थालाई कार्यक्रमको बारेमा जानकारी गराउने।

ख. अनुदानका लागि प्रस्तावना पेश गर्न सूचित गर्ने/ पत्राचार गर्ने।

ग. पेश हुन आएको प्रस्तावना र विनियोजित बजेटको परिधिभित्र रही सम्झौता गरी २ किस्तामा अनुदान उपलब्ध गराउने।

घ. स्वीकृत बजेट तथा कार्यक्रमको मर्म अनुरुप कार्यक्रम सञ्चालनका लागि संस्थासँग समन्वय गरी तालिम सञ्चालनका लागि सहजीकरण गर्ने।

५. **कार्यक्रम सञ्चालन स्थान :** रुपन्देही।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय :** सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन :** स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि :** दोभाषे तालिम सम्पन्न भई लुम्विनि प्रदेशका विभिन्न निकायबाट प्रदान हुने सेवा सञ्चार र सूचनामा बहिरा तथा सुस्त श्रवण व्यक्तिहरुको पहुँच बृद्धि भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :** सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** कार्यक्रम सञ्चालनका अनुदान प्राप्त संस्थाले तालिम सम्पन्न प्रतिबेदन सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेशगर्नेछ। सो प्रतिबेदन डिभिजन कार्यालयले मन्त्रालयमा पठाउने छ। मन्त्रालयले मासिक/चौमासिक / वार्षिक प्रतिबेदन मार्फत सो प्रगति सम्प्रेषण गर्नेछ।

## सुस्त-मनस्थिति बालमन्दिर बुटवललाई विशेष खेलकुद कार्यक्रम सञ्चालन अनुदान

१. **कार्यक्रमको विवरणः**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | पटक | १ | ३०० | | | | रुपन्देही |
| गैर सरकारी सामाजिक क्षेत्रमा सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिईने चालु अनुदान | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** : विभिन्न प्रकारका अपाङ्गता मध्ये वौद्धिक अपाङ्गता बढि सम्वेदनशील र जटिल मानिन्छ। अतः यस किसिमका सुस्तमनस्थिति भएका बालवालिकाहरुमा रहेको फरक क्षमतालाई उपयोग गर्नका लागि तथा उनीहरु विरुद्ध हुने भेदभाव अन्त्य गरि उनीहरुलाई शारीरिक, मानसिक र सामाजिक रुपमा सक्षम बनाउने साथै आफू कमजोर छु भन्ने भावनाको अन्त्य गरि उनीहरुको मनोबल वृद्धि गर्नको लागि यस कार्यक्रमको तर्जुमा गरिएको छ।

३. **कार्यक्रमको उद्देश्य** : सुस्त मनस्थिति भएका बालवालिकाहरुलाई खेलकूदको अवसर प्रदान गरी शारीरिक मानसिक र सामाजिक रुपमा सक्षम भएको अनुभूती प्रदान गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया** :

क. सामाजिक विकास डिभिजन कार्यालयले सम्बन्धित संस्थालाई कार्यक्रमको बारेमा जानकारी गराउने

ख. अनुदानका लागि प्रस्तावना पेश गर्न सूचित गर्ने/ पत्राचार गर्ने।

ग. पेश हुन आएको प्रस्तावना र विनियोजित बजेटको परिधिभित्र रही सम्झौता गरी २ किस्तामा अनुदान उपलब्ध गराउने।

घ. स्वीकृत बजेट तथा कार्यक्रमको मर्म अनुरुप कार्यक्रम सञ्चालनका लागि संस्थासँग समन्वय गरी खेलकुद सञ्चालनका लागि सहजीकरण गर्ने।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

५. **कार्यक्रम सञ्चालन स्थान** : बुटवल।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धि** : सुस्त मनस्थिति भएका बालबालिकाको सहभागितामा खेलकुद सम्पन्न भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** : सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालय र सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली**: कार्यक्रम सञ्चालनका अनुदान प्राप्त संस्थाले खेलकुद कार्यक्रम सम्पन्न प्रतिबेदन सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेशगर्नेछ। सो प्रतिबेदन डिभिजन कार्यालयले मन्त्रालयमा पठाउने छ। मन्त्रालयले मासिक/चौमासिक / वार्षिक प्रतिबेदन मार्फत सो प्रगति सम्प्रेषण गर्नेछ।

## सडक बालबालिकाहरुको उद्धारका लागि संघसंस्थाहरुलाई अनुदान कार्यक्रम

१. **कार्यक्रमको विवरण**:

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | वटा | २ | १००० | | | | रुपन्देही |
| गैर सरकारी सामाजिक क्षेत्रमा सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिईने चालु अनुदान | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** : नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गत धारा ३९ मा बालबालिकाको हक सम्बन्धी व्यवस्था गरेको छ। बालबालिकाहरु शारीरिक तथा मानसिक रुपमा परिपक्क नहुने हुँदा उनीहरुलाई विशेष रुपमा हेरचाह सुविधा र संरक्षणको खाँचो पर्छ। हाम्रो देशमा कतिपय बालबालिकाहरु अभिभावक विहीन अनाथ भएको कारण र कतिपय घरेलु हिंसा सहन नसकि तथा कतिपय कुसंगतमा परी लहै लहैमा बरालिएर सडक बालबलिकाको रुपमा रहेका छन्।त्यस्ता सडक बालबालिकाहरुको पहिचान, तत्काल उद्धार, संरक्षण, मनोसामाजिक विमर्श,



सामाजिक विकास मन्त्री

सामाजिकिकरण, पालन पोषण, स्याहार, उपचार, शिक्षा, पारिवारिक पुनर्मिलन र पुनर्स्थापना साथै पारिवारिक आर्थिक विकास सहयोग पुर्याउन यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** सडक बालबालिकाको जीवनमा सुधार ल्याई सामान्य जीवन निर्वाह गर्नसक्ने सक्षम सबल नागरिक बनाउनु तथा जीवनयापनको लागि बालबालिका सडकमा बस्नु नपर्ने र परिवारमा बस्न सक्ने वातावरण सिर्जना गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. सामाजिक विकास डिभिजन कार्यालयमा सूचीकृत संस्थाहरुबाट सेवा सञ्चालनका लागि प्रस्ताव आव्ह्यन गर्ने।

ख. पेश भएका प्रस्तावहरु मध्ये प्रचलित कानून बमोजिम उपयुक्त संस्था छनोट गर्ने।

ग. कार्यालयबाट छनोट संस्थासँग सेवा सञ्चालनका लागि कार्यबिधि बमोजिम सम्झौता गरी प्रदेश स्तरीय सेवा प्रदान गर्ने।

घ. यस कार्यक्रमको लागि रुपन्देही जिल्लामा मात्र रकम विनियोजन भएता पनि यस सम्बन्धी काम गर्न छनोट भएको संस्थाले लुम्विनि प्रदेशका अन्य जिल्लाबाट समेत आवश्यक्तानुसार सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नुपर्नेछ।

ङ. सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी अनुदान रकम प्रदान गर्दा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यबिधि, २०७६ बमोजिम उद्धार गरिएका बालबालिकाको संख्या र प्रदान गरिएका सेवाको आधारमा मात्र गर्नुपर्ने छ।

५. **कार्यक्रम सञ्चालन स्थान :** लुम्बिनी प्रदेश भरी।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय :** सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन :** स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली, सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यबिधि, २०७६ तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धि :** यस प्रदेश भित्र विभिन्न कारणले सडकमा जीवन विताउन बाध्य सडक बालबालिकाहरुको उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :** सामाजिक विकास डिभिजन कार्यालय तथा सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** कार्यक्रम सञ्चालनका अनुदान प्रास संस्थाले सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम सम्पन्न प्रतिबेदन सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेशगर्नेछ। सो प्रतिबेदन डिभिजन कार्यालयले मन्त्रालयमा पठाउने छ। मन्त्रालयले मासिक/चौमासिक / वार्षिक प्रतिबेदन मार्फत सो प्रगति सम्प्रेषण गर्नेछ।



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# बृद्धाश्रमलाई चालु अनुदान

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | वटा | ३ | १००० | | | | दाङ, गुल्मी र अर्घाखाँची |
| गैर सरकारी सामाजिक क्षेत्रमा सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिईने चालु अनुदान | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** कानूनले तोकेको निश्चित उमेर पुगेका नागरिकहरुलाई ज्येष्ठ नागरिक भनिन्छ। यो विभिन्न देश र परिवेश अनुसार फरक फरक हुन सक्दछ। नेपालको प्रचलित कानूनले ६० वर्ष उमेर पुगेको व्यक्तिलाई ज्येष्ठ नागरिक भनी परिभाषित गरेको छ। जीवनका ६० वसन्त पुरागरेका ज्येष्ठ नागरिकहरु कतिपय अवस्थामा परिवारबाट एक्लै भएर, अपहेलित भएर वा अन्य सामाजिक तथा आर्थिक कारणले बृद्धाश्रमको साहारा लिएर जीवनयापन गरीरहेको अवस्था छ। यस प्रदेशका विभिन्न जिल्लामा यस्ता बृद्धाश्रम सञ्चालनमा रहेका छन। यस किसिमका बृद्धाश्रममा रहेका ज्येष्ठ नागरिकहरुलाई पालन पोषण, स्वास्योपचार सेवा, मनोसामाजिक विमर्श सेवा तथा अन्य दैनिक आधारभूत आवशयक्ताको परिपूर्तिमा सहयोग गर्नु प्रदेश सरकारको समेत कर्तव्य भएकोले यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** प्रदेशका विभिन्न ३ जिल्लामा सञ्चालित बृद्धाश्रमहरुमा आश्रित ज्येष्ठ नागरिकहरुलाई प्रदान गरिने सेवासुविधामा स्तरोन्नती गरी प्रदेश सरकारबाट सहयोग र सम्मान गरेको अनुभूती गराउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. सम्बन्धित जिल्लाका सामाजिक विकास डिभिजन कार्यालयबाट आफ्नो कार्यक्षेत्र भित्र पर्ने उल्लेखित जिल्लाका सूचीकृत बृद्धाश्रमहरुबाट चालु अनुदानका लागि प्रस्ताव पेश गर्न कम्तीमा ३० दिनको सार्वजिनक सूचना प्रकाशन गर्ने।

ख. दरखास्त परेका बृद्धाश्रमहरु मध्ये प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्था छनौट गर्ने।

ग. सेवा प्रदायक संस्था सँग सम्झौता गरी अनुदान प्रदान गर्ने।

घ. सेवा प्रदायक संस्थाले प्रदान गरेको सेवाको डिभिजन कार्यालयले नियमित अनुगमन गर्ने।



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

ङ. एक वा सो भन्दा बढी बृद्धाश्रमबाट माग भई प्रस्ताव पेश हुन आएमा कार्यालयले अनुगमन गरी तत्काल आवश्यक्ता, औचिच्यता र आश्रितको संख्या हेरी विनियोजित रकमबाट ननाघ्ने गरी प्रदान गर्न सक्नेछ।

५. **कार्यक्रम सञ्चालन स्थान** : दाङ, अर्घाखाँची र गुल्मी।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित कानून तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट र कार्यबिधि अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि** : दाङ, अर्घाखाँची र गुल्मीमा सञ्चालित बृद्धाश्रमको सेवा सुदृढीकरणमा सहयोग पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** : सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालय तथा सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली**: बृद्धाश्रमले सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालय तथा कार्यालयले सामाजिक विकास मन्त्रालयमा नियमित प्रतिबेदन पेशगर्नेछ र मन्त्रालयले मासिक/चौमासिक/वार्षिक प्रतिबेदन मार्फत प्रगति सम्प्रेषण गर्नेछ।

## सि. वि. आर. कार्यक्रम सञ्चालनको लागि सि.वि.आर.संस्था अनुदान कार्यक्रम

१. **कार्यक्रमको विवरण**:

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | जिल्ला | १२ | २४०० | | | | १२ जिल्ला |
| अन्य | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** : विगतमा नेपाल सरकारवाट महिला तथा वालवालिका कार्यालय मार्फत समुदायमा आधारित पूर्नस्थापना कार्यक्रम सञ्चालन गरिएको थियो। अपाङ्गताको क्षेत्रमा काम गर्ने गै.स.स. हरुलाई अनुदान दिई शिक्षा, स्वास्थ्य, पहुँच, सशक्तिरण तथा सामाजिक परिचालनको काम प्रभावकारी रहेकोले यसमा निरन्तरता दिन सके अपाङ्गता भएका व्यक्तिको सशक्तिकरणमा टेवा पुग्न सक्ने महशुस गरी यस प्रदेश सरकारले गत आ.व. देखि जिल्ला स्थित CBR संस्थाहरु



सामाजिक विकास मन्त्री

मार्फत सि.वि.आर. कार्यक्रम सञ्चालन गरि अपांगता भएका भएका व्यक्तिको क्षमता विकास, सचेतना विस्तार, सामाजिक परिचालन तथा स्थानीय तहसंगको समन्वय र सहकार्य सहज होस् भन्ने ध्येयले प्रदेश सरकारले यो कार्यक्रमलाई निरन्तरता दिनु परेको हो।

३. **कार्यक्रमको उद्देश्य :** अपाङ्गता भएका व्यक्तिको सामाजिक परिचालन, क्षमता विकास, सि. वि. आर. नेटवर्कको सरलीकरण र स्थानीय तहसंगको समन्वय र सहकार्य गर्दै अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण र सामाजिक पुर्नस्थापना गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. मन्त्रालयबाट सि. वि. आर. कार्यक्रम सञ्चालन निर्देशिका निर्माण गर्ने।

ख. निर्देशिका वमोजिम कार्यालयले सेवा प्रदायक संस्था छनोट गरी सम्झौता गर्ने।

ग. छनौट भएको संस्थामार्फत कार्यक्रम सञ्चालन गर्ने।

घ. कार्यालयले सो को नियमित अनुगमन गर्ने।

५. **कार्यक्रम सञ्चालन स्थान** :लुम्बिनी प्रदेशका १२ जिल्ला।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** :सामाजिक विकास डिभिजन कार्यालयबाट छनौट भएको संस्था।

७. **वजेट खर्च तथा वित्तिय व्यवस्थापन** :स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि :** १२जिल्लामा जिल्ला स्तरीय सि. वि. आर. संस्था मार्फत कार्यक्रम सञ्चालन भई अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक परिचालन, क्षमता विकास, सामाजिक पुर्नस्थापनामा सहयोग पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्ने निकाय :** सामाजिक विकास डिभिजन कार्यालयहरु र सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली** :छनौट भएको संस्थाले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सामाजिक विकास डिभिजन कार्यालयमा, कार्यालयले मन्त्रालयमा पेश गर्नुपर्नेछ। उक्त प्रतिबेदन सामाजिक विकास मन्त्रालयले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# वृद्धाश्रमलाई पूँजीगत अनुदान

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४२३ | वटा | ६ | १२०० | | | | पाल्पा, दाङ र कपिलवस्तु डिभिजन |
| भवन निर्माण | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** : नेपालको विद्यमान कानूनी व्यवस्था अनुसार ६० वर्ष उमेर समुहभन्दा माथि उमेर भएका व्यक्तिलाई ज्येष्ठ नागरिक भनेर परिभाषित गरेको छ। कतिपय ज्येष्ठ नागरिक आमा बुबाहरु विभिन्न कारणले परिवारबाट एक्लिन बाध्य भएका छन्। असहाय र परित्यक्त जेष्ठ नागरिकको संरक्षणका लागि आवश्यक व्यवस्थापन गर्नु सरकारको दायित्व हुन्छ। जीवनको उत्तरार्धका दिनहरु ज्येष्ठ नागरिकहरुको लागि कस्टकर हुने गरेका छन्। परिवारबाट हेरचाह गर्नुपर्ने दायित्व भएका सदस्य सँगै नहुँदा वा आफ्नै सन्तान नभई एक्लो जीवन विताउन वाध्य र परिवारवाट परित्यक्त ज्येष्ठ नागरिकहरुको संरक्षण विभिन्न बृद्धाश्रमले गरिरहेका छन् भने कतिपय अवस्थामा ज्येष्ठ नागरिक संस्थाहरुले दिवा सेवा केन्द्रहरु मार्फत समेत सेवा दिईरहेका छन। यस्ता बृद्धाश्रम तथा दिवा सेवा केन्द्रहरुमा पूँजीगत निर्माण, मर्मत सम्भार तथा कतिपय अवस्थामा फर्निचर तथा फिक्चर्स, मेशिनरी सामान लगायतका तत्काल खर्च भएर नजाने सामानको व्यवस्थापन हुन नसक्दा त्यहाँबाट प्रदान गरिने सेवाको प्रभावकारितामा असर पर्नुको साथै ज्येष्ठनागरिक मैत्री संरचना नहुँदा ज्येष्ठ नागरिक हरुको दैनिकीमा प्रभाव परेको देखिन्छ। तसर्थ बृद्धाश्रममा अत्यावश्यक पूँजीगत सहयोग गरी आश्रित ज्येष्ठ नागरिकहरुको संरक्षणमा थप सहयोग गर्न आवश्यक भएकोले यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** : राज्यले संरक्षण गर्नुपर्ने अशक्त असहाय तथा परित्यक्त ज्येष्ठ नागरिकहरुलाई संरक्षण गर्ने संस्थाको संस्थागत सुदृढीकरणमा सहयोग गरी प्रदेश सरकारबाट योगदान र साझेदारीको अनुभूती गराउने।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

क. सम्बन्धित जिल्लाका सामाजिक विकास डिभिजन कार्यालयबाट आफ्नो कार्यक्षेत्र भित्र पर्ने उल्लेखित जिल्लाका सूचीकृत बृद्धाश्रम/ज्येष्ठ नागरिक केन्द्र/ दिवासेवा केन्द्रहरुबाट पूँजीगत अनुदानका लागि प्रस्ताव पेश गर्न कम्तीमा ३० दिनको सार्वजिनक सूचना प्रकाशन गर्ने।

ख. दरखास्त परेका बृद्धाश्रमहरुमध्ये प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्था छनौट गर्ने।

ग. सेवा प्रदायक संस्था सँग सम्झौता गरी अनुदान प्रदान गर्ने।

घ. सेवा प्रदायक संस्थाले गरेको कामको डिभिजन कार्यालयले नियमित अनुगमन गर्ने।

ङ. एक वा सो भन्दा बढी बृद्धाश्रम/ज्येष्ठ नागरिक केन्द्र/ दिवासेवा केन्द्रबाट माग भई प्रस्ताव पेश हुन आएमा कार्यालयले अनुगमन गरी तत्काल आवश्यक्ता, औचित्यता र ईष्टिमेट हेरी विनियोजित रकमबाट ननाघ्ने गरी एक वा सो भन्दा वढी संस्थालाई अनुदान प्रदान गर्न सक्नेछ।

५. **कार्यक्रम सञ्चालन स्थान** : पाल्पा , दाङ र कपिलवस्तु डिभिजन कार्यालय अन्तर्गतका जिल्लाहरु।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित कानून तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट र कार्यबिधि अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धि** : सम्बन्धित जिल्लाका सञ्चालित बृद्धाश्रम/ज्येष्ठ नागरिक केन्द्र/ दिवासेवा केन्द्रको व्यवस्थापन सुदृढीकरणमा सहयोग पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** : सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालय तथा सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** बृद्धाश्रम/ज्येष्ठ नागरिक केन्द्र/ दिवासेवा केन्द्रले सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालय तथा कार्यालयले सामाजिक विकास मन्त्रालयमा नियमित प्रतिबेदन पेशगर्नेछ र मन्त्रालयले मासिक/चौमासिक/वार्षिक प्रतिबेदन मार्फत प्रगति सम्प्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# बाल मन्दिर, बालसंरक्षण गृह, बाल कल्याण गृहको पूर्वाधार निर्माण, फर्निचर तथा मर्मत सुधार

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४२२ | वटा | ९ | ६००० | | | | ९ जिल्ला |
| भवन निर्माण | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** राष्ट्रिय निर्देशक ऐन, २०१८ अनुसार गठन भई वि.सं २०२१ साल देखि अभिभावक विहिन बालबालिकालाई संरक्षण दिंदै आएको नेपाल बाल संगठन अन्तर्गत ७५ वटै जिल्लामा सरकारको सहयोगमा प्राप्त घर तथा जग्गा रहेका छन्। यस प्रदेशका पूर्वी रुकुम बाहेकका ११ वटा जिल्लामा पनि जिल्ला बाल संगठन बाल मन्दिर सञ्चालनमा रहेका छन। ती मध्ये कपिलवस्तुमा बाल मन्दिरबाट बालगृह समेत सञ्चालनमा रहेको र हाल २९ जना बालबालिका त्यहाँ आश्रित रहेका छन भने बुटवलमा संघीय सरकार अन्तर्गत सञ्चालित बालकल्याण गृहमा २७ जना बालबालिका आश्रित छन। राज्य संघीय संरचनामा रुपान्तरण भए सँगै यस प्रदेशमा रहेका संस्थागत संरचनाहरुको सुदृढीकरण गर्दै विकासका पूर्वाधार तथा सामाजिक विकासमा यस प्रदेशले विशेष योगदान गर्दै आएको छ। हाल नेपाल बाल संगठनको केन्द्रीय स्तरबाट प्रदेशमा रहेका जिल्ला बाल संगठन बाल मन्दिरहरुलाई विगतमा हुंदै आएको सहयोग नभएको र सरकारबाट प्राप्त संरचनाहरु पनि कमजोर रहेकोले ती संरचनाको संरक्षण गर्नुपर्ने देखिएकोले ११ वटै जिल्लामा रहेका सरकारी बालकल्याण गृह र जिल्ला बालसंगठन अन्तर्गतका बालमन्दिरहरुको संस्थागत सुदृढीकरण गरी त्यहाँबाट प्रदान गर्ने सेवालाई सुदृढीकरण गर्नका लागि यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** प्रदेश भित्रका बाल मन्दिर, बालसंरक्षण गृह, बाल कल्याण गृहको पूर्वाधार निर्माण, फर्निचर तथा मर्मत सुधार गरी सरकारी संरचनाको संरक्षण र सेवा प्रवाहमा सुधार ल्याउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. सामाजिक विकास डिभिजन कार्यालयबाट सम्बन्धित जिल्लामा रहेका सरकारी वा नेपाल बाल संगठन अन्तर्गतका बाल मन्दिर, बालसंरक्षण गृह, बाल कल्याण गृहको सूची तयार गर्ने।

ख. सूची अनुसार बाल मन्दिर, बालसंरक्षण गृह, बाल कल्याण गृहको स्थलगत अनुगमन गर्ने।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

ग. बाल मन्दिर, बालसंरक्षण गृह, बाल कल्याण गृहको सञ्चालक समितिसँग बैठक/समन्वय गरी आवश्यक्ता पहिचान गरी गरी आवश्यक्ता अनुसार पूर्वाधार निर्माण, फर्निचर तथा मर्मत सुधार गर्ने/ गराउने।

घ. पूर्वाधारको काम गर्दा प्रचलित कानून बमोजिम यस मन्त्रालय वा ताहाँ जिल्ला/स्थानीय तहको सरकारी निकायको प्राविधिकबाट ईष्टिमेट, मूल्याङ्कन, जाँचपास तथा फरफारक अनिवार्य गर्नुपर्ने छ।

ङ. पूर्वाधार निर्माणको काम सञ्चालक समिति मार्फत गरी शोधभर्ना वा कार्यालयले प्रचलित कानून बमोजिम गर्न सक्नेछ।

च. एउटा जिल्लामा एक वा सो भन्दा वढी यस्ता गृह रहेको भएमा ति मध्ये आवश्यकता अनुसार १ भन्दा वढी गृहहरुलाई सहयोग गर्न सकिनेछ।

छ. यसरी खर्च भुक्तानी गर्दा कार्यालयबाट समेत स्थलगत अनुगमन गरी प्रतिवेदनको व्यवस्था अनिवार्य गर्नुपर्नेछ।

५. **कार्यक्रम सञ्चालन स्थान** : लुम्बिनी प्रदेशका ११ जिल्ला

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली  तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धि** : ११ जिल्लामा रहेका बाल मन्दिर, बालसंरक्षण गृह, बाल कल्याण गृहको संस्थागत संरचनामा सुधार आएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** सामाजिक विकास डिभिजन कार्यालय तथा कार्यालयले सामाजिक विकास मन्त्रालयमा नियमित प्रतिबेदन पेशगर्नेछ र मन्त्रालयले मासिक/चौमासिक/वार्षिक प्रतिबेदन मार्फत प्रगति सम्प्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

## अपांगता सहायता सामाग्रीहरु निःशुल्क वितरण (आशा अपाङ्ग केन्द्र गुल्मी र अपाङ्ग सशक्तिकरण केन्द्र (DEC) बाँके )

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४२३ | जिल्ला | २ | १००० | | | | बाँके र पाल्पा |
| (फर्निचर तथा फिक्चर्स) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** :अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण र संबर्द्धनका लागि संयुक्त राष्ट्रसङ्घीय महासन्धि, अन्तर्राष्ट्रिय घोषणा पत्रहरु र र्राष्ट्रिय नीति तथा कार्यक्रम अनुरुप नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको सर्वाङ्गीण हित र पुनर्स्थापनाका लागि विविध कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। यति हुँदाहुंदै पनि राज्यले प्रदान गरेका सेवा सुविधामा विपन्न तथा पिछडिएको क्षेत्रका नागिरकहरुको सहज पहुंच पुग्न सकेको छैन्। खासगरी अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायता सामाग्रीमा यस प्रदेशमा रहेका अपाङ्गता भएका नागरिकहरुको पहुंच अभिबृद्धि गरी सबै अपाङ्गता भएका व्यक्तिहरुको सहज आवागमनका लागि गैर सरकारी संस्थासँगको सहकार्यमा अनुदान मार्फत निःशुल्क सहायता सामाग्री वितरणगरी अपाङ्गता भएका नागरिकको सामाजिक सुरक्षा र सम्मानित एवं सुरक्षित जीवनयापनको अधिकार सुनिश्चित गर्न सहयोग पुर्याउन यो कार्यक्रम तय गरिएको छ।

३. **कार्यक्रमको उद्देश्य** : प्रदेशस्तरमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता अनुसार सहज रुपमा निशुल्क सहायक सामग्री उपलव्ध गराई सामाजिक सुरक्षा र सम्मानित एवं सुरक्षित जीवनयापनको अधिकार सुनिश्चित गर्न सहयोग पुर्याउनु।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया** :

क. सामाजिक विकास डिभिजन कार्यालयले सम्बन्धित संस्थालाई कार्यक्रमको बारेमा जानकारी गराउने।

ख. अनुदानका लागि प्रस्तावना पेश गर्न सूचित गर्ने/ पत्राचार गर्ने।

ग. पेश हुन आएको प्रस्तावना र विनियोजित बजेटको परिधिभित्र रही सम्झौता गरी २ किस्तामा अनुदान उपलब्ध गराउने।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

घ. स्वीकृत बजेट तथा कार्यक्रमको मर्म अनुरुप कार्यक्रम सञ्चालनका लागि संस्थासँग समन्वय गरी खेलकुद सञ्चालनका लागि सहजीकरण गर्ने।

ङ. सेवा प्रदान गर्नुपर्ने क्षेत्रः (क) आशा अपाङ्ग केन्द्र गुल्मीः पाल्पा, अर्घाखाँची, गुल्मी, कपिलवस्तु, रुपन्देही र नवलपरासी (ख) अपाङ्ग सशक्तिकरण केन्द्र (DEC) बाँकेः बाँके, बर्दिया, दाङ, रुकुम पूर्व, प्यूठान र रोल्पाका नागरिकहरुका लागि निशुल्क सहायता सामाग्री वितरण।

च. निशुल्क सहायता सामाग्री वितरण गर्दा निम्न आधारमा गर्नुपर्नेछ।

छ. लुम्बिनी प्रदेशको बासिन्दा,

ज. अपाङ्गता परिचयपत्र प्राप्त गरेको नागरिक,

झ. स्थानीय तहको सिफारिस सहित सम्बन्धित संस्थामा निबेदन पेश गर्नुपर्ने,

ञ. मन्त्रालय र सामाजिक विकास डिभिजन कार्यालयमा परेका निवेदनको हकमा सम्बन्धित सेवा क्षेत्र भएको संस्थामा आवश्यक कार्यार्थ पठाउन सकिने छ।

ट. निशुल्क सहायता सामाग्री वितरण गर्दा विपन्न, अति अशक्त र सेवाको पहुँच भन्दा टाढा अर्थात दुर्गमका नागरिकलाई प्राथमिकता दिनुपर्ने छ।

५. **कार्यक्रम सञ्चालन स्थान** : लुम्बिनी प्रदेशभित्र।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : अनुदान प्राप्त संस्था।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन, नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँड अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि** :अपांगता भएका व्यक्तिहरुले निशुल्क सहायता सामाग्री प्राप्त गरेका हुनेछन् साथै उनीहरुको सहज जीवनयापन र थप सम्भावना खोज्न सहयोग पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** : सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली** : अनुदान प्राप्त संस्थाले निशुल्क सहायता सामाग्री वितरणको अवधिक मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सामाजिक विकास डिभिजन कार्यालयमा, कार्यालयले चौमासिक/ बार्षिक रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने र उक्त प्रतिबेदन मन्त्रालय ले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम

## पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु

## लैङ्गिक हिंसा प्रभावितका लागि प्रदेश स्तरीय दीर्घकालिन पुनर्स्थापना गृह निर्माण

## (डि.पि.आर. निर्माण समेत )

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| ३११३५ | पटक | १ | १००० | | | | |
| (पूँजीगत परामर्श खर्च) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** : समाजमा स्थापित मुल्य मान्यताका आधारमा शक्तिशाली वर्गबाट शक्ति विहिन माथि गरिने भेदभावजन्य व्यवहार नै हिंसा हो। हिंसाहरु विभिन्न प्रकारका हुन्छन्। लिङ्गका आधारमा गरिने हिंसा, घरेलु हिंसा, शारिरिक, मानसिक, यौन जन्य, आर्थिक, सांस्कृतिक, वेचविखन तथा ओसारपसार लगायतका हिंसाले नागरिकहरुको स्वतन्त्र जीवन यापनमा समेत नकारात्मक प्रभाव पारेको हुन्छ। यस्ता हिंसा प्रभावित व्यक्तिहरुको लागि संरक्षण दिनु सरकारको दायित्व भित्र पर्दछ। हालसम्म सरकारले आफ्नो स्वामित्वमा संरचना निर्माण गरी सेवा दिन नसक्दा गैरसरकारी संस्थावाट सञ्चालित पुनर्स्थापना केन्द्रमा भर पर्नु परेको र त्यस्ता केन्द्रहरुले अल्पकालिन सेवा मात्र प्रदान गरीरहेको सन्दर्भमा परिवारमा पुनर्स्थापना गर्न नसकिएका लैङ्गिक हिंसा प्रभावितका लागि दीर्घकालिन रुपमा संरक्षण प्रदान गरी मानव अधिकारको प्रत्याभूति दिन आवश्यक भएकोले उपयुक्त भवन निर्माण गरी पुनर्स्थापना केन्द्र सञ्चालन गर्नको लागि यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** : लैङ्गिक हिंसा प्रभावितका लागि सरकारी स्तरबाट दिर्घकालिन पुनस्थापना केन्द्र निर्माण गर्ने ।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया** :

क. स्थानीय तहको समन्वयमा जग्गा प्राप्तिको लागि पत्राचार गर्ने,

ख. संभावित जग्गाहरुको स्थलगत अनुगमन गरी उपयुक्त जग्गा छनौट गर्ने,

ग. प्रचलित कानून अनुसार जग्गा प्रासिको प्रक्रिया पुरा गरी जग्गा प्रासि गर्ने,

घ. प्रचलित कानून अनुसार परामर्शदाता छनौट गरी मास्टर प्लान सहितको डि.पि.आर. निर्माण गर्ने,

ङ. स्थानीय तह, संघीय सरकार र प्रदेश सरकारको समन्वय र सहकार्य रहने छ,

च. यस आ.व. मा संघीय सकारबाट प्राप्त सशर्त बजेटबाट भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतको निकाय मार्फत यसको निर्माण कार्य अघि बढाईने छ।

५. **कार्यक्रम सञ्चालन स्थान** : लुम्विनि प्रदेश भित्रको कुनै जिल्ला/स्थानीय तह (दाङ जिल्लाको घोराही उपमहानगरपालिका प्रस्तावित क्षेत्र )।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास मन्त्रालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धि** : स्थानीय तहको समन्वयमा जग्गा प्राप्त भई मास्टर प्लान सहितको डि.पि.आर. निर्माण भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** : सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली** : महाशाखाले कार्यक्रमको प्रतिबेदन तयार गरी मन्त्रालयले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेशण गर्नेछ।

## स्थानीय तहका सामाजिक विकास शाखाका कर्मचारीहरुको क्षमता विकास तालिम

### चालु खर्च अन्तर्गतका कार्यक्रमहरु

१. **कार्यक्रमको विवरणः**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५११ | पटक | ३ | १५ लाख | | | | |
| (कर्मचारी दक्षता बृद्धि तालिम, (प्रमाण पत्र दिने)) | | | | | | | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

२. **कार्यक्रमको संक्षिप्त परिचय** :सङ्घीयता कार्यान्वयनको सन्दर्भमा कर्मचारीको समायोजन प्रकृयाले गर्दा विगतमा संघ अर्न्तगत कार्यरत कर्मचारी प्रदेश र स्थानीय तहमा समायोजन भएका छन्  साथै नयाँ भर्ना प्रकृया पनि जारी छ। प्रदेश र स्थानीय तह, तहगत सरकारका रुपमा रहेकाले कर्मचारीको कार्यजिम्मेवारी पनि सोहि प्रकृतिको हुनेहुँदा वदलिंदो परिवेश अनुसार कर्मचारीको ज्ञान सीप र क्षमता विकास गर्न तथा उच्च मनोवलका साथ काम गर्ने वातावरण सिर्जना गर्नका लागि यो कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ।विगतका दिनमा र हालको कामगर्ने प्रकृति, वातावरण फरक छ। विगतमा सबै संरचनाहरुले केन्द्रिय कानूनको कार्यान्वयन गर्ने हुंदा सबै प्रदेशका सबै तहमा हुने कामहरु प्राय समान हुने र प्रतिबेदनको संयन्त्र पनि निर्धारित थियो तर हाल खासगरी स्थानीयतहमा समायोजन भएका र नयाँ कर्मचारीहरुमा अन्यौलताको साथै यस प्रदेशका सबै स्थानीयतहबाट सामाजिक क्षेत्रमा गरिने कामले यस प्रदेशको समग्र सामाजिक क्षेत्रको विकासमा प्रभाव पार्ने हुँदा प्रदेश सरकार सँग जोडिने अवसर प्रदान गर्नुको साथै उनीहरुको क्षमता विकास गरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक लगायतको सामाजिक क्षेत्रमा प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन प्रदेशका नीति, कार्यक्रम तथा योजनाको समेत जानकारी दिन आवश्यक भएकोले यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** : यस प्रदेशका स्थानीयतहको सामाजिक विकास महाशाखा/शाखामा (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक) कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गरी प्रभावकारी कार्यसम्पादनमा सहयोग पुर्याउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया** :

क. लुम्बिनी प्रदेशका १०९ वटै स्थानीय तहमा सामाजिक विकास महाशाखा/शाखामा हाल कार्यरत कर्मचारीको विवरण पठाउन मन्त्रालयले पत्राचार गर्ने।

ख. प्राप्त विवरणका आधारमा कार्य अबधि, अनुभव, जिल्ला र योग्यताको विश्लेषण गरी कम्तीमा ३ वटा समुहमा तालिम सञ्चालनको आवश्यक तयारी गर्ने।

ग. स्थानीय तहको सामाजिक विकास महाशाखा/शाखामा (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक हेर्ने) कार्यरत कर्मचारीको क्षमता विकास तालिम सञ्चालन गर्ने।

घ. सरकारले तय गरेका स्वास्थ्य सेवा मापदण्ड अनुसार भौतिक सहभागिता हुन नसकेमा भर्चुअल माध्यमबाट समेत गर्न सकिने।

५. **कार्यक्रम सञ्चालन स्थान** :प्रदेश भित्रको कुनै ३ स्थान।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय

७. **वजेट खर्च तथा वित्तिय व्यवस्थापन** :स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली  तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

८. **अपेक्षित उपलब्धि** : कर्मचारीको क्षमता अभिवृद्धि तालिम (३ समुहमा) सम्पन्न भई प्रभावकारी सेवा प्रवाहमा  सहयोग पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** सामाजिक विकास महाशाखाले नियमित कार्यक्रम प्रतिवेदन तयार गरी मन्त्रालयको चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण हुनेछ।

## एकल महिलाका लागि ३ महिने प्रदेश स्तरीय उद्यमशीलता तथा सीप विकास तालिम

१. **कार्यक्रमको विवरणः**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | जना | २० | १५०० | | | | रुपन्देही |
| (उद्यमशीलता, रोजगारीमूलक/ सशक्तिकरण, सीपविकास तथा क्षमता अभिबृद्धि तालिम) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** : नेपालको विद्यमान कानून अनुसार एकल महिला भन्नाले आर्थिक दृष्टिले विपन्न सम्बन्ध विच्छेद गरेका महिला, विधवा, पैंतिस वर्ष पुरा गरेकी अविवाहित महिला, पाँच वर्ष भन्दा बढी समय देखि पति हराई वा बेपत्ता भएकी महिला, अंशवण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला भनी परिभाषित गरेको छ। सामान्यतया महिलालाई सामाजिक, आर्थिक तथा राजनितिक रुपले पछाडि पारिरहेको हाम्रो समाजमा एकल महिलाको जीवन झनै संघर्षपूर्ण र चुनौतीपूर्ण छ। यस्ता किसिमका चुनौतीलाई सामना गरी सशक्त जीवन जीउन एकल महिलाहरुको आर्थिक सशक्तिकरण आवश्यक छ। एकल महिलाको सशक्तिकरण र मानव अधिकारका लागि हाल विभिन्न जिल्लामा एकल महिला सञ्जालहरु समेत क्रियाशील रहेका छन। तसर्थ लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा रहेका एकल महिलाहरुको लागि सीप विकास गरी उनीहरुको जीविकोपार्जन र आर्थिक सशक्तिकरणमा टेवा पुर्याउन यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** : एकल महिलाहरुको लागि सीप विकास गरी उनीहरुको जीविकोपार्जन र आर्थिक सशक्तिकरणमा टेवा पुर्याउनु।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया** :

क. प्रदेश भित्र स्थायी बसोबास भएका तालिममा सहभागी हुन ईच्छुक एकल महिलाहरुबाट दरखास्त आव्ह्यान गरी ३० दिनको सूचना सामाजिक विकास डिभिजन कार्यालयले प्रकाशन गर्ने,

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

ख. सामाजिक विकास डिभिजन कार्यालयमा सूचीकृत संस्थाहरु मध्येबाट कम्तीमा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी तालिम प्रदायक निकाय वा संस्थाको लागि प्रस्ताव आव्हान गर्ने,

ग. पेश भएका निवेदनहरु मध्ये यथासम्भव सबै जिल्लाको प्रतिनिधित्व हुनेगरी छनोटका आधार कार्यालयले निर्धारण गरी २० जना सहभागी छनोट गर्ने,

घ. प्रदेशको स्थानीय स्रोत साधन कच्चा पदार्थको उपलब्धता, बजारको संभाव्यता र सहभागीहरुको मागलाई हेरी तालिमको प्याकेज/विषय निर्धारण गर्ने,

ङ. प्रचलित कानून बमोजिम तालिम प्रदायक निकाय वा संस्था छनौट गर्ने,

च. छनौट भएको संस्थासँग सम्झौता गरी तालिम प्रदायक संस्थाद्धारा तालिम सञ्चालन गर्ने,

छ. छनौट भएका सहभागीहरुको नामावली कार्यालयले सम्बन्धित संस्थालाई उपलब्ध गराउने र कार्यालयले सिफारिस नगरेका सहभागी गराउन नपाईने ,

ज. तालिम सम्पन्न भईसकेपछि CTEVT बाट सीप परिक्षण गराउने व्यवस्था गर्ने,

झ. प्रदेश सरकारको नर्म्स अनुसार विउपुँजी अनुदान वितरण गर्ने,

ञ. लुम्बिनी प्रदेशभित्र रहेका व्यवसायिक तथा सीपविकास तालिम केन्द्रहरु वा CTEVT मार्फत समेत तालिम सञ्चालन गर्न सकिने।

५. **कार्यक्रम सञ्चालन स्थान** : रुपन्देही जिल्ला।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय रुपन्देही।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि** : २० जना एकल महिलाले सीप विकास सम्बन्धी तालिम प्राप्त गरी पहिलो चरणको सीप परीक्षणमा सहभागी भएका हुनेछन्। तालिम पश्चात सहभागी महिलाहरुको जिविकोपार्जनमा सहयोग पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** : सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालय र सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली**: तालिम प्रदायक संस्थाले तालिम सम्पन्न प्रतिवेदन सामाजिक विकास डिभिजन कार्यालयमा, कार्यालयले चौमासिक/ बार्षिक रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने र उक्त प्रतिबेदन मन्त्रालय ले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

## दलित अति विपन्न समुदायका महिलाका लागि आयआर्जन तथा जीविकोपार्जन तालिम (३ महिने)

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | वटा | ६ | ९००० | | | | सा.वि.डि.का. |
| (उद्यमशीलता, रोजगारीमूलक/ सशक्तिकरण, सीपविकास तथा क्षमता अभिबृद्धि तालिम) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** : सरकारले सामाजिक संरक्षणका माध्यमबाट सामाजिक आर्थिक रुपले पछाडि परेका समुदाय र क्षेत्रलाई समग्र विकास प्रयासमा सहभागी गराउँदै विकासको प्रतिफलको समन्यायिक वितरण गर्दै जाने नीति लिएको छ। नेपाली समाजमा बहिष्करणमा पारिएको र संरक्षण गर्नुपर्ने समुदाय मध्ये दलित समुदाय एक हो। नेपालको कुल जनसंख्याको १३ प्रतिशत जनसंख्या रहेका दलित समुदायभित्र पनि विभिन्न जाति र वर्ग रहेका छन्। पहाडि दलित र मधेशी दलितको अवस्था हेर्ने हो भने मधेशी दलित समुदायको अवस्था अझ कमजोर र पछाडि परेको देखिन्छ। ती मध्ये पनि महिलाहरुको अवस्था त झनै सम्बेदनशील र बहुगरिवीले घेरिएको छ भने कतिपय समाजमा गैर दलित महिलाहरुको अवस्था पनि दलित समुदायका महिलाहरुको भन्दा अझ कहाली लाग्दो पनि छ। खास गरी महिलाहरुको आफ्नो स्वामित्वमा सम्पत्ति नहुनु, घरायसी कामको आर्थिक रुपमा गणना नहुनु र शिक्षाको अवसरमा पहुँच कमहुनु जसले गर्दा रोजगारीका अवसरबाट बन्चित हुनु जस्ता कुराले महिलाहरुको आर्थिक सशक्तिकरणको पाटो कमजोर रहेको देखिन्छ। तसर्थ विपन्न तथा दलित समुदायका महिलाहरुलाई सीप विकासका कार्यक्रमको माध्यमबाट आर्थिक रुपमा सवल बनाउन र महिलाहरुको आर्थिक सशक्तिकरणलाई टेवा पुर्याउन ६ वटै डिभिजन कार्यालयबाट १ समूहमा २० जनाको सहभागीता रहने गरी कुल १२० जना महिलाहरुका लागि ३ महिने (३९० घण्टे) सीप विकास तालिम कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** : दलित तथा अति विपन्न वर्गका महिलाहरुका लागि तालिमको माध्यमबाट सीपयुक्त बनाइ उनीहरुको जीविकोपार्जनमा सहयोग पुर्याउने ।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. सामाजिक विकास डिभिजन कार्यालयमा सूचीकृत संस्थाहरु मध्येबाट कम्तीमा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी तालिम प्रदायक निकाय वा संस्थाको लागि प्रस्ताव आव्हान गर्ने,

सामाजिक विकास मन्त्री

ख. सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयको कार्यक्षेत्र भित्र स्थायी बसोबास भएका तालिममा सहभागी हुन ईच्छुक दलित तथा अति विपन्न महिलाहरुबाट दरखास्त आव्ह्यान गरी ३० दिनको सूचना सामाजिक विकास डिभिजन कार्यालयले प्रकाशन गर्ने,

ग. पेश भएका निवेदनहरु मध्ये यथासम्भव सबै जिल्लाको प्रतिनिधित्व हुनेगरी छनोटका आधार कार्यालयले निर्धारण गरी प्रत्येक कार्यालयले २०/२० जना सहभागी छनोट गर्ने,

घ. प्रदेशको स्थानीय स्रोत साधन कच्चा पदार्थको उपलब्धता, बजारको संभाव्यता र सहभागीहरुको मागलाई हेरी तालिमको प्याकेज/विषय निर्धारण गर्ने,

ङ. प्रचलित कानून बमोजिम तालिम प्रदायक निकाय वा संस्था छनौट गर्ने,

च. छनौट भएको संस्थासँग सम्झौता गरी तालिम प्रदायक संस्थाद्धारा तालिम सञ्चालन गर्ने,

छ. प्राप्त निवेदन मध्ये छनौट भएका सहभागीहरुको नामावली कार्यालयले सम्बन्धित संस्थालाई उपलब्ध गराउने र कार्यालयले सिफारिस नगरेका सहभागी गराउन नपाईने ,

ज. तालिम सम्पन्न भईसकेपछि CTEVT बाट सीप परिक्षण गराउने व्यवस्था गर्ने,

झ. प्रदेश सरकारको नम्स अनुसार विउपुँजी अनुदान वितरण गर्ने,

ञ. लुम्बिनी प्रदेशभित्र रहेका व्यवसायिक तथा सीपविकास तालिम केन्द्रहरु वा CTEVT मार्फत समेत तालिम सञ्चालन गर्न सकिने।

५. **कार्यक्रम सञ्चालन स्थान** : ६ वटा सामाजिक विकास डिभिजन कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रको कुनै स्थान आफै निर्धारण गर्न सक्ने।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धि** : १२० जना दलित तथा अति विपन्न समुदायका महिलाहरुले सीप विकास सम्बन्धी तालिम प्राप्त गरी पहिलो चरणको सीप परीक्षणमा सहभागी भएका हुनेछन्। तालिम पश्चात सहभागी महिलाहरुको जिविकोपार्जनमा सहयोग पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय तथा सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** तालिम प्रदायक संस्थाले तालिम सम्पन्न प्रतिवेदन सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा, कार्यालयले चौमासिक/ बार्षिक रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने र उक्त प्रतिबेदन मन्त्रालय ले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# अनौपचारिक तथा औपचारिक क्षेत्रका महिला कामदारको सीप स्तरोन्नती

१. **कार्यक्रमको विवरणः**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | जना | ४०० | १०००० | | | | १२ जिल्ला |
| (उद्यमशीलता, रोजगारीमूलक/ सशक्तिकरण, सीपविकास तथा क्षमता अभिबृद्धि तालिम) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** ILO को अनुसार अनौपचारिक रोजगार सम्बन्धहरू अनौपचारिक उद्यमका साथै घरेलु कामदारहरूबाट मिलेर बनेको छ। औद्योगिक, औपचारिक वा अनौपचारिक फर्महरू र दर्ता नगरिएका वा अघोषित कम्पनिहरुबाट कामदारहरूको लागि एक नियमित सम्झौता विना अस्थायी कामदारहरुले आकस्मिक दिन काम पाउने अवस्था अनौपचारिक श्रमको अवस्था हो। नेपालको सन्दर्भमा अनौपचारिक क्षेत्र भन्नाले घरायसी काम, हेरचाहयुक्त काम, सरसफाईका काम, आफ्नो खाईखेतीको काम, कुनै सम्झौता र शर्तविना गरिने न्यून पारिश्रमिक हुने कामहरुलाई बुझ्ने गरिन्छ। अनौपचारिक क्षेत्रका अधिकाँस कामहरुको योगदानलाई सामान्यतया राष्ट्रिय आयमा योगदानको रुपमा गणना समेत नहुँदा श्रमको ठूलो हिस्साको योगदानको कदर नभए जस्तो समेत महसुस हुन्छ। यस्ता कामहरुमा महिलाहरुको सहभागिता हुने गरेको पाईन्छ। तसर्थ औपचारिक तथा अनौपचारिक क्षेत्रमा असंगठित भई श्रम गरिरहेका महिलाहरुको पेशा व्यवसायलाई छोंटो अवधि (कम्तीमा १५ दिन) को तालिमका माध्यमबाट स्तरोन्नती गरी आर्थिकरुपमा सक्रिय र सवल बनाउँदै उनीहरुको जिविकोपार्जनमा सहयोग पुर्याउन यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** औपचारिक तथा अनौपचारिक क्षेत्रमा संलग्न महिला कामदारहरुमा विद्यमान सीप तथा क्षमतामा थप विकास गरी उनीहरुको पेशा व्यवसायलाई स्तरोन्नती गरी आर्थिकरुपले सवल बन्न मद्धत गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. सामाजिक विकास डिभिजन कार्यालयमा सूचीकृत संस्थाहरु मध्येबाट कम्तीमा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी तालिम प्रदायक निकाय वा संस्थाको लागि प्रस्ताव आव्हान गर्ने,

ख. सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयको कार्यक्षेत्र भित्र स्थायी बसोबास भएका तालिममा सहभागी हुन ईच्छुक महिलाहरुबाट दरखास्त आव्ह्यान गरी ३० दिनको सूचना सामाजिक विकास डिभिजन कार्यालयले प्रकाशन गर्ने,



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

ग. पेश भएका निवेदनहरु मध्ये यथासम्भव कार्यक्षेत्र अन्तर्गतका जिल्लाको प्रतिनिधित्व हुनेगरी छनोटका आधार कार्यालयले निर्धारण गरी कार्यालयले २०/२० जनाको एक समुह हुनेगरी आवश्यक संख्यामा सहभागी छनोट गर्ने, यसरी सहभागी छनोट गर्दा सीप सम्बन्धी तालिम लिई सीप परीक्षण नभएका वा थप तालिमको अवसर भएमा स्वरोजगार भई जीविकोपार्जन गर्न उत्सुक परिक्षार्थीलाई प्राथमिकतामा राख्न सकिने छ।

घ. सहभागीहरुको अभिरुची, अनुभव र आर्थिक लगानीलाई मुख्य आधार मानी प्रदेशको स्थानीय स्रोत साधन कच्चा पदार्थको उपलब्धता, बजारको संभाव्यता र हेरी तालिमको प्याकेज/विषय निर्धारण गर्ने,

ङ. प्रचलित कानून बमोजिम तालिम प्रदायक निकाय वा संस्था छनौट गर्ने,

च. छनौट भएको संस्थासँग सम्झौता गरी तालिम प्रदायक संस्थाद्धारा तालिम सञ्चालन गर्ने,

छ. प्राप्त निवेदन मध्ये छनौट भएका सहभागीहरुको नामावली कार्यालयले सम्बन्धित संस्थालाई उपलब्ध गराउने र कार्यालयले सिफारिस नगरेका व्यक्तिलाई सहभागी गराउन नपाईने ,

ज. लुम्बिनी प्रदेशभित्र रहेका व्यवसायिक तथा सीपविकास तालिम केन्द्रहरु वा CTEVT मार्फत समेत तालिम सञ्चालन गर्न सकिने।

५. **कार्यक्रम सञ्चालन स्थान** : १२ जिल्ला।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धि** : ४०० जना औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत महिलाहरुको सीप सम्बन्धी तालिम प्राप्त गरी उनीहरुको व्यवसायीक क्षमतामा स्तरोन्नती भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय तथा सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** तालिम प्रदायक संस्थाले तालिम सम्पन्न प्रतिवेदन सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा, कार्यालयले चौमासिक/ बार्षिक रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने र उक्त प्रतिबेदन मन्त्रालय ले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

## महिला खेलकुद (कराँते, तेक्वान्दो, बक्सिङ् आदि) तालिम ३ महिने

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | जिल्ला | १२ | १८०० | | | | १२ जिल्ला |
| (उद्यमशीलता, रोजगारीमूलक/ सशक्तिकरण, सीपविकास तथा क्षमता अभिबृद्धि तालिम) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** मानवका रुपमा समान भए पनि महिला र पुरुषवीचको जैविक भिन्नताको कारण केही मात्रात्मक फरकलाई आधारमानी विश्वभर महिला र पुरुष असमान अवस्थामा रहेका छन। पुरुष केन्द्रित शासन व्यवस्था र सामाजिकीकरणका कारण महिला र पुरुषको स्वभाव वा चरित्रका रुपमा विकास गरिएका कतिपय मुल्य, मान्यता र धारणाका कारण सहज र सामान्य लाग्ने काम कारवाही र व्यवहारबाट महिलाहरुलाई प्राप्त हुने अवसरमा असमानता बढ्ने, उनीहरुको आत्म विकास (self development) र आत्म परिपूर्ति (Self Fulfilment ) मा असर पर्नेहुन्छ। त्यसै गरी प्राकृतिक रुपले हाम्रो सामाजिक संरचना र परम्पराले महिलाहरुलाई कुनै न कुनै किसिमले कमजोर हुन्छन भन्ने तरिकाले व्याख्या गरेको पाईन्छ। जसले गर्दा छोरीहरुको मानसपटलमा आफू कमजोर नै हो कि भन्ने कुराले मानसिक प्रभाव परीरहेको हुन्छ। अर्कोतर्फ दिन प्रतिदिन समाजमा घटीरहेका लैङ्गिक हिंसा, कुटपीट तथा बलात्कार जस्ता घटनाले यस प्रकारको सामाजिकिकरणको नतिजा हो कि भन्ने महसुस पनि गराउँदछ। तसर्थ महिलाहरु विशेषगरी ११ देखि १९वर्ष उमेर समुहका किशोरीहरुलाई कराँते, तेक्वान्दो, बक्सिङ् जस्ता शारीरिक खेलका माध्यमबाट यस्ता अप्रत्यासित रुपमा आउन सक्ने घटनाहरुको प्रतिकार गरी आत्मरक्षा गर्नसक्ने सीपको विकास गर्न र उनीहरुको आत्मवलमा बृद्धिगर्न यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** महिलाहरु विशेषगरी ११ देखि १९वर्ष उमेर समुहका किशोरीहरुलाई कराँते, तेक्वान्दो, बक्सिङ् जस्ता शारीरिक खेलका माध्यमबाट आत्मरक्षा सम्बन्धी क्षमताको विकास गरी उनीहरुको आत्मबलमा बृद्धि गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. जिल्लामा रहेका विभिन्न विद्यालयसँग समन्वय गरी खेलकुदमा भागलिन ईच्छुक किशोरीहरुको नामावली सिफारिसकालागि पत्राचार गर्ने।

ख. जिल्लामा प्रशिक्षकको उपलब्धता हेरी खेलकुदको विधा छनोट गर्ने।



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

ग. सम्बन्धित जिल्ला खेलकुद विकास समिति सँग समन्वयगरी ११ देखि १९वर्ष उमेर समुहका किशोरीहरुलाई करााँते, तेक्वान्दो, बक्सिङ् जस्ता तालिमको आयोजना गर्ने।

घ. सामाजिक विकास डिभिजन कार्यालय र खेलकुद विकास समितिको सहकार्यमा कार्यक्रम सञ्चालन गरी यथासंभव बढी संख्यामा सहभागिता गराउने।

ङ. प्रशिक्षक तथा सहभागीहरुको लागि प्रशिक्षणमा सहभागीहुँदा आवश्यक पर्ने सामाग्रीहरु प्रशिक्षकको सिफारिसमा विनियोजित बजेटबाट व्यवस्था गरी सहभागीबाट कुनै शुल्क नलिने व्यवस्था गर्ने।

च. ईच्छुक सहभागी संख्या बढी भई विनियोजित बजेटले अपुग हुने अवस्थामा स्थानीय तह, जिल्ला खेलकुद विकास समिति र खेल सँग सम्बन्धित अन्यसरोकारावाला सँग समन्वय र सहकार्य गर्न सकिने।

छ. खेलकुद प्रशिक्षण जिल्ला स्तर वा विद्यालयस्तमा सञ्चालन गर्ने।

५. **कार्यक्रम सञ्चालन स्थान** : १२ जिल्ला।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि** : १२ जिल्लाका ११ देखि १९वर्ष उमेर समुहका किशोरीहरुको लागि करााँते, तेक्वान्दो, बक्सिङ् जस्ता तालिम सम्पन्न भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** : जिल्ला खेलकुद विकास समिति, सामाजिक विकास डिभिजन कार्यालय तथा सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा, कार्यालयले चौमासिक/ बार्षिक रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने र उक्त प्रतिबेदन मन्त्रालय ले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# महिलाहरुका लागि सीप विकास तालिम ३ महिने जिल्लास्तर

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | जना | २०० | १५०० | | | | ६वटै सा.वि.डि.का. |
| (उद्यमशिलता, रोजगारीमूलक/ सशक्तिकरण / सीप विकास तथा क्षमता अभिबृद्धि तालिम ) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** महिलाहरुको सामाजिक सुरक्षाको लागि नियमित आयश्रोतको बाटो अनिवार्य रुपमा चाहिन्छ। महिलाहरु जबसम्म परनिर्भर रहन्छन् तबसम्म विभिन्न प्रकारका हिंसामा परिरहेका वा हिंसा, दुर्व्यबहार तथा अन्य विभिन्न समस्याको जोखिममा रहेका हुन्छन्। आयश्रोतको बाटो खोज्न महिलाहरुमा आत्मजागरण, काम गर्ने साहस वा क्षमता, सीप तथा दक्षताको आबश्यकता पर्दछ। सोही कुरालाई मध्यनजर गरि स्थानीय स्तरमा उपलब्ध हुन सक्ने सम्भावित श्रोत साधन, प्रबिधि, अनुभव, बजार, जस्ता कुराहरुको उपयोग गर्दै ब्यबसाय सञ्चालन गर्न इच्छुक महिलाहरुका लागि व्यवसायिक सीप बिकास तालिम सञ्चालन गरी प्रदेश सरकारवाट स्वीकृत नर्मस अनुसार व्यवसाय स्थापनार्थ वस्तुगत टेवा वापतको रकम प्रदान गरी महिलाहरुको आर्थिक सशक्तिकरण र जिविकोपार्जनमा सहयोग पुर्याउन १ समूहमा २० जनाको सहभागीता रहने १० जिल्लाका २०० जना महिलाहरुका लागि सञ्चालन गर्ने गरी ३ महिने (३९० घण्टे) सीप विकास तालिम कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :**महिलाहरुलाई तालिमको माध्यमबाट सीपयुक्त वनाई व्यवसयिक क्षमता विकासको माध्यमबाट आत्मनिर्भर उन्मुख बनाउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. जिल्लाको स्थानीय स्रोत साधन कच्चा पदार्थको उपलब्धता, बजारको संभाव्यता र सहभागीको मागलाई हेरी आवश्यता अनुसार जिल्ला स्तरमा रहेका ज्ञान केन्द्र, घरेलु तथा साना उद्योग विकास समिति/, घरेलु तथा साना उद्योग कार्यालय, व्यवसायिक तथा सीप विकास तालिम केन्द्रको समन्वयमा प्रक्रिया पुर्याई तालिम को प्याकेज निर्धारण गर्ने,

ख. स्थानीय तहको समन्वयमा तालिममा सहभागी हुन ईच्छुक महिलाहरु बाट दरखास्त आव्ह्यान गरी कम्तिमा ३० दिनको सूचना सामाजिक विकास डिभिजन कार्यालयले प्रकाशन गर्ने,

ग. प्राप्त निवेदनका आधारमा उपयुक्त सहभागी छनौट गर्ने।

सुदर्शन दराल
सामाजिक विकास मन्त्री

घ. सामाजिक विकास डिभिजन कार्यालयमा सूचीकृत संस्थाहरु मध्येबाट प्रस्ताव आव्हान गरी तालिम प्रदायक निकाय वा संस्था छनौट गर्ने,

ङ. तालिम प्रदायक संस्थाद्धारा तालिम सञ्चालन गरी व्यवसायिक कार्ययोजनाका आधारमा नम्स अनुसार विउपुँजी अनुदान वितरण गर्ने,

च. लुम्बिनी प्रदेशभित्र रहेका व्यवसायिक तथा सीपविकास तालिम केन्द्रहरु वा CTEVT मार्फत समेत तालिम सञ्चालन गर्न सकिने।

**५. कार्यक्रम सञ्चालन स्थान** : १० जिल्ला।

**६. कार्यक्रम सञ्चालन गर्ने निकाय** :सामाजिक विकास डिभिजन कार्यालय।

**७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रही प्रदेश सरकारको सीप विकास तालिम सम्बन्धी खर्चको मापदण्ड तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

**८. अपेक्षित उपलव्धि** :२०० जना महिलाहरु ३ महिने तालिमको माध्यमवाट सीपयुक्त हुनेछन र उनीहरुको सीपका माध्यमबाट आयआर्जन क्रियाकलाप गरी उनीहरुको जीविकोपार्जनमा सहयोग पुगेको हुनेछ।

**९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय।

**१०. कार्यक्रमको प्रतिवेदन प्रणालीः** छनौट भएको संस्थाले मासिक/चौमासिक / वार्षिक प्रतिवेदन सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुपर्नेछ।उक्त प्रतिबेदन डिभिजन कार्यालयले मन्त्रालयमा पेश गरी सामाजिक विकास मन्त्रालयले चौमासिक/ बार्षिक प्रतिवेदन मार्फत प्रगति संप्रेषण गर्नेछ।

## महिला, बालबालिका,ज्येष्ठ नागरिक, अपाङ्गता, जनजाति, दलित आदिसँग गोष्ठी, अन्तर्क्रिया तथा कानूनी अभिमूखीकरण कार्यक्रम

**१. कार्यक्रमको विवरणः**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५१२ | पटक | ६ | २४०० | | | | मन्त्रालय |
| (गोष्ठी तथा कार्यशाला ) | | | | | | | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

२. **कार्यक्रमको संक्षिप्त परिचय** : समाज विविध वर्ग, लिंग, क्षेत्र, जातजाती, क्षेत्र, समुह, सक्षमता आदिको आधारमा निर्मित एंव संगठित संस्था हो। यो विभिन्न उमेर समुहका यो सवै वर्ग, क्षेत्र, लिंग, सम्प्रदायको समग्र विकास नभएसम्म समाजको समृद्धि सम्भव हुदैन। विगतको हाम्रो सामाजिक आर्थिक प्रणालीले सवै क्षेत्रको सन्तुलित र समन्यायिक विकास हुन सकेन। समाजमा पछाडि पारिएका वर्ग सम्प्रदायको विभिन्न कार्यक्रम मार्फत सशक्तिकरण नगरेसम्म संविधानले परिकल्पना गरेको सामाजिक न्यायमा आधारित समतामूलक समाजको आङ्काक्षा पूरा हुन सक्दैन। तसर्थ लक्षित वर्गको सशक्तिकरण गरी समन्यायिक विकास गर्न यो कार्यक्रम तर्जुमा गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** :महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको मूलप्रवाहीकरण र सशक्तिकरण गरी सामाजिक न्याय प्रदान गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया** :

क. सवै क्षेत्रलाइ समेट्ने गरी विभिन्न प्रदेश स्तरीय अन्तर्किया कार्यक्रम सञ्चालन गर्ने।

ख. जिल्ला र स्थानीय तहको सञ्जाल र संरचनाको सवलीकरण गर्न तालिम तथा गोष्ठीको सञ्चालन गर्ने।

ग. आवश्यक सन्देशमुलक सूचना सामग्री उत्पादन तथा प्रकाशन गर्न सञ्चार माध्यम सँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने।

५. **कार्यक्रम सञ्चालन स्थान** :लुम्बिनी प्रदेश भित्रका विभिन्न स्थान।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय।

७. **वजेट खर्च तथा वित्तिय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धि** :महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति लैङ्गिक तथा यौनिक अल्पसंख्यकको मूलप्रवाहीकरण, सशक्तिकरण र सामाजिक न्याय प्रवर्धनमा सचेतना अभिबृद्धि भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली**: सामाजिक विकास महाशाखाले नियमित कार्यक्रम प्रतिवेदन तयार गर्नुपर्नेछ, सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति सम्वन्धित निकायहरुमा संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

## लैङ्गिक सम्पर्क व्यक्तिको चौमासिक अन्तरक्रिया जिल्लास्तर

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजार | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्बितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | पटक | १२ | ६०० | | | | मन्त्रालय |
| (गोष्ठी तथा कार्यशाला ) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** : वर्तमान परिवेशमा शासन व्यवस्थामा आएको परिवर्तन अनुसार सङ्घीय संरचनाका सवै तहमा लैङ्गिक विषयहरुलाई मूलप्रवाहीकरण गर्नु आवश्यक छ । यसर्थ लैङ्गिक विषयलाई व्यवस्थित ढंगले कार्यान्वयन गरी क्रमश: सवै तह र क्षेत्रमा संस्थागत गर्न प्रदेश सरकार, लुम्विनी प्रदेश ले **"लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था र परिचालन कार्यबिधि, २०७७"** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । त्यसै अनुसार प्रदेश मन्त्रालय र मातहतका निकायहरुमा रहेका लैङ्गिक सम्पर्क व्यक्तिहरु (Gender Focal Persons) को लागि "लैङ्गिक सम्पर्क व्यक्तिहरुको क्षेत्रगत कार्यशर्त ( Terms of Reference) समेत सो कार्यबिधिमा व्यवस्था गरिएको छ । तसर्थ जिल्ला स्तरका कार्यालयहरुमा समेत लैङ्गिक सम्पर्क व्यक्ति तोकी उनीहरुको भूमिकालाई थप प्रभावकारी बनाउन र लैङ्गिक क्षेत्रमा भए गरेका कार्यहरुको समिक्षा गर्न आवश्यक भएकोले यो कार्यक्रम तय गरिएको हो ।

३. **कार्यक्रमको उद्देश्य** : स्वीकृत कार्यबिधि बमोजिम प्रदेश भित्रका सबै जिल्लामा लैङ्गिक सम्पर्क व्यक्तिहरु (Gender Focal Persons ) को व्यवस्था गरी क्षेत्रगत कार्यशर्त (Terms of Reference) का आधारमा लैङ्गिक मूलप्रवाहीकरणका माध्यमबाट सशक्तिकरण गरी प्रदेशका नीति, कानून, योजना तथा कार्यक्रममा जिम्मेवार र लैङ्गिक संवेदनशील बनाउंदै लैङ्गिक समानता उन्मुख प्रदेश निर्माणमा योगदान पुर्याउने ।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया** :

क. प्रदेश सरकार मातहतका सबै सरकारी कार्यालयहरु र मातहतका निकायमा सम्बन्धित निकायहरुबाटै लैङ्गिक सम्पर्क व्यक्तिहरु (Gender Focal Persons) तोक्ने व्यवस्थाका लागि सामाजिक विकास मन्त्रालयले प्रदेश सरकारका सबै मन्त्रालय र प्रदेश स्तरीय निकायहरुलाई पत्राचार गर्ने ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

ख. तोकिएका लैङ्गिक सम्पर्क व्यक्तिहरु (Gender Focal Persons) को विवरण/सूची सामाजिक विकास महाशाखाले तयारगरी रेकर्ड राख्ने र अद्यावधिक गर्दै जाने ।

ग. स्वीकृत कार्यक्रम अनुसार मन्त्रालयले जिल्ला र प्रदेश स्तरीय निकायका लैङ्गिक सम्पर्क व्यक्तिहरु (Gender Focal Persons) सँग उनीहरुको क्षेत्रगत कार्यशर्त (Terms of Reference) को जानकारी, अन्तरक्रिया तथा लैङ्गिक सशक्तिकरण र मूलप्रवाहीकरणको क्षेत्रमा भएका कार्यक्रमको समिक्षा गर्ने।

घ. यस कार्यक्रममा यथासंभव लुम्विनी प्रदेशका सबै जिल्लाको प्रतिनिधित्वहुने गरी कार्यक्रम सञ्चालन हुनेछन् ।

५. **कार्यक्रम सञ्चालन स्थान** : लुम्विनी प्रदेश भित्रको कुनै स्थान ।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिका एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. **अपेक्षित उपलव्धि** : १२ वटै जिल्लामा लैङ्गिक सम्पर्क व्यक्तिहरुको व्यवस्था गरी उनीहरुको क्षेत्रगत कार्यशर्त (Terms of Reference) को बारेमा जानकारी भएको हुनेछ र सोही बमोजिम लैङ्गिक सम्पर्क व्यक्तिहरुले आ-आफ्नो कार्यालयमा लैङ्गिक विषयलाई आन्तरिकिकरण गर्ने कार्यको प्रारम्भ भएको हुनेछ ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ ।

## दिवसीय कार्यक्रम तथा अभियान कार्यक्रम

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | जिल्ला | १२ | १८०० | | | | १२ जिल्ला |
| (प्रचार, प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | | | | | | | |



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

२. **कार्यक्रमको परिचयः** महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुको हक अधिकारको प्रचारप्रसार तथा प्रवर्धन र संरक्षणका लागि विभिन्न खालका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक हुन्छ। यसै अनुरुप सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेशअन्तर्गत सामाजिक विकास डिभिजन कार्यालयबाट सञ्चालन गर्ने गरी आ.ब. २०७७/०७८ का लागि कम्तिमा १० वटा दिवसीय तथा अभियान कार्यक्रम संचालन गर्ने गरी यो कार्यक्रम तय गरिएको छ। ती दिवसीय तथा अभियान कार्यक्रमहरुको सूची अनुसूची २ मा समावेश गरिएको छ।

३. **कार्यक्रमको उद्देश्यः** दिवसीय कार्यक्रम मार्फत लक्षित वर्गको हक अधिकारको संरक्षण तथा प्रवर्द्धन सम्बन्धी सचेतना अभिबृद्धि गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. सरोकारवालाहरु सँग समन्वय वैठक आयोजना गरी वैठकको निर्णय अनुसार कार्यक्रम सञ्चालन गर्ने।

ख. सम्बन्धीत विषयसँग मिल्ने गरी सामुदायिक रेडियोमा बहस, अन्य मिडिया मार्फत सूचनामूलक सामाग्री हरु प्रकाशन र प्रशारण गर्न सकिने।

ग. सरोकारवाला निकायसगको समन्वय र सहकार्यमा अन्य रचनात्मक कार्यक्रमहरु समेत आवश्यकता अनुसार सञ्चालन गर्न सकिने।

घ. आवश्यक्ता र परिस्थिति अनुसार भर्चुअल बहस, छलफल, प्रतियोगिता जस्ता कार्यक्रम समेत आयोजना गरी मनाउन सकिने।

ङ. दिवसको उपलक्ष्यमा लक्षित वर्गको लागि सञ्चालित बाल सुधार गृह, बाल वालिका विकास केन्द्र, पूनर्स्थापना केन्द्र, सेवा केन्द्र, बृद्धाश्रम आदिमा लजिस्टिक सहयोग गर्न सकिने।

५. **कार्यक्रम सञ्चालन स्थान :** १२ जिल्ला।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय :** सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन :**स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धि :**१० वटा दिवसीय कार्यक्रम सम्पन्न भई नागरिकहरुमा सचेतना अभिवृद्धि भई लक्षित वर्गहरुको हित तथा संरक्षणमा टेवा पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :**सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** सामाजिक विकास डिभिजन कार्यालयले कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी नियमित प्रतिबेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ र सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# सुचना, शिक्षा, सञ्चार प्रदेश स्तर

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | वटा | १ | ५०० | | | | मन्त्रालय |
| (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा वितरण) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** : राज्यले प्रदान गर्ने कतिपय सेवा सुविधाको वारेमा नागरिकहरु अनभिज्ञ हुँदा एकातिर नागरिक सेवा प्राप्तिबाट वञ्चित हुने र अर्कोतिर राज्यको स्रोत साधन यतिकै खेर जाने अवस्था देखिएको छ। अझ प्रदेश सरकार संघीयताको सन्दर्भमा नितान्त नवितम संरचना भएकोले आवश्यक सूचना र सन्देशहरु उत्पादन प्रकाशन र प्रसारण गरी नागरिकलाई सूसूचित गरी सरकार र नागरिक विचको सम्बन्ध दरिलो पार्न आवश्यक छ। नेपालको संबिधानले तोकेको सुचनाको हकलाई मध्यनजर गर्दै राष्ट्रिय तथा प्रदेश स्तरीय कानूनहरुबारे जानकारी, सामाजिक बिकास सम्बन्धी आ.व. २०७७/०७८ का लागि तय गरिएका बार्षिक नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लोपोन्मुख समुदाय लगायतका वर्गको हक अधिकारका सम्वन्धमा सचेतना अभिवृद्धि गर्न सूचनामुलक सामग्रीहरुको प्रकाशन तथा प्रचार प्रसार गर्न यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** : महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लोपोन्मुख समुदाय लगायतका वर्गको हक अधिकारका विषयमा आम नागरिकलाइ सु-सूचित गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया** :

क. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लोपोन्मुख समुदाय लगायतका वर्गको हक अधिकारका सम्वन्धमा बनेका विद्यमान/ नयाँ ऐन, कानून, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्डहरुको प्रकाशन (छपाई), प्रशारण तथा वितरण गर्ने।

ख. विद्यमान कानूनबमोजिम विभिन्न सूचना /जानकारीमूलक सामाग्रीहरु (जस्तै : जानकारी पुस्तिका, ब्रोसियर, पम्फलेट, पोष्टर) निर्माण गर्ने,प्रकाशन (छपाई) गर्ने, प्रशारण गर्ने र वितरण गर्ने।

सामाजिक विकास मन्त्री

ग. स्थानीय सञ्चार माध्यम (सामुदायिक रेडियो एफ एम तथा सञ्चारगृह) बाट स्थानीय भाषामा समेत आवश्यक्ता अनुसार सूचना /जानकारीमूलक सामाग्रीहरु उत्पादन,प्रकाशन र प्रशारण गर्ने।

५. **कार्यक्रम सञ्चालन स्थान** : लुम्बिनी प्रदेश।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय।

७. **वजेट खर्च तथा वित्तिय व्यवस्थापन** :स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि** :विद्यमान/ नयाँ ऐन, कानून, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्डहरु सम्बन्धी जानकारी तथा प्रदेश सरकारवाट प्राप्त गरिने सेवा र सुविधाको वारेमा आम नागरिकहरु सूसुचित भइ सेवासम्मको पहुँच तथा आम नागरिकहरुमा सचेतना अभिवृद्धि भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्ने निकाय** : प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** सामाजिक विकास महाशाखा र मातहतका निकायले नियमित कार्यक्रम प्रतिवेदन तयार गर्नुपर्नेछ, सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति सम्वन्धित निकायहरुमा संप्रेषण गर्नुपर्नेछ।

## सुचना, शिक्षा, सञ्चार जिल्ला स्तर

१. **कार्यक्रमको विवरणः**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | जिल्ला | १२ | १२०० | | | | |
| (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा वितरण) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** : सन्देशमूलक सूचना सामग्रीको उत्पादन, प्रकाशन र प्रसारणले हामीले दिन खोजेको सन्देश तथा सूचनाहरु कम लागतमा वृहत्तर समुदायसम्म पुग्न सक्छ। सार्वजनिक सरोकारका विषयमा सुचना माग्ने र पाउने नागरिकको मौलिक हकलाई सम्मान गर्नपनि यस्ता कार्यक्रमको आवश्यकता पर्दछ। तसर्थ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लोपोन्मुख समुदाय लगायतका वर्गको हक अधिकारका



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

सम्वन्धमा सचेतना अभिवृद्धि गर्न तथा राष्ट्रिय तथा प्रदेश स्तरका कानूनहरुको बारेमा सूचनामुलक सामग्रीहरुको प्रकाशन तथा प्रचार प्रसार गर्न यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य :** महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लोपोन्मुख समुदाय लगायतका वर्गको हक अधिकारका विषयमा आम नागरिकलाइ सु-सूचित गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लोपोन्मुख समुदाय लगायतका वर्गको हक अधिकारका सम्वन्धमाबनेका विद्यमान/ नयाँ ऐन, कानून, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्डहरुको प्रकाशन (छपाई), प्रशारण तथा वितरण गर्ने।

ख. विद्यमान कानूनबमोजिम विभिन्न सूचना /जानकारीमूलक सामाग्रीहरु (जस्तै : जानकारी पुस्तिका, ब्रोसियर, पम्फ्लेट, पोष्टर) निर्माण गर्ने,प्रकाशन (छपाई) गर्ने र वितरण गर्ने।

ग. स्थानीय सञ्चार माध्यम (सामुदायिक रेडियो एफ एम तथा सञ्चारगृह) बाट स्थानीय भाषामा समेत आवश्यक्ता अनुसार सूचना /जानकारीमूलक सामाग्रीहरु उत्पादन,प्रकाशन र प्रशारण गर्ने गराउने।

५. **कार्यक्रम सञ्चालन स्थान :** १२ जिल्ला।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय :**सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तिय व्यवस्थापन :**स्वीकृत बजेटको परिधिभित्र रहीप्रचलित आर्थिक कार्यविधि ऐन ,नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन एवं कार्यक्रम संचालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धिः** विद्यमान नयाँ ऐन, कानून, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्डहरु सम्बन्धी जानकारी तथा प्रदेश सरकारवाट प्राप्त गरिने सेवा र सुविधाको वारेमा आम नागरिकहरु सूसुचित भइ सेवासम्मको पहुँच तथा आम नागरिकहरुमा सचेतना अभिवृद्धि भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्ने निकाय :**सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** सामाजिक विकास डिभिजन कार्यालयले कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी नियमित प्रतिबेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ र सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# महिलाद्धारा उत्पादित सामाग्रीको बजार प्रबर्धन कार्यक्रम

१. **कार्यक्रमको विवरण:**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्बितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | जिल्ला | १२ | १८०० | | | | |
| ( प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा वितरण) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** :देशको कुल जनसंख्याको आधा भन्दा बढी जनसंख्या ओगटेका महिलाहरुलाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्न नसक्दा देशको समग्र विकास संभव छैन्। तसर्थ आज भोली महिलाहरुलाइ सरकारी/ गैरसरकारी वा निजि संस्थाहरुले पनि विभिन्न किसिमका आयआर्जन सम्बन्धी व्यवसायिक तालिम प्रदान गरी अर्थोपार्जन क्रियाकलापमा संलग्न गराई उनीहरु ब्यबसाय सञ्चालन गर्नमा अग्रसर हुन थालेकाछन्। यस्ता महिलाहरुले आफ्नो स्थानीय श्रोत, साधन, समय, सीप, क्षमता, तथा प्रबिधिको उपयोग गरी स्थानीय स्तरमै उत्पादित बस्तु तथा सामानहरुको जिल्लास्तरमै वजार प्रवर्धनमा सहयोग पुर्याउन र १२ वटै जिल्लाका सक्रिय महिलाहरुको लागि उद्यमशिलता विकासका अवसर सृजना गर्न यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** : जिल्लास्तरमा आयोजना हुने औद्योगिक व्यापार मेला तथा प्रदर्शनीमा उद्यमी महिलाहरुद्वारा उत्पादित बस्तुहरु तथा सामाग्रीको बिक्रि प्रबर्धनका लागि सहभागिता गराई व्यवसायिकता, गुणस्तरीयता साथै सिकाइ र सिक्लाइमा थप उर्जा प्रदान गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. १२ वटै जिल्लामा सञ्चालन हुने व्यवसायिक प्रदर्शनी तथा व्यापार मेलाहरुमा त्यस जिल्लाका महिला उद्यमीको सहभागिताका लागि उद्योग बाणिज्य संघ/ आयोजक संस्था सँग सामाजिक विकास डिभिजन कार्यालयले समन्वय गर्ने।

ख. सम्बन्धित जिल्लाका स्थानीय तहसँग सामाजिक विकास डिभिजन कार्यालयले समन्वय गरी उद्यमी महिला पहिचान गरी सिफारिशका लागि पत्राचार गर्ने।

ग. सिफारिश भएका महिला उद्यमी मध्ये यथासंभव सबै स्थानीय तहका अधिकतम महिलाबाट उत्पादित सामान तथा वस्तुहरु समावेश हुने गरी विनियोजित बजेटबाट खर्च धान्नेगरी स्टलको व्यवस्था कार्यालयले गर्ने।

घ. उक्त प्रदर्शनीमा सामाजिक विकास डिभिजन कार्यालयको सहयोगमा महिला उद्यमीहरुद्धारा उत्पादित बस्तुको बिक्रीका लागि आवश्यक स्टल/ ढुवानी तथा उनीहरुको दैनिक खाजा खर्च

र एक पटक आउँदा र फर्कंदाको सार्वजनिक यातायातको साधनको भाडा समेत सोही विनियोजित बजेटबाट कार्यालयले भुक्तानी गर्नेगरी औद्योगिक प्रदर्शनीमा सहभागी संख्या निर्धारण गरी सहभागीता गराउने।

ङ. सहभागी संख्या बढी र स्टलको संख्या कम उपलब्ध भएमा सामानको मात्रा र किसिम हेरी एउटै स्टलमा ३ देखि ४ जना उद्यमी महिलाको सहभागिता हुन सक्ने व्यवस्था मिलाउने तर बिक्रीका लागि एउटा स्टलमा एक दिनमा २ जना उद्यमी मात्र बसी छुट्टाछुट्टै रेकर्ड राख्ने व्यवस्था मिलाउने।

च. सहभागीले गरेको सामानको विक्रीको रेकर्ड राख्ने व्यवस्थाका लागि कार्यालयले पूर्व सूचित गर्ने वा एकरुपताका लागि फाराम उपलब्ध गराउने।

छ. सहभागी उद्यमीको दैनिक हाजिरीको व्यवस्था मिलाउने।

५. **कार्यक्रम सञ्चालन स्थान :** १२ जिल्ला।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय :**सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन :** स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धि :**१२ जिल्लाका उद्यमशील महिलाहरुलाई जिल्ला स्तरमै वजार प्रबर्धनमा सहभागीहुने अवसरको साथै प्रोत्साहन प्राप्त भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :**सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली:** सामाजिक विकास डिभिजन कार्यालयले कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी नियमित प्रतिबेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ र सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

## सिमावर्ती क्षेत्रका मधेशी, दलित तथा मुस्लिम महिलाहरुलाई आर्थिक सामाजिक सशक्तिकरणका लागि सामाजिक परिचालन कार्यक्रम

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | जिल्ला | ६ | ६००० | | | | ६ जिल्ला |
| प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन वितरण | | | | | | | |



सुदर्शन वराल
सामाजिक विकास मन्त्री

२. **कार्यक्रमको संक्षिप्त परिचय** : लुम्बिनी प्रदेशको कुल जनसंख्या ४४ लाख ९९ हजार रहेको छ। यो प्रदेश हिमाल, पहाड, तराई(मधेश) जस्तो विविधतायुक्त भौगोलिक संरचनाबाट बनेको छ। लुम्बिनी प्रदेशका १२ जिल्ला मध्ये ६ जिल्ला छिमेकी मूलुक भारतसँग सिमानाका जोडिएका तराई/मधेशका जिल्लाहरु रहेका छन। जुन जिल्लाहरुमा यस प्रदेशको ७२ प्रतिशत जनसंख्याको बसोबास रहेकोछ र बाँकी ६ जिल्लामा जम्मा २८ प्रतिशत जनसंख्या रहेको छ। ७२ प्रतिशत जनसंख्या रहेका जिल्लाहरुमा बसोबास गर्ने नागरिकहरु मध्ये पनि सिमानाका जोडिएका स्थानीयतहमा रहेका नागरिकहरु अत्यन्त पछाडि परेको समुदाय विशेषगरी मधेशी, मुस्लिम तथा दलित समुदायका रहेका छन। यसभित्र पनि महिलाहरुको अवस्था शिक्षा, स्वास्थ्य, रोजगारीका साथै सामाजिक, आर्थिक, राजनीतिक तथा साँस्कृतिक हिसावले झनै कमजोर रहेको छ। घरेलुहिंसा, लैङ्गिक विभेद, अशिक्षा, अन्धविश्वास, बालविवाह, दाईजोप्रथा, मानवबेचबिखन तथा ओसारपसारको समस्याबाट समेत यो क्षेत्र बढी प्रभावित रहेको कुरा सार्वजनिक भएका विभिन्न घटना तथा तथ्याङ्कले देखाउँछ। तसर्थ लुम्बिनी प्रदेश भित्रका सिमावर्ती क्षेत्रका मधेशी, दलित तथा मुस्लिम समुदायका महिलाहरुलाई विकासको मूलप्रवाहमा समाहित गरी उनीहरुको आर्थिक, राजनीतिक तथा सामाजिक सशक्तिकरणका लागि सामाजिक परिचालन कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** : सिमावर्ती क्षेत्रका मधेशी, दलित तथा मुस्लिम समुदायका महिलाहरुलाई आर्थिक, राजनीतिक तथा सामाजिक सशक्तिकरणका माध्यमबाट विकासको मूलप्रवाहमा समाहित गरी उनीहरुको जिवनस्तरमा सुधार ल्याउने र सार्वजनिक क्षेत्रबाट प्रदान गरिने सेवा सुविधामा नागरिकहरुको पहँच बृद्धिकालागि सुसूचित गर्ने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया** :

क. कार्यक्षेत्र भित्रका सिमावर्ती स्थानीय तहसँग आवश्यक समन्वय गरी लक्षित समुह तथा क्षेत्र पहिचान गर्ने।

ख. पहिचान गरिएका क्षेत्रका मधेशी, दलित तथा मुस्लिम समुदायका महिलाहरुको आर्थिक, राजनीतिक तथा सामाजिक सशक्तिकरणका कार्यक्रमहरु तयगरी स्थानीय तहसँग समन्वय र सहकार्यमा सञ्चालन गर्ने।

ग. विपन्न वर्गको विकासकालागि विद्यमान आर्थिक, सामाजिक, साँस्कृतिक तथा अन्य संरचनागत अवरोधहरु हटाई नागरिकहरुको जीवनस्तर माथि उठाउने, सामाजिक पूँजीको निर्माणबाट समुदायहरुलाई आफ्ना समस्याहरु समाधान गर्न सक्षम बनाउने, स्थानीय लोकतन्त्रको संस्थागत विकास र सुशासनको प्रत्याभूती दिने खालका कार्यक्रमहरु सञ्चालन गर्ने।

घ. विद्यमान कानूनहरुको बारेमा अभिमुखीकरण तथा सेवा प्रवाहको सवलीकरणका लागि सुसूचित गर्ने।

ङ. सामाजिक परिचालन कार्यविधि २०७१ ले निर्धारण गरेका कार्यक्रमलाई समेत आधार लिने।



सुदर्शन दहाल
सामाजिक विकास मन्त्री

५. **कार्यक्रम सञ्चालन स्थान** : नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि** : ६ वटा जिल्लाका सिमावर्ती क्षेत्रका मधेशी, दलित तथा मुस्लिम समुदायका महिलाहरुको आर्थिक, राजनीतिक तथा सामाजिक सशक्तिकरणमा टेवा पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** : सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** सामाजिक विकास डिभिजन कार्यालयले कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी नियमित प्रतिबेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ र सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

## उत्कृष्ट महिला सहकारी संस्था पुरस्कार कार्यक्रम

१. **कार्यक्रमको विवरणः**

<table>
<tr><th rowspan="2">खर्च शीर्षक</th><th rowspan="2">इकाई</th><th rowspan="2">लक्ष्य</th><th rowspan="2">विनियोजित वजेट रु. हजारमा</th><th colspan="3">सञ्चालन अवधि</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>द्वितीय चौमासिक</th><th>तृतीय चौमासिक</th></tr>
<tr><td>२२५२२</td><td>जिल्ला/वटा</td><td>१२</td><td>१५००</td><td></td><td></td><td></td><td>मन्त्रालय</td></tr>
<tr><td colspan="8">गुणस्तर परीक्षण</td></tr>
</table>

२. **कार्यक्रमको संक्षिप्त परिचय** : ग्रामीण महिलाहरुको सशक्तिकरणका लागि विभिन्न जिल्लामा महिलाहरुद्धारा नै संचालित सहकारी संस्थाको संस्थागत हित तथा महिला सशक्तिकरणका लागि आर्थिक तथा सामाजिक क्षेत्रमा योगदान पुर्याउने तथा महिला सहकारी संस्थाले आफ्ना सदस्यद्धारा गरिएको औद्योगिक उत्पादन वा उनीहरुले गरेको उत्कृष्ट व्यवसायलाई प्रोत्साहन गर्नका लागि "उत्कृष्ट महिला सहकारी संस्था छनौट सम्बन्धी मापदण्ड, २०७६" बमोजिम उत्कृष्ट महिला सहकारी संस्थालाई पुरस्कारको व्यवस्था यस कार्यक्रम अन्तर्गत गरिएको छ। यो पुरस्कार प्रदेश अन्तर्गतका १२ वटा जिल्लाबाट १/१ वटा महिला सहकारीहरुलाई प्रदान गरिने छ।

सुदर्शन दराल
सामाजिक विकास मन्त्री

३. **कार्यक्रमको उद्देश्य** :महिलाहरुद्धारा संचालित सहकारी संस्थाहरु विच सकारात्मक प्रतिस्प्रर्धा वृद्धि गरी महिला सशक्तिकरणमा योगदान पुर्याउने महिला सहकारी संस्थाहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने ।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. "उत्कृष्ट महिला सहकारी संस्था छनौट सम्बन्धी मापदण्ड, २०७६" को परिमार्जन गर्ने।

ख. स्वीकृत मापदण्ड बमोजिम गत वर्ष पुरस्कृत सहकारी संस्था बाहेकका संस्था मध्येबाट संस्था सिफरिस गरी पठाउनका लागि सामाजिक विकास डिभिजन कार्यालयलाई पत्राचार गर्ने,

ग. प्राप्त सिफारीसका आधारमा मन्त्रालयले अन्तिम मूल्याङ्कन गरी उत्कृष्ट संस्था छनोटको अन्तिम सूची प्रकाशन गर्ने।

घ. छनोट भएको उत्कृष्ट संस्थालाई अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा प्रदेश स्तरमा कार्यक्रम अयोजना गरी पुरस्कृत गर्ने।

५. **कार्यक्रम सञ्चालन स्थानः** १२ जिल्लाका सहकारी संस्थाका प्रतिनिधिहरुको सहभागितामा कुनै एक जिल्लामा प्रदेश स्तरको कार्यक्रम आयोजना हुने।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय :** सामाजिक विकास मन्त्रालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन :** स्वीकृत कार्यक्रमको परिधि भित्र रही मन्त्रालयवाट स्वीकृत मापदण्डका आधारमा प्रति जिल्ला १/१वटा संस्थालाई जनही १ लाखका दरले नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्ने र बाँकी रकमबाट मापदण्ड निर्माण, संस्था छनोट सम्बन्धी बैठक र जिल्लाबाट पुरस्कार लिन सहभागी हुने व्यक्तिको दैनिक तथा भ्रमण खर्च लगायतका शिर्षकमा कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट भन्दा बढी नहुने गरी खर्च गर्नुपर्नेछ।

८. **अपेक्षित उपलव्धि** :प्रदेश अन्तर्गतका १२ वटा जिल्लाबाट १/१ उत्कृष्ट महिला सहकारी संस्था पुरस्कृत भई महिला उद्यमशिलता विकासमा टेवा पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणालीः** सामाजिक विकास मन्त्रालयबाट पुरस्कृत महिला सहकारी संस्थाको विवरण मन्त्रालयको Web Site मार्फत सार्वजनिक गरी सबैलाई जानकारी हुने व्यवस्थाको लागि महाशाखाले समन्वय गर्ने र समग्र प्रगति समेत तयार गरी सामाजिक विकास मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नुपर्नेछ।

सामाजिक विकास मन्त्री

## मानव बेचबिखन तथा लैङ्गिक हिंसा प्रभावितका लागि सञ्चालित सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रमा रहेका महिलाहरुको अवस्था अध्ययन, विश्लेषण र प्रतिबेदन

१. कार्यक्रमको विवरणः

| खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | १ | पटक | ५०० | | | | मन्त्रालय |
| (अध्ययन/ सर्वेक्षण/अनुसन्धान) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचयः** मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी आधिकारिक तथ्यांक उपलब्ध नभएतापनि लुम्बिनी प्रदेशका १२ जिल्लाहरु मध्ये रुपन्देही र बाँके जिल्लालाई मानब बेचबिखन तथा ओसारपसारको Transit जिल्लाको रुपमा लिइन्छ भने अन्य जिल्लामा समेत यसको प्रभाव रहेको प्रहरी कार्यालयको तथ्याङ्कहरुले देखाएको पाईन्छ। बैदेशिक रोजगारी लगायत अन्य विभिन्न कारणले गर्दा यसको स्वरुपमा परिवर्तन आई पहिलाको तुलनामा समस्या घट्नुको साटो अझ बढ्दै गइरहेको पाईन्छ। त्यसैगरी प्रदेश सरकारले लुम्बिनी प्रदेशलाई लैङ्गिक हिंसामुक्त बनाउने नीति लिएको र सोही बमोजिम गैर सरकारी संस्था सँगको साझेदारीमा मानब बेचबिखन तथा ओसारपसार प्रभावितको लागि २ जिल्लामा पुनर्स्थापना केन्द्र र लैङ्गिक तथा घरेलु हिंसा प्रभावित महिलाहरुको लागि १२ वटा जिल्लामा सेवा केन्द्र सञ्चालन गरी पीडित तथा प्रभावितहरुको उद्धार, संरक्षण र पुनर्स्थापना तथा कानूनी सहायता जस्ता सेवा प्रदान गर्दै आएको छ। तसर्थ ती पुनर्स्थापना केन्द्र तथा सेवा केन्द्रबाट प्रदान गरिने सेवाको प्रभावकारिता र मानब बेचबिखन तथा ओसारपसार र लैङ्गिक हिंसा प्रभावितको अवस्था, यसको समस्या, यसको कारण, यसबाट बढी प्रभावित हुने वर्ग लगायतका विषयमा आधारित भएर अध्ययन गरी तथ्याङ्क संकलन, विश्लेषण तथा प्रतिवेदन तयार गर्नको लागि यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** : बाँके र रुपन्देही जिल्लामा प्रदेश सरकारको सहयोग तथा साझेदारीमा मानववेचविखन तथा ओसारपसार प्रभावितका लागि सञ्चालित पुनर्स्थापना केन्द्र र लैङ्गिक तथा घरेलुहिंसा प्रभावितका लागि सञ्चालित सेवा केन्द्रमा रहेका महिलाहरुको अवस्था सम्बन्धी अध्ययन गरी वास्तविक अवस्था पत्ता लगाउने।

४. कार्यक्रम कार्यान्वयन प्रकृया :

क. सम्बन्धित विषय क्षेत्रको अध्ययन विश्लेषण र प्रतिवेदनका लागि प्रचलित कानून बमोजिम दर्ता भएका सूचीकृत संघ संस्थाहरु वा परामर्शदाताबाट प्रस्ताव पेशका लागि सूचना प्रकाशन गर्ने।

ख. प्राप्त प्रस्तावहरु मध्येबाट मापदण्डका आधारमा संस्था छनौट गर्ने।

ग. परामर्शदाताको TOR बनाइ निजसँग संम्झौता गरी सेवा लिने।

घ. कार्यक्रम कार्यन्वयन परामर्श सेवा खरिदबाट गरिनेछ।

**५. कार्यक्रम सञ्चालन स्थान** : रुपन्देही र बाँके।

**६. कार्यक्रम सञ्चालन गर्ने निकाय** : सामाजिक विकास मन्त्रालय।

**७. वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नुपर्नेछ।

**८. अपेक्षित उपलव्धि** : पुनर्स्थापना तथा सेवा केन्द्रमा आश्रित महिलाहरुको अबस्थाबारे जानकारी र भावी नीति तथा योजना तर्जुमामा लागि सुझाव सहितको अध्ययन प्रतिबेदन तयार भएको हुनेछ।

**९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय।

**१०. कार्यक्रमको प्रतिवेदन प्रणाली**: परामर्श दाताले सम्झौतामा उल्लेख गरे अनुसार सामाजिक विकास मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ र सो प्रतिबेदन सामाजिक विकास मन्त्रालयले बार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

**११. खर्च क्षेत्र**: अध्ययन मस्यौदा समितिको खर्च, अन्तरक्रिया गर्दा लाग्ने खर्च, विज्ञबाट पुनरावलोकन खर्च, परामर्शदाताको खर्च, आदि।

## मानव बेचविखन तथा ओसारपसार विरुद्धको अभियान

**१. कार्यक्रमको विवरण**:

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्वितीय चौमासिक | तृतीय चौमासिक | |
| २२५२२ | जिल्ला | १२ | २४०० | | | | १२ जिल्ला |
| (साक्षरता कार्यक्रम) | | | | | | | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

२. **कार्यक्रमको संक्षिप्त परिचय** : मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी जघन्य अपराधको नियन्त्रण गर्न राज्यको अहम भूमिका रहन्छ। राज्य सञ्चालनमा आएको परिवर्तन संगै संघ, प्रदेश र स्थानीय तह बीच आपसी समन्वय र सहकार्यबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नुपर्ने आवश्यक्ता छ। दिनप्रतिदिन मानव बेचबिखन तथा ओसार पसारका आयाम र स्वरुपमा परिवर्तन हुंदै गएकाछन्। नजिकका आफन्तबाट समेत बेचबिखनमा पर्नु, कतिपय पीडितहरु न्यायका लागि राज्य संयन्त्रको सम्पर्कमा आउन नचाहानु, बैदेशिक रोजगारी तथा आप्रवासनलाई व्यवस्थित एवम् मर्यादित बनाउन नसक्नु, होटल तथा सत्कार व्यवसाय, डान्सबार तथा क्याविन रेष्टुरेण्ट, मसाज पार्लरमा कार्यरत महिला तथा किशोरीहरुको यौन शोषण हुन सक्ने सम्भावना विद्यमान रहनु र चेतना र गरिबीको कारण मानव अङ्गको बेचबिखनको अवस्था रहनु जस्ता समस्याले हाम्रो समाजलाई कता डोर्याउंदै छ भन्ने कुरालाई सजिलै आंकलन गर्न सकिन्छ। तसर्थ मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी जनचेतना अभिबृद्धि गर्दै लुम्बिनी प्रदेश लाई मानव बेचबिखन तथा ओसारपसार मुक्त बनाउन सकेमा मानव अधिकारको संरक्षण र लैङ्गिक हिंसा मुक्त प्रदेश निर्माणमा समेत योगदान हुने भएकोले यो कार्यक्रम तय गरिएको हो।

३. **कार्यक्रमको उद्देश्य** : बेचबिखनको जोखिममा रहेका समुदायको सामाजिक सशक्तिकरणका माध्यमबाट संरक्षण गरी सामाजिक न्यायमा पहुंच बृद्धि, मानव अधिकारको संरक्षण र लैङ्गिक हिंसा मुक्त प्रदेश निर्माणमा समेत योगदानपुर्याउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया** :

क. स्थानीयतह एवं सरोकारवाला संघसंस्थासँग स्थानीय तहमै अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

ख. प्रदेश तथा जिल्ला तहमा रहेका सञ्चार माध्यमहरु सँगको सहकार्यमा सूचनामूलक सामाग्री उत्पादन प्रकाशन तथा प्रशारण गर्ने (ब्रोसियर, पेष्टर , पम्प्लेट जिङ्गल, सूचना आदि )।

ग. लैंगिक हिंसा विरूद्ध कार्य गर्ने सरकारी निकायहरूको समेत सहभागिता गराउने।

घ. मानव बेचविखन तथा ओसारपसार विरुद्धको अभियानको व्यापकताको लागि विभिन्न संघ संस्था एवं स्थानीय तहसँग साझेदारी गरी गर्न सकिने।

ङ. सरोकारवालाहरूसँग समन्वय वैठक, अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रमको लागि अवश्यक्तानुसार मन्त्रालयबाट सहजीकरण गर्न सकिने।

च. यो कार्यक्रम सामाजिक संघ संस्था मार्फत नगरी डिभिजन कार्यालयबाटै सञ्चालन हुनेछ।

५. **कार्यक्रम सञ्चालन स्थान** : प्रदेश अन्तर्गतका १२ वटै जिल्ला / स्थानीय तह।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** :सामाजिक विकास डिभिजन कार्यालय।

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** :स्वीकृत बजेटको परिधिभित्र रही आर्थिक कार्यविधि ऐन, नियमावली तथा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको खर्चको मापदण्ड तथा निर्देशिका, २०७५ अनुसार खर्च गरिनेछ तथा मन्त्रालयवाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि :** मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सम्वन्धमा व्यापक प्रचार प्रसारको माध्यमबाट आम जनमानसमा सचेतना अभिबृद्धि भई पीडित प्रभावितको संख्यामा क्रमश कमी आएको हुनेछ र विगतका प्रयासको समीक्षा भइ आगामी दिनमा निरोध, पिडितको संरक्षण सम्बर्द्धन र कानूनी उपचारका लागि सरोकारवालाहरू बीच समन्वय र सहकार्यमा प्रभावकारिता आउनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय :**सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली:** सामाजिक विकास डिभिजन कार्यालयले कार्यक्रम सञ्चालनको मासिक/ चौमासिक/ वार्षिक प्रतिबेदन सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ। मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत उक्त कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

## मानव बेचविखन तथा ओसारपसार प्रभावितका लागि सञ्चालित पुनस्थापना केन्द्र सञ्चालन अनुदान

१. **कार्यक्रमको विवरण:**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्बितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | जिल्ला | २ | १५०० | | | | रुपन्देही र बाँके |
| ( संघ संस्थाहरुलाई दिईने चालु अनुदान) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय :** महिलाको हिंसाविरुद्धका अधिकार,हिंसा पीडितहरुले समाजमा पुन:स्थापना हुने, राज्यबाट संरक्षण पाउने जस्ता अधिकार महिलालाई प्राप्त हुनु पर्दछ भन्ने मान्यता लैङ्गिक न्यायको महत्वपूर्ण पक्ष हो। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण ) ऐन, २०६४ अनुसार कुनै पनि उद्देश्यले मानिसलाई किन्ने वा बेच्ने, कुनै प्रकारको फाइदा लिइ वा नलिइ बेश्यावृत्तिमा लगाउने, प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,बेश्यागमन गर्ने जस्ता कार्यलाई मानब बेचबिखन भनि परिभाषित गरिएको छ। नेपालको संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकारको संरक्षण र सम्बद्धन गर्दै प्रत्येक व्यक्तिलाई शोषण बिरुद्धको हक अन्तर्गत दास वा बाँधा बनाउन र इच्छा विरुद्ध काममा लगाउन नपाईने व्यवस्थाको प्रत्याभूती

गरेको छ। मानव बेचबिखन तथा ओसारपसार बहुआयामिक बहुक्षेत्रगत एवंम्  विश्वव्यापी समस्या भएको हुदा यसको निरोध,  पिडितको संरक्षण सम्बर्द्धन र कानूनी उपचारका लागि सरकारले विगत देखि नै कार्यगर्दै आइरहेको छ। लुम्बिनी प्रदेश मानब बेचबिखन तथा ओसारपसारका दृष्टिकोणले जोखिमयुक्त प्रदेशको रुपमा रहेको छ। यस प्रदेशका १२ जिल्ला मध्ये ६ वटा जिल्लाको भारतसंग जोडिएको र खुला सिमाना भएकोले दुई देशकै नागरिकहरूको दैनिक रुपमा सहज अवागमन हुने गर्दछ। गत आ. व. ०७६।०७७ देखि लुम्बिनी प्रदेशको बाँके र रुपन्देही जिल्लामा गै. स. स. संगको साझेदारीमा मानव बेचविखन तथा ओसारपसार प्रभावितका लागि पुनर्स्थापना केन्द्र संचालनका लागि अनुदान प्रदान गर्दै अइरहेकोमा यस आ.व. ०७७।७८मा समेत निरन्तरता दिने गरी यस कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छ। तसर्थ यस प्रदेशका ठूला नाका भएका साविककै २ जिल्लाबाट बेचबिखन तथा ओसारपसारको क्रममा वा बेचबिखन भइसकेपश्चात पिडित प्रभावितको उद्धार, संरक्षण र उनीहरुको दीर्घकालीन व्यवस्थापनका लागि सीप तथा क्षमता बिकास, न्यायमा पहुंच, जस्ता विषयहरुको संवोधनका लागि निरन्तरता दिन प्रदेश सरकारले यो कार्यक्रमलाई तय गरेको हो।

३. **कार्यक्रमको उद्देश्य** :मानव बेचबिखन तथा ओसारपसरबाट पीडित तथा प्रभावितहरुको उद्धार, संरक्षण, न्यायमा पहुंच र पुनर्स्थापनाका सेवालाई प्रभावकारी बनाउनु।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. साझेदारीमा आधारित पुनर्स्थापना केन्द्र सञ्चालनको लागि प्रदेशस्तरीय मापदण्ड निर्माण गर्ने सो निर्माण नहुंदासम्म प्रचलित संघीय मापदण्ड अनुसार कार्य सञ्चालन गर्ने।

ख. पुनर्स्थापना केन्द्र छनौटका लागि सम्बन्धीत जिल्लाको सामाजिक विकास डिभिजन कार्यालय मार्फत प्रस्ताव आव्हान गर्ने,

ग. मापदण्ड बमोजिम उपयुक्त एक वटा संस्था छनौट गर्ने,

घ. मापदण्ड बमोजिम छनौट भएको संस्थाको साझेदारीमा पुनर्स्थापना केन्द्र सञ्चालन गर्नका लागि कार्यालयले सम्झौता गर्ने,  यसरी सम्झौता गरिएको संस्थाले लुम्बिनी प्रदेश का अन्य जिल्लाबाट रिफर भएर आएका प्रभावित तथा पीडितलाई समेत सेवा प्रदान गर्नुपर्ने।

ङ. सम्झौता बमोजिम आश्रितको संख्या र खर्चका आधारमा मात्र सञ्चालन खर्च उपलब्ध गराउने,

च. साझेदार सेवा प्रदायक संस्थाबाट नियमित रुपमा प्रभावितहरुलाई सेवा प्रदान गर्ने।

छ. मापदण्ड भन्दा विपरितको खर्च कार्यालयले भुक्तानी नगर्ने।

ज. गत आ.व.मा साझेदारी गरिएको संस्थाबाट प्रदान गरिएको सेवा सन्तोषजनक भएमा सोही संस्थालाई प्राथमिकतामा राख्न सकिने।

५. **कार्यक्रम सञ्चालन स्थान** :लुम्बिनी प्रदेशभित्रका २ जिल्ला (रुपन्देही र बाँके )

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय** :सामाजिक विकास डिभिजन कार्यालय र बाट छनोट भएको साझेदार गै. स. स.।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** : स्वीकृत कार्यक्रमको परिधि भित्र रही प्रचलित कानून, मन्त्रालयवाट स्वीकृत पुनर्स्थापना केन्द्र सञ्चालनको लागि प्रदेशस्तरीय मापदण्ड वा सो निर्माण नहुँदा सम्म संघको मापदण्ड बमोजिम कार्यक्रम सञ्चालनका लागि गरिएको शिर्षकगत बजेट बाँडफाँट अनुसार खर्च गर्नुपर्नेछ।

८. **अपेक्षित उपलब्धि** :मानव बेचबिखन तथा ओसारपसार पीडित तथा प्रभावितको उद्धार तथा संरक्षणमा सहयोग पुग्नुको साथै गुणस्तरीय पुनर्स्थापना केन्द्र सञ्चालन भएको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली**: सेवा प्रवाहका लागि छनोट भएको संस्थाले सेवा प्रवाहको अवस्था र सेवा प्राप्त गर्ने पीडित प्रभावितको संख्या सहितको मासिक/ चौमासिक/वार्षिकप्रतिबेदन तोकिएको ढाँचामा सामाजिक विकास डिभिजन कार्यालयलाई, कार्यालयले सो प्रतिबेदन मन्त्रालयमा पठाउनु पर्नेछ। मन्त्रालयले चौमासिक तथा वार्षिक प्रतिवेदन मार्फत उक्त कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

## लैङ्गिक हिंसा / घरेलु हिंसा प्रभावितका लागि सञ्चालित जिल्ला सेवा केन्द्र, सामुदायिक सेवा केन्द्र सञ्चालन अनुदान

१. कार्यक्रमको विवरण:

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | सञ्चालन अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | द्धितीय चौमासिक | तृतीय चौमासिक | |
| २६४१३ | जिल्ला | १२ | ६००० | | | | |
| ( संघ संस्थाहरुलाई दिईने चालु अनुदान) | | | | | | | |

२. **कार्यक्रमको संक्षिप्त परिचय** : सामान्य रुपमा लिङ्गका आधारमा महिला वा पुरुष भएकै कारणले हुने हिंसालाई लैङ्गिक हिंसा भनिन्छ। लैङ्गिक हिंसा / घरेलु हिंसा भित्र शारीरिक, मानसिक, यौनजन्य, सामाजिक, आर्थिक, प्रथा/परम्पराजनित हिंसाहरु पर्दछन्। लैङ्गिक हिंसा / घरेलु हिंसाभएका कारण महिला र बालबालिकाहरुले कतिपय अवस्थामा परिवार र समाज त्याग्नु पर्ने अवस्था हुन्छ भनें कतिपयले यस्तो पीडा सहन नसकेर मृत्युको बाटो रोज्न बाध्य भएका हुन्छन्। घरेलु हिंसा, पारिवारिक बिचलनको एउटा महत्वपुर्ण पाटो हो। नेपाल सरकारको सहयोगमा संकटासन्न अवस्थाका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको तत्काल



सुदर्शन ढकाल
सामाजिक विकास मन्त्री

संरक्षणका लागि गैरसरकारी सेवा– प्रदायक संस्थासँग सम्बन्धनका मापदण्डहरू, २०७४ अनुसार हिंसा प्रभावितहरुका लागि आश्रय सहितको विभिन्न प्रकारका सेवा उपलब्ध गराउन लुम्बिनी प्रदेश अन्तर्गत विभिन्न जिल्लामा अल्पकालिन आश्रयस्थल सहितका सेवा केन्द्रहरु सञ्चालित थिए। यसै विषयलाई मध्यनजर गर्दै लुम्बिनी प्रदेशको आ. व. २०७६/०७७ को बजेट बक्तब्यको बुदा नं ८७ मा महिला बिरुद्ध हुने सवै किसिमका हिंसा, दुर्व्यवहार, भेदभाव र शोषणको अन्त्य गरी घरेलु हिंसामुक्त प्रदेश निर्माणमा जोड दिईएको र यसका लागि १२ वटै जिल्लामा घरेलु हिंसा प्रभावितलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम व्यवस्था गरिएको थियो। तसर्थ ती आश्रय केन्द्रहरुलाई निरन्तरता दिन सेवा केन्द्र सञ्चालन गर्न आवश्यक देखिएको हुँदा प्रदेश सरकारले हिंसा प्रभावितहरुका लागि संचालित अल्पकालिन आश्रयस्थल सहितका सेवा केन्द्र (safe house) संचालन अनुदान कार्यक्रम तय गरेको हो।

३. **कार्यक्रमको उद्देश्यः** लैङ्गिक तथा घरेलु हिंसाबाट पीडित तथा प्रभावित भएका व्यक्ति विशेष गरी महिला र बालबालिकाहरुको संरक्षणको लागि सेवा केन्द्र (safe house) सञ्चालनमा सहयोग पुर्याउने।

४. **कार्यक्रम कार्यान्वयन प्रकृया :**

क. जिल्लामा गैरसरकारी सेवा– प्रदायक संस्थासँग वा महिला विकास सहकारी संस्थासँगको साझेदारीमा सेवा केन्द्र सञ्चालनका लागि एक जिल्लामा एक जिल्ला स्तरीय सेवा केन्द्रको लागि यस आ.व. मा प्रस्ताव आव्हान गर्ने।

ख. प्रदेश सरकारबाट सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड निर्माण गर्ने वा सो तयार नभएमा संघीय सरकारबाट स्वीकृत संकटासन्न अवस्थाका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको तत्काल संरक्षणका लागि गैरसरकारी सेवा– प्रदायक संस्थासँग सम्बन्धनका मापदण्डहरू, २०७४ को आधारमा उपयुक्त संस्था छनौट गर्ने।

ग. नेपाल सरकारबाट विगतमा साझेदारी गरी जिल्ला स्तरीय सेवा निरन्तरता गरिरहेका संस्थाहरुबाट प्रस्ताव परेमा सो संस्थालाई छनौटको प्राथमिकतामा राख्न सकिने।

घ. छनौट भएको संस्थासँग नियमानुसार सम्झौता गरी सम्झौता बमोजिम आश्रितको संख्या र खर्चका आधारमा मात्र सञ्चालन खर्च उपलब्ध गराउने,

ङ. यस अगाडि नै सरकारको सहयोगमा सञ्चालित समुदायिक वा जिल्ला सेवा केन्द्र रहेको संस्था छनौट भएमा सङ्घीय सरकार वा स्थानीय सरकारबाट प्रदान गरिएको सहयोगमा दोहोरो नपर्ने गरी थप अनुदान प्रदान गर्ने।

च. साझेदार सेवा प्रदायक संस्थाबाट नियमित रुपमा प्रभावितहरुलाई सेवा प्रदान गर्ने।

छ. मापदण्ड भन्दा विपरितको खर्च कार्यालयले भुक्तानी नगर्ने।

५. **कार्यक्रम सञ्चालन स्थान :**प्रदेश अन्तर्गतका १२ जिल्लाहरु।

६. **कार्यक्रम सञ्चालन गर्ने निकाय :** सामाजिक विकास डिभिजन कार्यालय।



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

७. **वजेट खर्च तथा वित्तीय व्यवस्थापन** :स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानून, स्वीकृत मापदण्ड एवं कार्यक्रम सञ्चालनका लागि गरिएको शीर्षकगत रकम बाँडफाँट अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सूचना प्रकाशन तथा संस्था छनोट सम्बन्धी प्रक्रियाका लागि समेत यसै बजेटबाट खर्च गर्न सकिनेछ।

८. **अपेक्षित उपलब्धि** : लैङ्गिक तथा घरेलु हिंसाबाट पीडित तथा प्रभावित भएका व्यक्ति ( विशेष गरी महिला तथा बालबालिका ) हरुको तत्काल संरक्षणका लागि १२ जिल्लामा सेवा केन्द्र (safe house) सञ्चालन भई हिंसा प्रभावितहरुको संरक्षण,राहत र पुनर्स्थापनमा सहयोग पुगेको हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय** :सामाजिक विकास मन्त्रालय।

१०. **कार्यक्रमको प्रतिवेदन प्रणाली**: अनुदान प्राप्त गर्ने संस्थाले आर्थिक तथा प्रगति प्रतिवेदन चौमासिक रुपमा सामाजिक विकास डिभिजन कार्यालयमा, कार्यालयले मन्त्रालयमा पेश गर्नुपर्नेछ। सामाजिक विकास मन्त्रालयले वार्षिक प्रतिवेदन मार्फत कार्यक्रमको प्रगति संप्रेषण गर्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# अनुसूची १

## सामाजिक विकास महाशाखाबाट सञ्चालन हुने कार्यक्रमहरू

| सि नं | कार्यक्रमको नाम | खर्च शीर्षक | बजेट (हजारमा) | इकाई | लक्ष्य |
|---|---|---|---|---|---|
| क | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम (वजेटर शीर्षक नं) ३५०००१३ | | | | |
| १. | प्रदेश स्तरीय बाल संरक्षण गृह निर्माण (मास्टर प्लान सहित को डि पि आर निर्माण )(पूँजीगत परामर्श खर्च) | ३११३५ | १००० | पटक | १ |
| २. | प्रदेश / जिल्ला बालक्लब सञ्जालका पदाधिकारीहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी २दिने तालिम(जनचेतना तालीम) | २२५१२ | ३०० | जना | २५ |
| ३. | अन्तर प्रदेश अध्ययन अवलोकन भ्रमण(अध्ययन /सर्वेक्षण /अनुसन्धान) | २२५२२ | ६०० | पटक | १ |
| ४. | प्रदेश र जिल्ला बाल अधिकार समितिको बैठक सञ्चालन तथा व्यवस्थापन(शैक्षिक कार्यक्रम) | २२५२२ | ९६ | पटक | ३ |
| ५. | बाल हेल्पलाइन स्थापना र संचालन अनुदान(संस्था / समितिलाई अनुदान) | २२५२२ | २००० | वटा | १ |
| ६. | सार्वजनिक सेवा / सरकारी सेवामा कार्यरत कर्मचारीहरु का लागि प्रदेश स्तरीय शिशु स्याहार केन्द्रको स्थापना र सञ्चालन(अन्य) | २२५२२ | १००० | वटा | १ |
| ७. | महिला, अपाङ्गता भएका व्यक्ति, वृद्धाश्रममा आश्रित ज्येष्ठ नागरिक हरुको अवस्था अध्ययन, विश्लेषण र प्रतिवेदन(अन्य) | २२५२२ | १५०० | वटा | ३ |
| ८. | बाल उद्धार कोष(अन्य) | २२५२२ | १००० | पटक | १ |
| | कार्यक्रमको जम्मा वजेट | | ७४९६ | | |
| ख | लैंगिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम बजेट (उपशीर्षाक नं ३५०००१५) | | | | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

| | | | | | |
|---|---|---|---|---|---|
| १. | लैङ्गिक हिंसा प्रभावितका लागि प्रदेश स्तरीय दीर्घकालिन पुनर्स्थापना गृह निर्माण( डि पि आर निर्माण समेत )(पूँजीगत परामर्श खर्च) | ३११३५ | १००० | पटक | १ |
| २. | स्थानीय तहका सामाजिक विकास शाखाका कर्मचारीहरुको क्षमता विकास तालिम(कर्मचारी दक्षता बृद्धि तालिम ( प्रमाण पत्र दिने)) | २२५११ | १५०० | पटक | ३ |
| ३. | लैङ्गिक सम्पर्कविन्दुको चौमासिक अन्तरकृया जिल्लास्तर( गोष्ठि तथा कार्यशाला) | २२५१२ | ६०० | पटक | ३६ |
| ४. | महिला, बालबालिका, ज्येष्ट नागरिक, अपाङ्गता,जनजाति, दलित आदिसँग गोष्ठी, अन्तर्क्रिया तथा कानुनी अभिमुखिकरण कार्यक्रम(गोष्ठि तथा कार्यशाला) | २२५१२ | २४०० | पटक | ६ |
| ५. | सुचना शिक्षा सञ्चार प्रदेशस्तर(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | ५०० | वटा | १ |
| ६. | उत्कृष्ट महिला सहकारी संस्था पुरस्कार कार्यक्रम(गुणस्तर परिक्षण) | २२५२२ | २५० | पटक | १ |
| ७. | मानव बेचविखन तथा लंङ्गिक हिंसा प्रभावितका लागि संचालित सेवाकेन्द्र तथा पुनर्स्थापना केन्द्रमा रहेका महिलाहरुको अवस्था अध्ययन विश्लेषण र प्रतिवेदन(अध्ययन /सर्वेक्षण/अनुसन्धान) | २२५२२ | ५०० | पटक | १ |
| | जम्मा बजेट | | ८००० | | |
| | क र ख को जम्मा वजेट | | १५४९६ | | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# अनुसूची २

## सामाजिक विकास डिभिजन कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरु

### क. सामाजिक विकास डिभिजन कार्यालय रुपन्देहीबाट सञ्चालन हुने कार्यक्रमहरु

| सि नं | कार्यक्रमको नाम | खर्च शीर्षक | बजेट (हजारमा) | इकाई | लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | | | | | रुपन्देही | नवलपरासी |
| क | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम (वजेटर शीर्षक नं) ३५०००९१३ | | | | | |
| १. | आपत्कालिन बाल उद्धार सहायता(राहत तथा पुनर्स्थापना /क्षतिपूर्ति कार्यक्रम) | २२५२२ | २०० | २ जिल्ला | | |
| २. | प्रदेश र जिल्ला बाल अधिकार समितिको बैठक सञ्चालन तथा व्यवस्थापन(शैक्षिक कार्यक्रम) | २२५२२ | १९२ | ६ पटक | | |
| ३. | सडक बालबालिकाहरुको उद्धारका लागि संघसंस्थाहरुलाई अनुदान कार्यक्रम(गैरसरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु,धार्मिक संघ संस्थाहरुलाई दिइने चालु अनुदान) | २६४१३ | ५०० | १ संस्था | | |
| ४. | पिछडा वर्गलाई सीपमूलक तालिम संचालन चालु अनुदान(गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइने चालु अनुदान) | २६४१३ | २०० | १ वटा | | |
| ५. | दोभाषे तालिमका लागि बहिरा तथा सुस्त श्रवण संघलाई चालु अनुदान(गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइने चालु अनुदान) | २६४१३ | ५०० | १ पटक | | |
| ६. | सुस्त मनस्थिति बालमन्दिर बुटवललाई विशेष खेलकूद कार्यक्रम संचालन अनुदान(गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक | २६४१३ | ३०० | १ पटक | | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइ ने चालु अनुदान) | | | | | |
| ७. | सि. वि. आर. कार्यक्रम सञ्चालनको लागि सि.वि.आर. संस्था अनुदान कार्यक्रम।(अन्य) | २६४१३ | ४०० | २ जिल्ला | | |
| ८. | वृद्धाश्रमलाई पुजींगत अनुदान(भवन निर्माण ) | २६४२३ | २०० | १ वटा | | |
| ९. | बाल मन्दिर, बाल संरक्षण गृह, बाल कल्याण गृहको पूर्वाधार निर्माण, फर्निचर तथा मर्मत सुधार(भवन निर्माण ) | २६४२२ | १५०० | २ जिल्ला | | |
| | जम्मा वजेट | | ३९९२ | | | |
| ख | लैंगिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम बजेट (उपशीर्षाक नं ३५०००01५) | | | | | |
| १. | एकल महिलाका लागि ३ महिने प्रदेश स्तरीय उद्यमशीलता तथा सीप विकास तालिम (उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | ५०० | २० जना | | |
| २. | दलित, अतिविपन्न समुदायका महिलाहरुको लागि आय आर्जन तथा जीविकोपार्जन तालिम ३ महिने (उद्यमशीलता , रोजगारी मुलक / सशक्तिकरण/ सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | ६०० | २० जना | | |
| ३. | औपचारिक तथा अनौपचारिक क्षेत्रका महिला कामदारको सीप स्तरोन्नती (उद्यमशीलता , | २२५१२ | २५०० | १०० जना | | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | | | | | |
| ४. | महिला खेलकूद (कराते, तेकान्दो,बक्सिङ्ग आदि) तालिम -३ महिने (उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | ३०० | २ जिल्ला | | |
| ५. | महिलाहरुका लागि सीप विकास तालिम ३ महिने जिल्लास्तर (उद्यमशीलता , रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | ३००० | ४० जना | | |
| ६. | दिवसीय कार्यक्रम तथा अभियान कार्यक्रम (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | ३०० | १०/ १० वटा | | |
| ७. | सुचना शिक्षा सञ्चार जिल्लास्तर(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | २०० | २ जिल्ला | | |
| ८. | महिलाद्धारा उत्पादित सामाग्रीको बजार प्रबर्द्धन कार्यक्रम (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | ३०० | २ जिल्ला | | |
| ९. | सीमावर्ती क्षेत्रका मधेशी दलित तथा मुस्लिम महिलाहरुलाई आर्थिक सामाजिक सशक्तिकरणका लागि सामाजिक परिचालन कार्यक्रम (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | २००० | २ जिल्ला | | |
| १०. | मानव बेचविखन तथा ओसारपसार विरुद्धको अभियान (साक्षरता कार्यक्रम) | २२५२२ | ४०० | २ जिल्ला | | |

सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | मानव बेचविखन तथा ओसारपसार प्रभावितका लागि पुनर्स्थापना केन्द्र अनुदान ( रुपन्देही )<br>(गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइने चालु अनुदान) | २६४१३ | ७५० | १ जिल्ला | | |
| १२. | "लैङ्गिक हिंसा घरेलु हिसा प्रभावित महिलाहरुका लागि जिल्ला स्तरीय सेवा केन्द्रलाई सञ्चालन अनुदान<br>(नेपाल सरकारका तर्फबाट संघसंस्थालाई प्रदान गरिने आर्थिक सहायता, पुरस्कार) | २६४१३ | १००० | २ जिल्ला | | |
| | जम्मा बजेट | | १३७५० | | | |
| | क र ख जम्मा | | १७७४२ | | | |

## ख.सामाजिक विकास डिभिजन कार्यालय प्यूठानबाट सञ्चालन हुने कार्यक्रमहरु

| सि नं | कार्यक्रमको नाम | खर्च शीर्षक | बजेट ( हजारमा) | इकाई | लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | | | | | प्यूठान | रोल्पा |
| क | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम (बजेटर शीर्षक नं) ३५०००१३ | | | | | |
| १. | ज्येष्ठ नागरिक देश दर्शन कार्यक्रम(राहत तथा पुनर्स्थापना / क्षतिपूर्ति कार्यक्रम) | २२५२२ | २५० | १ पटक | | |
| २. | आपत्कालिन बाल उद्धार सहायता(राहत तथा पुनर्स्थापना / क्षतिपूर्ति कार्यक्रम | २२५२२ | २०० | २ जिल्ला | | |
| ३. | जिल्ला बाल अधिकार समितिको बैठक सञ्चालन तथा व्यवस्थापन(शैक्षिक कार्यक्रम) | २२५२२ | १९२ | ३/३ पटक | | |
| ४. | सि. वि. आर. कार्यक्रम सञ्चालनको लागि सि. वि.आर. संस्था अनुदान कार्यक्रम।(अन्य) | २६४१३ | ४०० | २ जिल्ला | | |



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | वृद्धाश्रमलाई पुजींगत अनुदान(भवन निर्माण ) | २६४२३ | २०० | १ जिल्ला | | |
| ६. | बाल मन्दिर, बाल संरक्षण गृह, बाल कल्याण गृह को पूर्वाधार निर्माण, फर्निचर तथा मर्मत सुधार( भवन निर्माण ) | २६४२२ | १२० | २ जिल्ला | | |
| | जम्मा वजेट | | २४४२ | | | |
| ख | लैंगिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम बजेट (उपशीर्षक नं ३५००००१५) | | | | | |
| १. | दलित, अतिविपन्न समुदायका महिलाहरुको लागि आय आर्जन तथा जीविकोपार्जन तालिम ३ महिने (उद्यमशीलता, रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम ) | २२५१२ | १५०० | २० जना | | |
| २. | औपचारिक तथा अनौपचारिक क्षेत्रका महिला कामदारको सीप स्तरोन्नती(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | १००० | ४० जना | | |
| ३. | महिला खेलकूद (कराते, तेकान्दो,बक्सिङ्ग आदि ) तालिम - ३ महिने(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | ३०० | २ जिल्ला | | |
| ४. | महिलाहरुका लागि सीप विकास तालिम ३ महिने जिल्लास्तर (उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | १५०० | २० जना | | |



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | दिवसीय कार्यक्रम तथा अभियान कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | ३०० | १०/१० वटा | | |
| ६. | सुचना शिक्षा सञ्चार जिल्लास्तर(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | २०० | २ जिल्ला | | |
| ७. | महिलाद्धारा उत्पादित सामाग्रीको बजार प्रबर्द्धन कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | ३०० | २ जिल्ला | | |
| ८. | मानव बेचविखन तथा ओसारपसार विरुद्धको अभियान(साक्षरता कार्यक्रम) | २२५२२ | ४०० | २ जिल्ला | | |
| ९. | "लैङ्गिक हिंसा घरेलु हिसा प्रभावित महिलाहरुका लागि जिल्ला स्तरीय सेवा केन्द्रलाई सञ्चालन अनुदान (नेपाल सरकारका तर्फबाट संघ संस्थालाई प्रदान गरिने आर्थिक सहायता, पुरस्कार) | २६४१३ | १००० | २ जिल्ला | | |
| | जम्मा बजेट | | ६५०० | | | |
| | क र ख को जम्मा | | ८९४२ | | | |

**ग.सामाजिक विकास डिभिजन कार्यालय पाल्पाबट सञ्चालन हुने कार्यक्रमहरु**

| सि नं | कार्यक्रमको नाम | खर्च शीर्षक | बजेट ( हजारमा) | इकाई | लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | | | | | पाल्पा | गुल्मी |
| क | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम (वजेटर शीर्षक नं) ३५०००१३ | | | | | |
| १. | प्रादेशिक बाल क्लब सञ्जालको चौमासिक बैठक (गोष्ठि तथा कार्यशाला) | २२५१२ | २५० | १ पटक | | |
| २. | ज्येष्ठ नागरिक देश दर्शन कार्यक्रम(राहत तथा पुनर्स्थापना / क्षतिपूर्ति कार्यक्रम) | २२५२२ | २५० | १पटक | | |



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | आपत्कालिन बाल उद्धार सहायता(राहत तथा पुनर्स्थापना /क्षतिपूर्ति कार्यक्रम) | २२५२२ | २०० | २जिल्ला | | |
| ४. | प्रदेश र जिल्ला बाल अधिकार समितिको बैठक सञ्चालन तथा व्यवस्थापन(शैक्षिक कार्यक्रम) | २२५२२ | १९२ | ३/३पटक | | |
| ५. | वृद्धाश्रमलाई चालु अनुदान (गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइने चालु अनुदान) | २६४१३ | ४०० | २जिल्ला | | |
| ६. | अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना केन्द्र सञ्चालन अनुदान(गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइने चालु अनुदान) | २२४१३ | ५०० | १ जिल्ला | | |
| ७. | सि. वि. आर. कार्यक्रम सञ्चालनको लागि सि.वि. आर. संस्था अनुदान कार्यक्रम।(अन्य) | २६४१३ | ४०० | २जिल्ला | | |
| ८. | वृद्धाश्रमलाई पुजींगत अनुदान(भवन निर्माण ) | २६४२३ | २०० | १ वटा | | |
| ९. | बाल मन्दिर, बाल संरक्षण गृह, बाल कल्याण गृहको पूर्वाधार निर्माण, फर्निचर तथा मर्मत सुधार(भवन निर्माण ) | २६४२२ | ५०० | १ जिल्ला | | |
| १० | अपाङ्गता सहायता सामग्रीहरु निशुल्क वितरण ( आशा अपाङ्ग केन्द्र गुल्मी र अपाङ्ग सशक्तिकरण तथा संचार केन्द्र ( DEC ) बाँके) (फर्निचर तथा फिक्चर्स) | २६४२३ | ५०० | १ जिल्ला | | |
| | जम्मा वजेट | | ३४९२ | | | |
| ख | लैंगिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम बजेट (उपशीर्षाक नं ३५०००१५) | | | | | |
| १. | दलित, अतिविपन्न समुदायका महिलाहरुको लागि आय आर्जन तथा जीविकोपार्जन तालिम ३ महिने (उद्यमशीलता , | २२५१२ | १५०० | २० जना | | |



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | | | | | |
| २. | औपचारिक तथा अनौपचारिक क्षेत्रका महिला कामदारको सीप स्तरोन्नती(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | १००० | ४० जना | | |
| ३. | महिला खेलकूद (कराते, तेकान्दो,बक्सिङ्ग आदि) तालिम - ३ महिने(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम ) | २२५१२ | ३०० | २ जिल्ला | | |
| ४. | महिलाहरुका लागि सीप विकास तालिम ३ महिने जिल्लास्तर(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम | २२५१२ | १५०० | २० जना | | |
| ५. | दिवसीय कार्यक्रम तथा अभियान कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | ३०० | १०/ १० वटा दिवस | | |
| ६. | सुचना शिक्षा सञ्चार जिल्लास्तर(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | २०० | २ जिल्ला | | |
| ७. | महिलाद्धारा उत्पादित सामाग्रीको बजार प्रबर्द्धन कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | ३०० | २ जिल्ला | | |
| ८. | मानव बेचविखन तथा ओसारपसार विरुद्धको अभियान (साक्षरता कार्यक्रम) | २२५२२ | ४०० | २ जिल्ला | | |
| ९. | "लैङ्गिक हिंसा घरेलु हिसा प्रभावित महिलाहरुका लागि जिल्ला स्तरीय सेवा केन्द्रलाई सञ्चालन अनुदान | २६४१३ | १००० | २ जिल्ला | | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (नेपाल सरकारका तर्फबाट संघसंस्थालाई प्रदान गरिने आर्थिक सहायता, पुरस्कार) | | | | | |
| | जम्मा बजेट | | ६५०० | | | |
| | क र ख को जम्मा | | ९९९२ | | | |

## घ.सामाजिक विकास डिभिजन कार्यालय बाँकेबाट सञ्चालन हुने कार्यक्रमहरु

| सि नं | कार्यक्रमको नाम | खर्च शीर्षक | बजेट (हजारमा) | इकाई | लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | | | | | बाँके | बर्दिया |
| क | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम (वजेटर शीर्षक नं) ३५०००१३) | | | | | |
| १. | अपाङ्गता भएका व्यक्तिहरुलाई १ महिने सीपमूलक तालिम(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | ५०० | २०जना | | |
| २. | प्रादेशिक बाल क्लब सञ्जालको चौमासिक बैठक (गोष्ठि तथा कार्यशाला) | २२५१२ | २५० | १ पटक | | |
| ३. | आपत्कालिन बाल उद्धार सहायता(राहत तथा पुनर्स्थापना /क्षतिपूर्ति कार्यक्रम) | २२५२२ | २०० | २ जिल्ला | | |
| ४. | प्रदेश र जिल्ला बाल अधिकार समितिको बैठक सञ्चालन तथा व्यवस्थापन(शैक्षिक कार्यक्रम) | २२५२२ | १९२ | ३/३ पटक | | |
| ५. | बालश्रम, बाल दुर्व्यवहार र बाल विवाह विरुद्धको सामाजिक परिचालन कार्यक्रम(शैक्षिक कार्यक्रम) | २२५२२ | १००० | २जिल्ला | | |
| ६. | सडक बालबालिकाहरुको उद्धारका लागि संघसंस्थाहरुलाई अनुदान कार्यक्रम (गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइने चालु अनुदान) | २६४१३ | ५०० | १ संस्था | | |



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना केन्द्र सञ्चालन अनुदान(गैर सरकारी<br>सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइने चालु अनुदान) | २६४१३ | ५०० | १ संस्था | | |
| ८. | सि. वि. आर. कार्यक्रम सञ्चालनको लागि सि.वि. आर. संस्था अनुदान कार्यक्रम।(अन्य) | २६४१३ | ४०० | २जिल्ला | | |
| ९. | वृद्धाश्रमलाई पुर्जीगत अनुदान(भवन निर्माण ) | २६४२३ | २०० | १ संस्था | | |
| १०. | बाल मन्दिर, बाल संरक्षण गृह, बाल कल्याण गृह को पूर्वाधार निर्माण, फर्निचर तथा मर्मत सुधार( भवन निर्माण ) | २६४२२ | १५०० | २ वटा जिल्ला | | |
| ११. | अपाङ्गता सहायता सामग्रीहरु निशुल्क वितरण( आशा अपाङ्ग केन्द्र गुल्मी र<br>अपाङ्ग सशक्तिकरण तथा संचार केन्द्र ( DEC) बाँके)(फर्निचर तथा फिक्चर्स | २६४२३ | ५०० | १ जिल्ला | | |
| | जम्मा | | ५७४२ | | | |
| ख | लैंगिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम बजेट (उपशीर्षक नं ३५००००१५) | | | | | |
| १. | दलित, अतिविपन्न समुदायका महिलाहरुको लागि आय आर्जन तथा जीविकोपार्जन तालिम ३ महिने(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण<br>/ सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | १५०० | २० जना | | |
| २. | औपचारिक तथा अनौपचारिक क्षेत्रका महिला कामदारको सीप स्तरोन्नती(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | २५०० | १०० जना | | |
| ३. | महिला खेलकूद (कराते, तेकान्दो,बक्सिङ्ग आदि ) तालिम -<br>३ महिने(उद्यमशीलता ,रोजगारी मुलक / सश | २२५१२ | ३०० | २ जिल्ला | | |



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | | | | | |
| ४. | महिलाहरुका लागि सीप विकास तालिम ३ महिने जिल्लास्तर(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम | २२५१२ | ३००० | ४० जना | | |
| ५. | दिवसीय कार्यक्रम तथा अभियान कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | ३०० | १०/१० वटा | | |
| ६. | सुचना शिक्षा सञ्चार जिल्लास्तर(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | २०० | २ जिल्ला | | |
| ७. | महिलाद्धारा उत्पादित सामाग्रीको बजार प्रबर्द्धन कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | ३०० | २ जिल्ला | | |
| ८. | सीमावर्ती क्षेत्रका मधेशी दलित तथा मुस्लिम महिलाहरुलाई आर्थिक सामाजिक सशक्तिकरणका लागि सामाजिक परिचालन कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | २००० | २ जिल्ला | | |
| ९. | मानव बेचविखन तथा ओसारपसार विरुद्धको अभियान(साक्षरता कार्यक्रम) | २२५२२ | ४०० | २ जिल्ला | | |
| १०. | मानव बेचविखन तथा ओसारपसार प्रभावितका लागि पुनर्स्थापना केन्द्र अनुदान ( रुपन्देही र बाँके )(गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइने चालु अनुदान) | २६४१३ | ७५० | १ संस्था | | |
| ११. | "लैङ्गिक हिंसा घरेलु हिसा प्रभावित महिलाहरुका लागि जिल्ला स्तरीय सेवा केन्द्रलाई सञ्चालन | २६४१३ | १००० | २ जिल्ला | | |



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुदान(नेपाल सरकारका तर्फबाट संघसंस्थालाई प्रदान गरिने आर्थिक सहायता, पुरस्कार) | | | | | |
| | | जम्मा | १२२५ | | | |
| | क र ख को जम्मा | | ६९६७ | | | |

## ङ. सामाजिक विकास डिभिजन कार्यालय दाङबाट सञ्चालन हुने कार्यक्रमहरु

| सि नं | कार्यक्रमको नाम | खर्च शीर्षक | बजेट (हजारमा) | इकाई | लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | | | | | दाङ | रुकुम पूर्व |
| क. | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम (वजेटर शीर्षक नं) ३५०००१३ | | | | | |
| १. | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका लागि १ महिने सीप विकास तालिम(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | ५०० | जना २० | | |
| २. | प्रादेशिक बाल क्लब सञ्जालको चौमासिक बैठक( गोष्ठि तथा कार्यशाला) | २२५१२ | २५० | १ पटक | | |
| ३. | अपाङ्गता भएका व्यक्तिबाट उत्पादित वस्तु तथा सामग्रि बिक्रि केन्द्र स्थापना तथा सञ्चालन(राहत तथा पुनर्स्थापना /क्षतिपूर्ति कार्यक्रम) | २२५२२ | ५०० | १ वटा | | |
| ४. | आपत्कालिन बाल उद्धार सहायता(राहत तथा पुनर्स्थापना /क्षतिपूर्ति कार्यक्रम) | २२५२२ | २०० | २ जिल्ला | | |
| ५. | प्रदेश र जिल्ला बाल अधिकार समितिको बैठक सञ्चालन तथा व्यवस्थापन(शैक्षिक कार्यक्रम) | २२५२२ | १९२ | पटक ३/३ | | |
| ६. | वृद्धाश्रमलाई चालु अनुदान(गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइने चालु अनुदान) | २६४१३ | ३०० | १ वटा | | |



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना केन्द्र सञ्चालन अनुदान(गैर  सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइने चालु अनुदान) | २६४१३ | ५०० | १ वटा | | |
| ८. | सि. वि. आर. कार्यक्रम सञ्चालनको लागि सि.वि. आर. संस्था अनुदान  कार्यक्रम।(अन्य) | २६४१३ | ४०० | २जिल्ला | | |
| ९. | वृद्धाश्रमलाई पुजींगत अनुदान(भवन निर्माण ) | २६४२३ | २०० | १ पटक | | |
| १०. | बाल मन्दिर, बाल संरक्षण गृह, बाल कल्याण गृह को पूर्वाधार निर्माण,  फर्निचर तथा मर्मत सुधार( भवन निर्माण ) | २६४२२ | १२०० | १ जिल्ला | | |
| ११. | जम्मा वजेट | | ४२४२ | | | |
| ख | लैंगिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम  बजेट (उपशीर्षाक नं ३५००००१५) | | | | | |
| १. | दलित, अतिविपन्न समुदायका महिलाहरुको लागि आय आर्जन तथा  जीविकोपार्जन तालिम ३ महिने (उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | १५०० | १पटक | | |
| २. | औपचारिक तथा अनौपचारिक क्षेत्रका महिला कामदारको सीप  स्तरोन्नती(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | २००० | ८०जना | | |
| ३. | महिला खेलकूद (कराते, तेकान्दो,बक्सिङ्ग आदि) तालिम - ३  महिने(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा  क्षमता अभिवृद्धि तालिम) | २२५१२ | ३०० | २ जिल्ला | | |
| ४. | महिलाहरुका लागि सीप विकास तालिम ३ महिने जिल्लास्तर(उद्यमशीलता  ,रोजगारी मुलक / स | २२५१२ | ३०००० | २ जिल्ला | | |



सुदर्शन बराल
सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | | | ४० जना | | |
| ५. | दिवसीय कार्यक्रम तथा अभियान कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | ३०० | १०/ १० वटा | | |
| ६. | सुचना शिक्षा सञ्चार जिल्लास्तर(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | २०० | २ जिल्ला | | |
| ७. | महिलाद्धारा उत्पादित सामाग्रीको बजार प्रबर्द्धन कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | ३०० | २ जिल्ला | | |
| ८. | सीमावर्ती क्षेत्रका मधेशी दलित तथा मुस्लिम महिलाहरुलाई आर्थिक सामाजिक सशक्तिकरणका लागि सामाजिक परिचालन कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | १००० | १ जिल्ला | | |
| ९. | मानव बेचविखन तथा ओसारपसार विरुद्धको अभियान(साक्षरता कार्यक्रम) | २२५२२ | ४०० | २ जिल्ला | | |
| १०. | "लैङ्गिक हिंसा घरेलु हिसा प्रभावित महिलाहरुका लागि जिल्ला स्तरीय सेवा केन्द्रलाई सञ्चालन अनुदान(नेपाल सरकारका तर्फबाट संघसंस्थालाई प्रदान गरिने आर्थिक सहायता, पुरस्कार) | २६४१३ | १००० | २ जिल्ला | | |
| | जम्मा बजेट | | १०००० | | | |
| | क र ख को जम्मा | | १४२४२ | | | |

## च.सामाजिक विकास डिभिजन कार्यालय कपिलवस्तुबाट सञ्चालन हुने कार्यक्रमहरु

| सि नं | कार्यक्रमको नाम | खर्च शीर्षक | बजेट (हजारमा) | इकाई | लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | | | | | कपिलवस्तु | अर्घाखाँची |
| क | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम (वजेटर शीर्षक नं) ३५०००१३ | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | अपाङ्गता भएका व्यक्तिहरुलाई १ महिने सीपमूलक तालिम(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | ५०० | १ पटक | | |
| २. | आपत्कालिन बाल उद्धार सहायता(राहत तथा पुनर्स्थापना /क्षतिपूर्ति कार्यक्रम) | २२५२२ | २०० | २ जिल्ला | | |
| ३. | प्रदेश र जिल्ला बाल अधिकार समितिको बैठक सञ्चालन तथा व्यवस्थापन(शैक्षिक कार्यक्रम) | २२५२२ | १९२ | ३/३ पटक | | |
| ४. | बालश्रम, बाल दुर्व्यवहार र बाल विवाह विरुद्धको सामाजिक परिचालन कार्यक्रम(शैक्षिक कार्यक्रम) | २२५२२ | १००० | १ जिल्ला | | |
| ५. | वृद्धाश्रमलाई चालु अनुदान(गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइने चालु अनुदान) | २६४१३ | ३०० | १ वटा | | |
| ६. | सि. वि. आर. कार्यक्रम सञ्चालनको लागि सि.वि.आर. संस्था अनुदान कार्यक्रम।(अन्य) | २६४१३ | ४०० | २ जिल्ला | | |
| ७. | वृद्धाश्रमलाई पुर्जीगत अनुदान(भवन निर्माण ) | २६४२३ | २०० | १ संस्था | | |
| ८. | जम्मा वजेट | | २७९२ | | | |
| ख | लैंगिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम बजेट (उपशीर्षाक नं ३५०००१५) | | | | | |
| १. | दलित, अतिविपन्न समुदायका महिलाहरु को लागि आय आर्जन तथा जीविकोपार्जन तालिम ३ महिने(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण | २२५१२ | १५०० | २० जना | | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | | | | | |
| २. | औपचारिक तथा अनौपचारिक क्षेत्रका महिला कामदारको सीप स्तरोन्नती(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | ४००० | ४० जना | | |
| ३. | महिला खेलकूद (कराते, तेकान्दो,बक्सिङ्ग आदि) तालिम - ३ महिने(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | ३०० | २ जिल्ला | | |
| ४. | महिलाहरुका लागि सीप विकास तालिम ३ महिने जिल्लास्तर (उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | २२५१२ | ३००० | ४० जना | | |
| ५. | दिवसीय कार्यक्रम तथा अभियान कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | ३०० | १०/ १० वटा | | |
| ६. | सुचना शिक्षा सञ्चार जिल्लास्तर(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | २०० | २ जिल्ला | | |
| ७. | महिलाद्धारा उत्पादित सामाग्रीको बजार प्रबर्द्धन कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | २२५२२ | ३०० | २ जिल्ला | | |
| ८. | सीमावर्ती क्षेत्रका मधेशी दलित तथा मुस्लिम महिलाहरुलाई आर्थिक सामाजिक सशक्तिकरणका लागि सामाजिक परिचा | २२५२२ | १००० | १ जिल्ला | | |

सुदर्शन ... सामाजिक विकास मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लन कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | | | | | |
| ९. | मानव बेचविखन तथा ओसारपसार विरुद्ध को अभियान(साक्षरता कार्यक्रम) | २२५२२ | ४०० | २ जिल्ला | | |
| १०. | "लैङ्गिक हिंसा घरेलु हिसा प्रभावित महिला हरुका लागि जिल्ला स्तरीय सेवा केन्द्र लाई सञ्चालन अनुदान(नेपाल सरकारका तर्फबाट संघसंस्थालाई प्रदान गरिने आर्थिक सहायता, पुरस्कार) | २६४१३ | १००० | २ जिल्ला | | |
| | जम्मा बजेट | | ९००० | | | |
| | क र ख को जम्मा | | ११७९२ | | | |

## छ. भवन तथा शहरी विकास कार्यालय रुपन्देहीबाट सञ्चालन हुने कार्यक्रमहरु

| सि नं | कार्यक्रमको नाम | खर्च शीर्षक | बजेट ( हजारमा) | इकाई | लक्ष्य |
|---|---|---|---|---|---|
| क | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम (वजेटर शीर्षक नं) ३५०००१३ | | | | |
| १. | साझेदारीमा प्रदेश स्तरीय सुविधा सम्पन्न अपाङ्गता ग्राम निर्माण (बहुवर्षीय )(भवन निर्माण ) | ३१११२ | ५००० | वटा | १ सैनामैना रुपन्देही |
| २. | साझेदारीमा प्रदेश स्तरीय सुविधा सम्पन्न ज्येष्ठ नागरिक ग्राम निर्माण ( बहुवर्षीय ) (भवन निर्माण ) | ३१११२ | ५००० | वटा | १ सैनामैना रुपन्देही |
| ३. | | | १०००० | | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

# अनुसूची -३

## दिवसीय तथा अभियान कार्यक्रमको सूची

| सि.नं. | दिवसको नाम | दिवसको मिति | कैफियत |
|---|---|---|---|
| १. | मानब बेचबिखन तथा ओसारपसार बिरुद्धको राष्ट्रिय दिवस | भाद्र २० गते | |
| २. | राष्ट्रिय बाल दिवस, | भाद्र २९ गते | |
| ३. | अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस | अक्टोवर १ | |
| ४. | अन्तर्राष्ट्रिय बाल अधिकार दिवस | नोभेम्वर २० | |
| ५. | अन्तर्राष्ट्रिय अपाङ्गता दिवस | डिसेम्वर ३ | |
| ६. | लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान | नोभेम्वर २५ देखि डिसेम्वर १० सम्म | |
| ७. | अन्तर्राष्ट्रिय महिला दिवस | मार्च ८ | |
| ८. | राष्ट्रिय महिला अधिकार दिवस | जेष्ठ १६ | |
| ९. | जातीय छुवाछुत विरुद्धको दिवस | ज्येष्ठ २१ | |
| १०. | बाल श्रम विरूद्धको अन्तर्राष्ट्रिय दिवस | जुन १२ | |

सुदर्शन बराल
सामाजिक विकास मन्त्री